# देवचुली नगरपालिकको शिक्षा क्षेत्र योजना
# (२०८०-२०८९)
## (पुनरावलोकन तथा अद्यावधिक – २०८२/०८३)

देवचुली नगरपालिका

प्रगतिनगर,  नवलपरासी (बर्दघाट सुस्ता पूर्व), नवलपरासी

# हाम्रो भनाइ

दिगो विकासका लक्ष्य प्राप्तिका लागि नेपाल सरकारले गरेको प्रतिवद्धता जाहेर गरेको छ । पन्ध्रौँ आवधिक योजना (२०१९/२०२०-२०२३/२४) विद्यालय शिक्षा क्षेत्र योजना (२०२१-२०३०) दिगो विकास लक्ष्य सन् २०३० ले परिलक्षित गरेका शिक्षाका उद्देश्यहरू हासिल गर्ने गरी सवै विकासका कार्यक्रमहरू सञ्चालन हुँदै आएको सन्दर्भ विद्यमान रहेको छ । यसरी गरिएका प्रतिवद्धताहरू पूरा गर्ने दायित्व  सबै तहका सरकारहरूमा रहने गर्छ । यसै सन्दर्भमा सङ्घीय एवम् प्रदेश तहबाट मार्गदर्शन एवम् योजनाका खाकाहरू उपलब्ध  गराइँदै आएको छ । सघीय गणतन्त्रात्मक शासन प्रणाली स्थापना भए पश्चात् स्थानीय सरकारलाई माध्यमिक तहसम्मको शिक्षा व्यवस्थापन गर्ने जिम्मेवारी संविधानले प्रदान गरेको छ । शिक्षाको सञ्चालन तथा व्यवस्थापन तीन ओटै तहको साझा अधिकारमा परेको हुँदा उचित समन्वय तथा सहकार्यमा शैक्षिक योजना विकास तथा कार्यान्वयन गर्नु पर्ने अवस्था विद्यमान छ ।

स्थानीय तहको सरकार गठन भए पश्चात् क्षेत्रगत रूपमा आवधिक एवम् दीर्घकालिन योजनाहरू निर्माण एवम् कार्यान्वयनको गरी शैक्षिक पहुँच गुणस्तर तथा व्यवस्थापनमा प्रभावकारिता ल्याउने अभ्यास प्रारम्भ भएका छन् । यसै सन्दर्भमा देवचुली  नगरपालिकाको आर्थिक, सामाजिक, भोगोलिक तथा पर्यावरणीय परिवेश समेतलाई आधार बनाइ यो शिक्षा योजना विकासको कार्य गरिएको छ । साथै योजना विकासमा विद्यमान शिक्षा क्षेत्रका सूचकहरूको अवस्थालाई पूर्णरूपमा ध्यानमा राखिएको छ ।

यो योजना निर्माणमा स्थानीय समुदायस्तरमा छलफल एवम् परामर्श गरिएको थियो । त्यसै गरी विगतमा कार्यान्वयन गरिएका कार्यक्रमहरूको नतिजा एवम् प्राप्तिहरूलाई विश्लेषण गरिएको थियो । विगतका कार्यक्रमहरूको प्रभावकारिता तथा त्यस्ता कार्यक्रमबाट हासिल भएका सिकाइहरूको समीक्षा गरी योजना तयार गर्ने कार्य सम्पन्न गरिएको हो । यो योजनाको सफल कार्यान्वयनबाट नगरपालिकालाई शिक्षा क्षेत्रको वार्षिक योजना तथा बजेट तर्जुमा  गर्ने मुख्य आधारका रूपमा रहने छ ।  यसबाट नतिजामुखी अनुगमन तथा मूल्याङ्कनकार्यलाई सस्थागत गर्न र प्रभावकारी बनाइ निर्धारित लक्ष्यमा पुग्न  योजना एक अचुक साधनका रूपमा रहने अपेक्षा गरिएको छ ।

यो योजनाको लेखन कार्यमा प्राविधिक सहयोग गर्नु हुने  शिक्षा विद  डा. आनन्द पौडेलप्रति हार्दिक धन्यवाद प्रकट गर्न चाहन्छौ । स्थानीय तहको शिक्षा योजना निर्माणसम्बन्धी मार्गदर्शन, २०७९ (परिमार्जित संस्करण, २०८१) अनुसार शिक्षा योजनालाई अद्यावधिक गर्नुहुने डा. शालिकराम पौड्याल र डा. प्रेमप्रसाद तिवारीप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछौँ ।

यस योजनाको मस्यौदा तयार गर्ने क्रममा आफ्ना अमूल्य सुझाव तथा निर्देशन प्रदान गर्नु हुने देवचुली नगरपालिकाका जनप्रतिनिधिज्यूहरू, प्रमुख प्रशासकीय अधिकृत, शिक्षा शाखा प्रमुख तथा शिक्षा अधिकृत सहित नगरपालिकाका सम्पूर्ण कर्मचारीहरू प्रति हामी हार्दिक आभार प्रकट गर्दछौ ।  साथै यस योजना दस्तावेज तयार गर्ने क्रममा आफ्नो अमूल्य सुझाव प्रदान गर्नु हुने वडा अध्यक्षज्यूहरू,  विद्यालय प्रधानाध्यापकज्यूहरू, शिक्षकहरू, पत्रकारज्यूहरू, अभिवाकज्यूहरू लगायत अन्य सबै सरोकारवालाहरू प्रति हामी हार्दिक आभार व्यक्त गर्दछौ ।

# विषयसूची

## Contents


परिच्छेद १ .......... 1

परिचय .......... 1

१.५ नगरपालिकाको सामान्य परिचय .......... 5

१.५.१ जलवायु .......... 6

१.५.२ धार्मिक तथा ऐतिहासिक स्थानहरू .......... 6

१.५.३ सांस्कृतिक पक्षहरू .......... 6

१.५.४ प्रमुख नदी र तालहरू .......... 7

१.५.५ राजनैतिक तथा प्रशासनिक विभाजन .......... 7

१.५.६ जनसाङ्ख्यिकी .......... 7

१.५.७ आर्थिक तथा सामाजिक पक्ष .......... 8

१.६ शैक्षिक अवस्था .......... 8

१.६.१ शैक्षिक सस्थाहरूको विवरण .......... 9

१.६.२ वडागत विद्यालय विवरण .......... 9

१.६.३ विद्यार्थी विवरण २०७९ .......... 11

१.६.४ शिक्षक दरवन्दी विवरण .......... 12

१.६.५ विद्यालय-विद्यार्थी अनुपात (तह अनुसार) पालिका तह .......... 12

१.६.६ विद्यार्थी-शिक्षक अनुपात (तह अनुसार) .......... 13

१.६.७ शैक्षिक पहुँच .......... 14

१.६.८ लैङ्गिक समता सूचकाङ्क (खुद भर्ना दरमा) .......... 15

१.६.८ साक्षरता .......... 15

१.६.९ महिला शिक्षक .......... 15

१.६.१० कक्षागत विद्यार्थी विवरण .......... 16

१.६.११ सिकाइ उपलब्धिको अवस्था .......... 17

१.६.१२ भौतिक अवस्था .......... 18

१.७ विगतको योजनाका प्रगति समीक्षा .......... 19

परिच्छेद २ .......... 20

नयाँ शिक्षा क्षेत्र योजना - दीर्घकालीन सोच, गन्तव्य/मार्गचित्र ..... 20
२.६ अनुगमन र मूल्याङ्कन ..... 22
परिच्छेद ३ ..... 23
शिक्षाका क्षेत्रहरू ..... 23
३.२ आधारभूत शिक्षा ..... 25
३.३ माध्यमिक शिक्षा ..... 28
विशेष सुझाव: ..... 30
३.४ प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकास तथा तालिम ..... 30
३.५ पाठ्यक्रम / पाठ्यसामग्री ..... 32
कार्यान्वयनका लागि विशेष सुझावहरू: ..... 34
३.६ शिक्षक व्यवस्थापन र विकास ..... 35
थप कार्यान्वयनका लागि विशेष सुझावहरू: ..... 37
३.७ विद्यालय व्यवस्थापन ..... 38
कार्यान्वयनका लागि विशेष सुझावहरू: ..... 40
३.८ अनौपचारिक तथा वैकल्पिक शिक्षा ..... 41
थप कार्यान्वयनका लागि विशेष सुझावहरू: ..... 43
३.१० समावेशी शिक्षा ..... 43
कार्यान्वयनका लागि विशेष सुझावहरू: ..... 46
३.११ शैक्षिक गुणस्तर ..... 46
थप कार्यान्वयनका लागि विशेष सुझावहरू: ..... 48
३.१२ शिक्षामा सूचना सञ्चार र प्रविधिको प्रयोग ..... 49
कार्यान्वयनका लागि विशेष सुझावहरू: ..... 51
३.१३ आपतकालीन शिक्षा ..... 52
कार्यान्वयनका लागि विशेष सुझावहरू: ..... 54
परिच्छेद ४ ..... 55
संस्थागत संरचना र क्षमता विकास ..... 55
कार्यान्वयनका लागि विशेष सुझावहरू: ..... 58
४.६ संस्थागत संरचना ..... 59

४.६.१ प्रमुख कार्यक्रम तथा भौतिक लक्ष्य ..... 60
४.६.२ अपेक्षित उपलब्धिहरू (Expected Outcomes) ..... 60
थप कार्यान्वयनका लागि सुझावहरू: ..... 61
परिच्छेद पाँच ..... 62
लगानी र स्रोत व्यवस्थापन ..... 62
कार्यान्वयनका लागि विशेष सुझावहरू: ..... 64
परिच्छेद छ: योजना तर्जुमा, अनुगमन तथा मूल्याङ्कन र समन्वय ..... 65
६.१ योजना तर्जुमा ..... 65
६.१.१ समस्याहरू ..... 65
६.१.२ चुनौतीहरू ..... 66
६.१.३ अवसरहरू ..... 66
६.१.४ सोच ..... 66
६.१.५ लक्ष्य ..... 66
६.१.६ उद्देश्य ..... 66
६.१.७ रणनीतिहरू ..... 67
६.१.८ कार्यनीतिहरू ..... 67
६.१.९ अपेक्षित उपलब्धि ..... 68
६.२ अनुगमन तथा मूल्याङ्कन ..... 68
कार्यान्वयनका लागि विशेष सुझाव: ..... 71
६.३ समन्वय र सहकार्य ..... 71
कार्यान्वयनका लागि विशेष सुझावहरू: ..... 72
७.१ **रणनीतिक योजना र सरोकारवालाको भूमिका** ..... 73
सन्दर्भ सामग्रीहरु ..... 111

# परिच्छेद १
# परिचय

## १.१ पृष्ठभूमि

नेपालको संविधानको सफल कार्यान्वयनसँगै मुलुक संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीमा रूपान्तरण भएपश्चात् राज्यको पुनर्संरचना र शक्ति सन्तुलनमा व्यापक परिवर्तन आएको छ। हाल देशमा सङ्घ, प्रदेश र स्थानीय तह गरी तीनै तहका सरकारहरू आआफ्नो अधिकार क्षेत्रभित्र क्रियाशील छन्। नेपालको संविधानको धारा ३१ ले शिक्षासम्बन्धी हकलाई मौलिक हकको रूपमा सुनिश्चित गरेको छ। उक्त संवैधानिक व्यवस्थाअनुसार प्रत्येक नागरिकलाई शिक्षामा समतामूलक पहुँचको हक हुने र राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हकको ग्यारेन्टी गरिएको छ। यसका साथै फरक क्षमता (अपाङ्गता) भएका, आर्थिक रूपले विपन्न, महिला, दलित, आदिवासी जनजाति, मधेसी, मुस्लिम, सीमान्तकृत, लोपोन्मुख तथा पिछडिएको क्षेत्र र वर्गलगायत राज्यको मूलधारमा समेटिन नसकेका सम्पूर्ण नागरिकलाई कानुनबमोजिम निःशुल्क उच्च शिक्षा पाउने र नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्नो मातृभाषामा शिक्षा प्राप्त गर्ने तथा त्यसका लागि विद्यालय र शैक्षिक संस्था स्थापना र सञ्चालन गर्न पाउने अधिकार संविधानले प्रदान गरेको छ।

अन्तर्राष्ट्रिय स्तरमा प्रतिबद्धता जनाइएको संयुक्त राष्ट्रसङ्घको दिगो विकास लक्ष्य (SDG) को लक्ष्य नं. ४ ले समावेशी, समतामूलक तथा गुणस्तरीय शिक्षा सबैका लागि उपलब्ध गराउने र आजीवन सिकाइलाई प्रवर्द्धन गर्ने कुरामा जोड दिएको छ। सोहीअनुरूप नेपालको अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ ले वि.सं. २०८५ सम्ममा सबै नागरिकलाई अनिवार्य रूपमा आधारभूत तहसम्मको शिक्षामा पहुँच पुर्‍याउने र साक्षर बनाउने कानुनी व्यवस्था गरेको छ। नेपालको संघीय शासन प्रणाली कार्यान्वयनसँगै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद-३, दफा ११ (२) को उपदफा (ज) बमोजिम आधारभूत तथा माध्यमिक तहको शिक्षासम्बन्धी २३ वटा महत्त्वपूर्ण अधिकारहरू स्थानीय तहमा हस्तान्तरण भएका छन्। जसअन्तर्गत प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक र निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षासम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन गर्ने प्रमुख जिम्मेवारी स्थानीय सरकारलाई सुम्पिएको छ।

शिक्षा ऐन, २०२८, शिक्षा नियमावली, २०५९ र संघीय सरकारद्वारा जारी राष्ट्रिय शिक्षा नीति, २०७६ का नीतिगत मार्गदर्शनहरूको मर्मअनुसार स्थानीय तहको शैक्षिक प्रशासनलाई सुव्यवस्थित, उत्तरदायी र नतिजामुखी बनाउनु आजको मुख्य आवश्यकता हो। यसै सन्दर्भमा, संघीय सरकारको विद्यालय शिक्षा क्षेत्र योजना (SESP), शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा जारी **स्थानीय तहको शिक्षा योजना निर्माणसम्बन्धी मार्गदर्शन, २०७९ (परिमार्जित संस्करण, २०८१)** को मार्गनिर्देशनलाई मूल आधार बनाउँदै देवचुली नगरपालिकाले आफ्नो विशिष्ट भौगोलिक अवस्था, सामाजिक संरचना, आर्थिक परिसूचक, सांस्कृतिक विविधता तथा स्थानीय आवश्यकता, समस्या र सम्भावनाहरूलाई सम्बोधन गर्ने गरी यो **स्थानीय शिक्षा क्षेत्र योजना** तर्जुमा गरेको छ।

नगरपालिका अन्तर्गतका शिक्षा सम्बन्धी विद्यमान समस्या र चुनौतीहरूको पहिचान गर्न विभिन्न चरणमा सरोकारवालाहरूको कार्यशाला, अन्तर्क्रिया तथा परिपक्व गोष्ठीहरू सञ्चालन गरिएका थिए। शिक्षाप्रेमी, जनप्रतिनिधि, शिक्षक, अभिभावक र स्थानीय विज्ञहरूको प्रत्यक्ष एवं अर्थपूर्ण सहभागितामा तयार पारिएको यो योजना शिक्षामा पहुँच, सहभागिता, समता, गुणस्तर तथा सुशासन सुनिश्चित गर्ने एक अकाट्य र महत्त्वपूर्ण साधन हो। यस योजनामा समाविष्ट रणनीतिक स्तम्भहरूको अक्षरसः कार्यान्वयन गर्न र देवचुली नगरपालिकालाई शैक्षिक रूपमा उत्कृष्ट एवं समृद्ध बनाउन शिक्षासँग सरोकार राख्ने सबै निकाय, विद्यालय र नागरिक समाजको भूमिका अग्रणी रहनेछ। गुणस्तरीय र प्रविधिमैत्री शिक्षाको विकासमार्फत प्रतिस्पर्धी र सीपयुक्त जनशक्ति तयार गरी "सुखी नेपाली, समृद्ध नेपाल" को राष्ट्रिय आकांक्षालाई स्थानीय स्तरबाटै साकार पार्न यो शिक्षा योजनाले कोशेढुङ्गाको रूपमा उल्लेख्य भूमिका खेल्नेछ।

## १.२ अवधारणा र सन्दर्भ

नेपालको संविधानको धारा ३१ मा शिक्षालाई मौलिक हकका रूपमा उल्लेख गरिएको छ । शिक्षामा पहुँच वढाउन र शिक्षालाई नि:शुल्क र अनिवार्य बनाउने सम्बन्धी धारा ३१ को उपधारा १ र २ मा व्यवस्था गरेको छ । त्यसैगरी उपधारा ३, ४ र ५ मा  क्रमश: फरक क्षमता भएका र आर्थिक रूपले विपन्न, जनजाति, मुस्लिम, दलित, सिमान्तकृत, पिछडा वर्ग, लोपोन्मुख समुदायका नागरिकलाई कानुन बमोजिम निःशुल्क उच्च शिक्षा पाउने, नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था स्थापना र सञ्चालन गर्न पाउने हक हुने जस्ता शिक्षा सम्बन्धी मौलिक हकको प्रत्याभूत गरेको छ ।

नेपाल सरकारले विद्यालय शिक्षामा सबैको समतामुलक पहुँच सुनिश्चित गर्नका साथै गुणस्तर सुधारका निमित्त विगतमा सात वर्षे विद्यालय क्षेत्र सुधार योजना कार्यान्वयनमा ल्याएको थियो । यस योजनाबाट प्राप्त उपलब्धिलाई संस्थागत गर्न र विद्यालय शिक्षाका विविध सकारात्मक प्रयासहरूलाई निरन्तरता दिन तथा शिक्षाका नवीन कार्यक्रमहरूको प्रस्तावसहित २०७३  साउनदेखि २०८० असार (सन् २०१६ जुलाईदेखि २०२३ जुलाई) सम्मको सात वर्षे विद्यालय क्षेत्र विकास योजना निर्माण गरिएको छ । योजनाको प्रथम पाँच वर्ष २०७३ साउनदेखि २०७८ असार (सन् २०१६ देखि २०२१) सम्मका लागि स्रोतसहितको कार्ययोजना तयार गरिएको छ । वि.सं. २०७९ (सन् २०२२) सम्ममा नेपाललाई विकासशील राष्ट्रका रूपमा स्तरोन्नति गर्ने राष्ट्रिय दूरदृष्टिलाई आत्मसात् गर्दै शिक्षा मन्त्रालयको नेतृत्वमा सहभागितामूलक पद्धतिबाट यस योजनाको तर्जुमा गरिएको हो । दिगो विकासका लक्ष्य हासिल गरी वि.सं. २०८७ (सन् २०३०) सम्ममा नेपाललाई मध्यम आय भएको मुलुकको स्तरमा रूपान्तरणको लक्ष्य हासिल गर्ने महत्वपूर्ण साधनका रूपमा पनि यस योजनालाई हेरिएको छ । साविकका उपलब्धि, सिकिएका पाठहरू तथा सबैका लागि शिक्षाको राष्ट्रिय कार्ययोजना (सन् २००१–२०१५) अन्तर्गत सञ्चालन गरिएका सबैका लागि शिक्षा कार्यक्रम (सन् २००४–२००९) र विद्यालय क्षेत्र सुधार कार्यक्रम (सन् २००९–२०१६) का एकीकृत कार्यसूचीहरू यस योजनाका प्रमुख मार्गदर्शक हुन् । राष्ट्रिय शिक्षा नीति,२०७६ ले नेपालको संविधानमा निर्दिष्ट गरिएका शिक्षासम्बन्धी मौलिक हक, राज्यको पुनःसंरचना र अधिकारको बाँडफाँट, मुलुकको आर्थिक सामाजिक रुपान्तरणका एजेण्डा, दिगो विकास लक्ष्यप्रति नेपालको प्रतिबद्धता, पन्ध्रौं योजनाको आधारपत्र, सन् २०२२ भित्र अति कम विकसितबाट विकासशील राष्ट्र बन्ने लक्ष्य तथा सन् २०३० सम्म मध्यम आय भएको राष्ट्रका रूपमा स्तरोन्नति गर्ने राष्ट्रिय सङ्कल्प नै नयाँ शिक्षा नीति तर्जुमाका मूल

आधार मानिएको छ। शिक्षा प्राप्त गर्ने प्रत्येक व्यक्तिको आधारभूत मौलिक हकलाई व्यवहारमा कार्यान्वयन गर्न, सङ्घीय लोकतान्त्रिक गणतन्त्रको मान्यता अनुरुप शिक्षामा सबैको सरल, सहज र समतामूलक पहुँच सुनिश्चित गर्न एवं शिक्षालाई सर्वव्यापी, जीवनोपयोगी, प्रतिस्पर्धी एवं गुणस्तरयुक्त बनाउन यो नयाँ शिक्षा नीति आवश्यक पर्दछ। सङ्घीय ढाँचा अनुरूप सरकारका तीन वटै तहमा शिक्षा प्रशासन प्रभावकारी एवं नतिजामूलक ढङ्गले सञ्चालन गरी जनताको शिक्षा प्राप्तिको अधिकार सुनिश्चित गर्नका लागि समयानुकुल शिक्षा नीतिको जरुरत पर्दछ। शिक्षा क्षेत्रका नीतिहरूलाई एकीकृत र संहिताबद्ध गरी एकीकृत राष्ट्रिय शिक्षा नीतिको खाँचो पूरा गर्ने ध्येयले यो राष्ट्रिय शिक्षा नीति तर्जुमा गर्नु परेको कुरा उल्लेख गरेको छ।

अनिवार्य तथा नि: शुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ शिक्षा प्राप्त गर्ने प्रत्यक व्यक्तिको आधारभतू मानव अधिकार एवं संविधानमा प्रदत्त मैलिक हकलाई व्यवहारमा कार्यन्वयन गरी शिक्षालाई लोकतान्त्रिक मूल्य मान्यततमा आधारित समाजवाद उन्मखु राष्ट्र निर्माणमा केन्द्रित गर्दै शिक्षामा सबैको सहज एवं समतामूलक पहुँचु र निरन्तरता सुनिश्चित गरी शिक्षालाई सर्वव्यापी जीवनोयोगी, प्रतिस्पर्धा एवं गुणस्तरीय वनाउनका लागि अनिवार्य तथा नि:शुल्क र अनिवार्य शिक्षाको व्यवस्था गरेको र यस सम्वन्धि नियमावली, २०७७ ले परिच्छेद -६ सम्म व्यवस्था गरेको छ।

दिगो विकासको लक्ष्य २०३० मा शिक्षा सम्वन्धि लक्ष्य ४ मा समावेशी तथा न्यायोचित र गुणात्मक शिक्षा सुनिश्चित गर्दै सबैका लागि जीवनपर्यन्त सिकाइका अवसरहरू प्रवर्धन गर्ने दिगो विकास लक्ष्य ४ अन्तर्गतः

(क) सन् २०३० सम्ममा सबै छात्रछात्राहरूलाई सान्दर्भिक साथै सिकाइका सकारात्मक परिणामहरू प्राप्त हुन सकुन् भन्ने उद्देश्यले नि:शुल्क, न्यायोचित तथा गुणात्मक प्राथमिक र माध्यमिक शिक्षाको सुनिश्चितता गर्ने,

(ख) सबै छात्र छात्राहरूलाई प्राथमिक शिक्षाको लागि तयार गर्न गुणस्तरीय प्रारम्भिक बालविकास, हेरचाह र पूर्वप्राथमिक शिक्षामा उनीहरूको पहुँच सुनिश्चित गर्ने,

(ग) क्षमताले धान्न सकिने तथा गुणस्तरीय प्राविधिक, व्यावसायिक र विश्वविद्यालय सम्मकै शिक्षामा सबै महिला र पुरुषहरूको समान पहुँचको सुनिश्चितता गर्ने,

(घ) रोजगारी, मर्यादित जागिर र उद्यमशीलताको निम्ति प्राविधिक एवम् व्यावसायिक दक्षता लगायतका सान्दर्भिक सिप र दक्षता भएका युवा र वयस्कहरूको सङ्ख्या वृद्धि गर्ने र

(ङ) शिक्षामा लैङ्गिक असमानताहरूको अन्त्य गर्ने र कमजोर अवस्थामा रहेका मानिसहरूको लागि शिक्षा र व्यावसायिक तालिमका सबै तहहरूमा समान पहुँचको सुनिश्चितता गर्ने जस्ता परिमाणात्मक लक्ष राखेको छ। यसरी शिक्षको समग्र विकासका लागि विभिन्न क्षेत्रसँग सहकार्य गर्दै स्थानीय तहको जनशक्ती र आवश्यकतालाइ समेटी कार्यन्वयन गर्दा अझ प्रभावकारी हुने देखिन्छ।

शैक्षिक क्षेत्रको विकेन्द्रिकरण सँगसँगै नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय सरकार सञ्चालनका लागि अधिकार प्रत्यायोजन गरेको छ। सोही अनुसार अधारभुत शिक्षा र माध्यमिक तहको शिक्षा स्थानीय सरकारको अधिकार क्षेत्रभित्र परेकोले शैक्षिक योजना वनाइ सोको कार्यान्वयन गर्नका लागि महत्वपुर्ण रहेको

छ। स्थानीय सरकार सञ्चालन एन भित्र पर्ने शीक्षा सम्वन्धि २३ वटा अधिकार व्यवस्था गरेको छ नितिगत व्यवस्थामा सुधार भएको, निशुल्क र अनिवार्य शिक्षा लागु ,शिक्षामा लगानि वृद्धि, विद्यालयको संस्थागत संरचनामा सुधार भएको देखिन्छ।

नेपाल आफैंमा विविधतायुक्त देश हो। नेपालमा सयभन्दा बढी जातजाति र भाषाभाषी, विविध धर्मावलम्बी र संस्कृति छन्। नेपालमा भौगोलिक विविधतामा आधारित सांस्कृतिक र सामाजिक विविधता पनि विद्यमान रहेको छ। यो विविधतामा अनेकौं सौन्दर्यता पनि लुकेकोछ। विधितामा एकता नेपाली समाजको विशेषता हो। विविधताको सौन्दर्यतालाई राष्ट्रिय भावनामा बदल्न सके मात्र विविधताले सकारात्मक परिणाम दिन सक्छ। सकारात्मक परिणाम दिन सक्ने गरी गरिएको व्यवस्थापन अहिलेको आवश्यकता हो। विविधता नेपाल राज्यको मौलिक पहिचान हो। यसैले विविधताको व्यवस्थापन नेपालको सन्दर्भमा समेत सामयिक बन्ने गरेको छ।

## १.३ शिक्षा योजना निर्माणको औचित्य

संघीय शासन प्रणालीअन्तर्गत संघ, प्रदेश र स्थानीय तहमा निर्माण हुने शिक्षा योजनाहरूबिच नीतिगत सामञ्जस्य, लम्बीय समन्वय र कार्यान्वयनमा एकरूपता कायम गर्न यो योजना कोशेढुङ्गा सावित हुनेछ। यसले स्रोतसाधनको मितव्ययी र प्रभावकारी उपयोग सुनिश्चित गर्दै शिक्षा क्षेत्रमा हुने दोहोरोपन र अन्योलता जस्ता समस्याहरूलाइ न्यूनीकरण गर्न मद्दत पुर्याउनेछ।

साथै, विद्यालय शिक्षा क्षेत्रमा साझा विषयहरूमा लागत साझेदारी, अन्तर–सरकारी समन्वय, सहकार्य र साझेदारीलाइ प्रभावकारी बनाइँदै शैक्षिक सुशासनलाइ संस्थागत गर्न यस योजनाको विशेष औचित्य रहेको छ। यसले नगरपालिकाभित्रका विद्यालयहरूमा स्रोत वितरणको समानता, सेवा प्रवाहको प्रभावकारिता तथा गुणस्तरीय शिक्षाको पहुँच विस्तारमा सहयोग पुर्याउने अपेक्षा गरिएको छ।

देवचुली नगरपालिकाको स्थानीय सन्दर्भ, भौगोलिक विविधता, सामाजिक संरचना तथा शैक्षिक चुनौतीहरूलाइ सम्बोधन गर्दै समावेशी, गुणस्तरीय, उत्तरदायी र दिगो शिक्षा प्रणाली विकास गर्नु यस योजनाको मूल औचित्य हो। यस योजनाले नगरपालिकाको समग्र मानव विकास, सामाजिक रूपान्तरण र स्थानीय समृद्धिमा दीर्घकालीन योगदान पुर्याउने विश्वास लिइएको छ।

## १.४ शिक्षा योजना निर्माणका आधार

देवचुली नगरपालिकाको शिक्षा क्षेत्र योजना तर्जुमा गर्दा नेपालको विद्यमान संवैधानिक, कानूनी, नीतिगत तथा योजनागत प्रावधानहरूलाइ मूल आधारका रूपमा ग्रहण गरिएको छ। यस योजना निर्माणको प्रमुख उद्देश्य स्थानीय तहको शिक्षा प्रणालीलाइ समावेशी, गुणस्तरीय, उत्तरदायी तथा दिगो बनाइँदै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धतासँग समन्वय गर्नु रहेको छ।

यस योजनाको तर्जुमा प्रक्रियामा निम्न आधारभूत दस्तावेज, नीति तथा मार्गदर्शनहरूलाइ मुख्य सन्दर्भ सामग्रीका रूपमा उपयोग गरिएको छः

१. नेपालको संविधान

२. सोह्रौँ आवधिक योजना

३. स्थानीय सरकार सञ्चालन ऐन, २०७४

४. सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसबन्ध) ऐन, २०७६/२०७७,

५. अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ तथा प्रचलित विद्यालय शिक्षासम्बन्धी ऐन, नियमावली र निर्देशिकाहरू
६. विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan) तथा सिकाइ आपूरण र द्रुत सिकाइ योजना
७. राष्ट्रिय शिक्षा नीति, २०७६ तथा शिक्षाको सोचपत्र, २०७९
८. विद्यालय शिक्षामा समता रणनीति
९. दिगो विकास लक्ष्य (SDGs) राष्ट्रिय कार्यढाँचा
१०. स्थानीय तहको योजना तर्जुमा निर्देशिका, २०७८
११. स्थानीय तहको विकास योजना तथा मध्यमकालीन खर्च संरचना
१२. राष्ट्रिय जनगणना, २०७८ को प्रतिवेदन
१३. विद्यालय सुधार योजना (SIP) तथा नमूना विद्यालय विकास योजना
१४. स्थानीय तहको शिक्षा योजना विश्लेषण रूपरेखा (CSE द्वारा विकसित)
१५. सरकारी तथा गैरसरकारी संघसंस्थाद्वारा सञ्चालित शिक्षासम्बन्धी कार्यक्रम, प्रतिवेदन तथा सिकाइ दस्तावेजहरू

यसका अतिरिक्त, शिक्षा क्षेत्रलाइ अन्य विकास क्षेत्रहरूसँग अन्तरसम्बन्धित रूपमा हेर्दै कृषि, स्वास्थ्य, पूर्वाधार विकास, सामाजिक सुरक्षा तथा बाल संरक्षणसँग सम्बन्धित स्थानीय योजनाहरूलाइ समेत सन्दर्भ सामग्रीका रूपमा लिइएको छ। योजना निर्माण गर्दा बालमैत्री, अपाङ्गमैत्री, लैङ्गिक समानतामूलक, समावेशी तथा विपद् एवं जलवायु परिवर्तनप्रति उत्थानशील शिक्षा प्रणाली निर्माण गर्ने पक्षलाइ विशेष प्राथमिकता दिइएको छ । यसरी, स्थानीय आवश्यकता, तथ्यमा आधारित विश्लेषण तथा नीति–कानूनी प्रावधानहरूको समुचित समायोजनमार्फत यो शिक्षा योजना तयार गरिएको हो ।

## १.५ नगरपालिकाको सामान्य परिचय

देवचुली नगरपालिका देशको मध्य भागमा अवस्थित रहेको छ । नवलपरासी जिल्लाको नवलपुर क्षेत्रमार यो नगरपालिका अवस्थित छ । साविकका दिव्यपुरी, देवचुली र प्रगतिनगर तथा रजहर गा.वि.स. समावेश भई यो नगरपालिका गठन भएको हो। विश्वमान चित्रमा यो नगरपालिकाको अवस्थिति ८४८ डिग्री ५५ देखि ८४डिग्री १५’५१“ पूर्वी देशान्तरसम्म र २७डिग्री ३९’२“ देखि २७डिग्री ४६’३६“ उत्तरी अक्षांशसम्म फैलिएको छ। देवचुली नगरपालिका नेपालको राजधानी शहर काठमाण्डौँबाट करिव १५० कि.मी.को दुरीमा र गण्डकी प्रदेशको राजधानी पोखराबाट करिब १५५ कि.मी.को दुरीमा देशकै मध्य भागमा अवस्थित गण्डकी प्रदेशकै एकमात्र समथर भू–भाग हो। यो भित्रि मधेशमा पर्ने नवलपरासी (बर्दघाट सुस्ता पूर्व जिल्लाको नवलपुर क्षेत्रमा रहेको छ। नगरपलिकाको कुल क्षेत्रफल ११२.७२ वर्ग कि.मी रहेको छ। यसको पूर्वमा गैंडाकोट नगरपालिका, पश्चिममा हुप्सेकोट गाँउपालिका र कावासोती नगरपालिका, उत्तरमा बुलिङटार गाँउपालिका र दक्षिणमा चितवन राष्ट्रिय निकुञ्ज पर्दछन्। पूर्वी सिमानाको रुपमा नेपालको एक मात्र पूर्व पश्चिम (महेन्द्र) राजमार्गमा रहेको झराही खोला पश्चिमी सिमानामा सोही राजमार्गको लोकाहा खोला, उत्तरमा १९३८ मिटर उचाईको देवचुली डाँडा र दक्षिणमा पवित्र नारायणी नदी रहेको छ।

देवचुली नगरपालिका प्रथम पटक साविकका दिव्यपुरी, देवचुली र प्रगतिनगर गा.वि.स.लाई समावेश गरी नेपाल सरकार मन्त्रीपरिषद्को मिति २०७१ वैशाख २५ को निर्णयानुसार घोषित नगरपालिका हो। पछि मिति २०७३ फागुन २७ को नेपाल सरकारको निर्णयबाट साविक रजहर गा.वि.स. यस नगरपालिकामा समावेश भै गठन भएको नगरपालिका हो। हाल यस नगरपालिकामा १७ वटा वडा रहेका छन्।

### १.५.१ जलवायु

यस नगरपलिकाको जलवायु उष्ण प्रक्रितिको छ। सामान्यतया यो समथर भूभागमा रहेकाले भित्री मधेस सँग मेल खाने जलवायु रहेको छ। विश्व परिवेशमा भइ रहेको भूमइडलिय जलवायु परिवर्तनका कारण यो नगरपालिकामा पनि मौसममा फेरवदल हुने, वर्षा समयमा र नियमित नहुने, मौसमी फलफूल तथा तरकारीमा फेरबदल हुने, अतिवृष्टि, अनावृष्टि, हुरीबतास हुने आदि असर देखा परेका छन्। । तापमानका पक्षबाट गर्मी समयमा औषत ३५ डिग्री सेल्सियस र जाडोको समयमा औषत ५ देखि १५ डिग्रीका बीच रहने गर्छ। प्राकृतिक सम्पदा अन्तर्गत स्थानीय स्तरमा उपलब्ध जमिन, वन, वनस्पति, वन्यजन्तु, जडिबुटी, खानी तथा खनिज, नदी, खोला, ताल, हिमाल, झर्ना, जलाधार क्षेत्र, सिमसार, निकुञ्ज, आरक्ष तथा संरक्षित क्षेत्र आदि पर्ने भएता पनि यस नगरपालिकामा मूलत नदीनालाहरूको बढी बाहुल्यता रहेको छ।

### १.५.२ धार्मिक तथा ऐतिहासिक स्थानहरू

विभिन्न ऐतिहासिक, धार्मिक, साँस्कृतिक एवं पुरातात्विक महत्वका स्थलहरू रहेको यो नगरपालिकामा गहनाको रुपमा रहेका विभिन्न ऐतिहासिक स्थानहरू छन्। महाराजा मन्दिर, दुर्गा मन्दिर, गणेश मन्दिर, देवचुली डाँडा गुफा, तीनकन्या माई, सेनचेन च्याम्लीङ गुम्बा, सी.जी. सास्वत धाम, पृथ्वी बौद्ध विहारलगायत विभिन्न मठ मन्दिर तथा यहाँको लोक सँस्कृति आदि प्रमुख हुन्। यी स्थानहरूलाई व्यवस्थित गर्न सकेको खण्डमा निश्चित रुपले आन्तरिक तथा बाह्य पर्यटकहरूलाई आकर्षण गर्न सकिन्छ। यसबाट थप आर्थिक अवसरहरू सिर्जना गर्न सकिने देखिन्छ।

### १.५.३ सांस्कृतिक पक्षहरू

यस नगरपालिकामा प्रायजसो सबै जातजातीहरूको बसोबास रहेको छ। सबै जातीहरूले आफनो मौलिक परम्परा र संस्कृति अनुरूपका चाडपर्वहरू विशेष मनाउँदै आएका छन्। जातीगत कला, संस्कृति जगेर्ना र प्रवर्धन एवं मौलिक भेषभुषाको प्रयोग समेत उत्साहका साथ गर्ने गरेका छन्। मुख्य रुपमा ब्राह्मण, मगर, क्षेत्री जातजातीको बसोबास रहेको पाईन्छ। यस नगरपालिकामा नेवार, तामाङ, गुरुङ लगायतका जनजातीको साथै तराईका आदीवासी मध्ये मुख्य मानिने थारु जातीको उलेख्य बसोबास रहेकोमा वोटे, माझी, मुसहर र मुसलमान समुदाय समेत बस्दछन्। मगर जातीको कौरा नाच र थारु जातीको लाठी नाँच यहाँका विशेष लोक दृश्य नृत्य हुन्। यसैगरी वोटे र माझी समुदायका संस्कृति झल्कने रहनसहनको संरक्षण र प्रवर्धनमा सम्बन्धित जातजाती एवं होमस्टेको समेत महत्वपूर्ण भुमिका रहदैं आएको छ। यसरी विविधतायुक्त समाज र संस्कृति भएता पनि एक अर्काप्रतिको धार्मिक तथा सांस्कृतिक सहिष्णुता यहाँको सुन्दर पक्ष हो।

### १.५.४ प्रमुख नदी र तालहरू

यस नगरपालिकाका प्रमुख नदीनालाहरूमा नारायणी नदी, लोकाहा खोला, मुकुण्डे खोला, वगाहा खोला, आँपचौर खोला,बोलाहा खोला, ककरदाहा खोला, भुव्या खोला, भर्लाङ्गी खोला र झरही खोला प्रमुख रहेका छन् । यी नदीनालाहरूको उच्चतम  प्रयोग गरी सिँचाइ का लागि उपयोग गर्न र अन्य व्यावसायिक खेती गर्नका लागि पनि प्रशस्त सम्भाबनाहरु रहेका छन् ।

### १.५.५ राजनैतिक तथा प्रशासनिक विभाजन

देवचुली नगरपालिका प्रथम पटक साविकका दिव्यपुरी, देवचुली र प्रगतिनगर गा.वि.स.लाई समावेश गरी नेपाल सरकार मन्त्रीपरिषद्को मिति २०७१ वैशाख २५ को निर्णयानुसार घोषित नगरपालिका हो । पछि मिति २०७३ फागुन २७ को नेपाल सरकारको निर्णयबाट साविक रजहर गा.वि.स. यस नगरपालिकामा समावेश भै गठन भएको नगरपालिका हो । हाल यस नगरपालिकामा १७ वटा वडा रहेका छन् ।

### १.५.६ जनसाङ्ख्यिकी

देवचुली नगरपालिकाको जनसाङ्खिकीको अवस्थालाई तलको तालिकामा  प्रस्तुत गरिएको छ ।

जनसाङ्ख्यिकीः  तालिका नं १

| जनसङ्ख्याको अवस्था | | | | | |
|---|---|---|---|---|---|
| क्र.सं. | उमेर समूह | महिला | पुरुष | जम्मा | प्रतिशत |
| १ | ५ वर्ष भन्दा मुनि | १६१२ | १९१६ | ३५२८ | 7.11 |
| २ | ५-९ वर्षसम्म | २१५२ | २४५९ | ४६११ | 9.29 |
| ३ | १०-१४ वर्षसम्म | २२९७ | २४९६ | ४७९३ | 9.65 |
| ४ | १५-१९ वर्षसम्म | २५०८ | २४०८ | ४९१६ | 9.9 |
| ५ | २०-२४ वर्षसम्म | २६७२ | १९०४ | ४५७६ | 9.22 |
| ६ | २५-४४ वर्षसम्म | ९१०३ | ६२५९ | १५३६२ | 30.94 |
| ७ | ४५-५९ वर्षसम्म | ३५०८ | ३१७५ | ६६८३ | 13.46 |
| ८ | ६०-६९ वर्षसम्म | १५३० | १३९४ | २९२४ | 5.89 |
| ९ | ७० वर्षसम्म भन्दा माथि | १११४ | ११४७ | २२६१ | 4.55 |
| जम्मा | | २६४९६ | २३१५८ | ४९६५४ | १०० |

नगरपालिकाको कूल जनसङ्ख्या ४९६५४ रहेको छ । जसमध्ये २६४९६ महिला (५३.३६%) र २३१५८ पुरूष (४४.६४%) रहेका छन् । यसबाट महिलाको जनसङ्ख्या पुरुषको तुलनामा बढी रहेको छ । त्यसै गरी सबै भन्दा बढी जनसङ्ख्याको उमेर समूह २५-४४ वर्ष रहेको छ । यो समूहले कूल जनसङ्ख्याको ३०.९४ प्रतिशत प्रतिनिधित्व गरेको छ । दोस्रो ठूलो उमेर समूहमा ४५-५९ वर्ष रहेको छ । यो समूहको प्रतिनिधित्व १३.४६ प्रतिशत छ । सबैभन्दा कम जनसङ्ख्या भएको उमेर समूहमा ५ वर्ष भन्दा मुनिका बालबालिकाहरू रहेका छन् । यिनीहरू ७.११ प्रतिशत रहेका छन् । विद्यालय उमेर समूहका पक्षबाट सबै भन्दा बढी बालबालिकाहरू भएको समूह माध्यमिक शिक्षा समूह (१५-१९ वर्षसम्म) पर्छ । सबै भन्दा कम उमेर समूह आधारभूत तर्फ (०-५) वर्षको रहेको अवस्था विद्यमान छ ।

### १.५.७ आर्थिक तथा सामाजिक पक्ष

यस नगरपालिकाका बासिन्दाको प्रमुख आम्दानीको स्रोतका रूपमा कृषि रहेको छ । समग्रमा यस नगरपालिका क्षेत्रमा हेर्दा कृषि पेशा अंगाल्ने घर परिवारको संख्या उच्च रहेको छ ।नगरपालिकामा खेती योग्य जमिनमाहरू रहेका छन् र यी खेतीयोग्य जमिनमा खाद्यान्नको साथै अन्य नगदे तरकारी बाली, फलफूल, तरकारी मसला तथा जडीबुटी र पशुजन्य उत्पादन वृद्धि गर्न सकिने प्रशस्त सम्भावनाहरू रहेको छ । आधुनिक कृषि प्रविधि, मल तथा औजारको प्रयोग गरी कृषि उत्पादकत्व वृद्धि गर्ने प्रशस्त सम्भाबनाहरू रहेका छन् । तर आधुनिक प्रविधिमा आधारित कृषिका लागि आवश्यक सक्षमता अधिकांश किसानहरूमा विकसित भएको अवस्था छैन । जनचेतना, सीप तथा व्यावसायीकरण, आधुनीकिकरणको अभिवृद्धि, प्रविधि हस्तान्तरणको साथै आवश्यक प्रविधि, मल, कर्जा बीउ बिजनको उपलब्धतामा सरलीकरण गर्न सकेमा कृषि तथा पशुजन्य उत्पादनमा वृद्धि गर्न सकिन्छ । यसबाट नगरबासीको आर्थिक स्थितिमासुधार ल्याउन सकिने अवस्था छ ।

नगरपालिकाको ग्रामीण क्षेत्रमा दुग्ध उत्पादन तथा पशुपञ्छी उत्पादनको प्रशस्त सम्भावना रहेको हुँदा यो व्यवसायलाई विस्तार गर्नुको साथै यातायात सेवालाई सर्वसुलभ तरिकाले उनीहरूको पहुँचसम्म विस्तार गर्न सकिने अवस्था छ । यसो हुन सकेको खण्डमा धैरैवटा स्थानहरूमा दुध चिस्यान केन्द्र, कृषि उत्पादनको संकलन केन्द्र कोल्ड स्टोर, मासुजन्य उद्योग आदि विकास गर्न सकिनेछ । त्यसै गरी जडिबुटी, पर्यटन, पशुपालन तथा साना तथा मझौला उद्योगहरूको विकासका सम्भाव्यताका क्षेत्रहरू पनि रहेका छन् । साथै नगरपालिकाको विभिन्न स्थानमा पार्क, उद्यान तथा गुम्बा एवं स्तुपाको निर्माण गरी पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न पर्याप्त अवसर रहेको छ । जसबाट रोजगारका अवसरहरू सिर्जना गरी समग्र नगरपालिकाको आयमा वृद्धि गर्न सकिन्छ ।

## १.६ शैक्षिक अवस्था

शैक्षिक अवस्था अन्तर्गत विभिन्न पक्षहरूको हालको अवस्थालाई विष्लेषण गरिएको छ । यसमा मूलत शैक्षिक सूचकहरूलाई प्राथमिकता दिई विद्यमान अवस्थाको समीक्षा गरिएको छ । यस अन्तर्गतका विभिन्न सूचकहरूको अवस्थालाई देहाय बमोजिम प्रस्तुत गरिएको छ ।

### १.६.१ शैक्षिक सस्थाहरूको विवरण २०८२

नगरपालिकामा हाल सञ्चालनमा रहेका शैक्षिक सस्थाहरूको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

शैक्षिक सस्थाहरूको विवरणः तालिका २

| तह | सामुदायिक | संस्थागत | जम्मा |
|---|---|---|---|
| पूर्व प्राथमिक तह | २७ | १२ | ३९ |
| आधारभूत (१-५) | १२ | २ | १४ |
| आधारभूत (६-८) | ५ | ३ | ८ |
| मा वि (९-१०) | ३ | ७ | १० |
| मा वि (११-१२) | ७ | - | ७ |
| सामुदायिक सिकाइ केन्द्र | २ | - | २ |
| क्याम्पस | २ | - | २ |
| जम्मा | ३१ | १२ | ४३ |

सामुदायिक विद्यालयहरूको कूल सङ्ख्या २७ रहेको छ। जसमा सबैभन्दा बढी आधारभूत तह कक्षा १-५ रहेका छन् । यस प्रकारका विद्यालयहरूको कूल सङ्ख्या १२ (४४.४४% रहेको छ। त्यसै गरी आधारभूत तह कक्षा १-८ मा जम्मा ५ ओटा विद्यालयहरू सञ्चालनमा रहेका छन्। यो कूल विद्यालयको १८.५१ प्रतिशत हो। माध्यमिक विद्यालय कक्षा १-१० जम्मा ३ ओटा ( ११.११%) रहेका छन्। माध्यमिक विद्यालय कक्षा १-१२ मा ७ (२५.९२%) ओटा विद्यालय सञ्चालनमा छन्। सामुदायिक सिकाइ केन्द्रहरू जम्मा २ ओटा सञ्चालनमा छन्। त्यसै गरी उच्च शिक्षा तर्फ २ ओटा कलेजहरू सञ्चालनमा छन्।

सस्थागत तर्फ कूल १२ ओटा सामुदायिक विद्यालयहरू सञ्चालनमा रहेका छन्। जसमध्ये २ ओटा आधारभूत तह कक्षा १-५ आधारभूत कक्षा (१-८) ३ ओटा मा.वि(१-१०) ७ ओटा रहेका छन्। यसरी कूल नगरपालिकाभर सामुदायिक र संस्थागत गरी ४३ ओटा शैक्षिक सस्थाहरू सञ्चालनमा रहेको अवस्था छ।

### १.६.२ वडागत विद्यालय विवरण २०८२

देवचुली नगरपालिकामा कूल १७ ओटा वडाहरू रहेका छन्। वडागत रूपमा विद्यालयको अवस्थालाई देहाय बमोजिम प्रस्तुत गरिएको छ।

वडागत विद्यालयको अवस्थाः तालिका ३

| सामुदियक विद्यालय तर्फ | | | संस्थागत विद्यालय तर्फ | | |
|---|---|---|---|---|---|
| विद्यालयको नाम | वडा नं. | सञ्चालित कक्षा | विद्यालयको नाम | वडा नं. | सञ्चालित कक्षा |
| नेपाल मा.वि. | १ | ११-१२ | दिव्य एकेडेमी | १ | ०-८ |
| शान्ती सिर्जना आ.वि. | ४ | १-८ | वैदिक कर्मकाण्ड गुरुकुल | २ | |
| सकलादेवि मा.वि. | ५ | ११-१२ | पाठशाला मन्टेश्वरी स्कुल | ३ | ०१- |
| नेपाल धर्ती आ.वि. | ५ | १-५ | न्यू नबल ईस्कुल.बो. | १० | ०-१० |
| नेपाल राष्ट्रिय शारदा आ.वि. | ६ | १-८ | भृकुटी ईस्कुल.बो. | ११ | ०-७ |
| सरस्वती आवि कुम्सोत. | ६ | १-५ | मुनलाइट आदर्श ईस्कुल.बो. | १३ | ०-१० |
| वाल किरण आ.वि. | ६ | १-५ | नेक्सस मन्टेश्वरी ईस्कुल.बो. | १३ | ०-४ |
| भीमसेन आदर्श मा.वि. | ७ | ११-१२ | विश्वज्योती ईस्कुल.बो. | १५ | ०-१० |
| मिलिजुली आ.वि. | ८ | १-६ | अमर ईस्कुल.बो. | १६ | ०-१० |
| कालिका मावि. | ९ | १-१० | वाइज भिजन ईस्कुल.बो. | १६ | ०-१० |
| मनकामना आ.वि. | ९ | १-५ | कुमारवर्ती ईस्कुल.बो. | १६ | ०-१० |
| पृथ्वी मा.वि. | १० | १-१२ | ओयसिस ईस्कुल.बो. | १७ | ०-८ |
| नवनेपाल आ.वि. | १० | १-५ | | | |
| सुर्यकिरण आ.वि. | ११ | १-५ | | | |
| दिव्य ज्योती आ.वि. | १२ | १-८ | | | |
| कुमारवर्ती आ.वि. | १३ | १-८ | | | |
| जनज्योती नमुना मा.वि. | १४ | १- | | | |
| वाल्मिकी आ.वि. | १४ | १-५ | | | |
| जनज्योती मावि. | १५ | १-१२ | | | |
| पशुपति सा.वि.मा.स.आ. | १५ | ६-१२ | | | |
| नारायणी आ.वि. | १५ | १-५ | | | |
| देवचुली मा.वि. | १६ | १-१२ | | | |
| प्रभात जनता आ.वि. | १६ | १-८ | | | |
| सरस्वती आ.वि. वेलस्वाँरा | १६ | १-५ | | | |
| वरचुली मा.वि. | १७ | १-१२ | | | |
| सरस्वती आ.वि. कुलेनी | १७ | १-५ | | | |
| जीवन ज्योती आ.वि. | १७ | १-५ | | | |

वडागत विद्यालयको अवस्थाबाट सबै वडाहरूमा विद्यालयहरूको वितरण समान रुपमा रहेको अवस्था छैन । सबै वडाहरूमा सबै प्रकारका विद्यालयहरू सञ्चालन भएको अवस्था छैन । सञ्चालित विद्यालय सङ्ख्याको हिसावबाट वडा नै १६ सबैभन्दा अगाडि देखिन्छ । यो वडामा कूल ३ ओटा विद्यालयहरू रहेका छन । जसमा कक्षा १-५ का २ ओटा कक्षा १-८ को एक र कक्षा १-१२ को एक विद्यालय सञ्चालनमा रहेको छ । तस्तै गरी वडा नं ६ र १५ मा तीन तीन ओटा विद्यालयहरू सञ्चालनमा रहेका छन् । वडा नं ६ मा आधारभूत तह मात्र छ भने वडा नं १५ मा आधारभूत एक र माध्यमिक २ ओटा विद्यालयहरू सञ्चालनमा रहेका छन् । वडा नं २ र ३ मा भने कुनै पनि विद्यालय सञ्चालनमा रहेको अवस्था छैन । यसबाट विद्यालयहरूको वितरण समान रूपमा भएको अवस्था छैन । त्यसै गरी संस्थागत विद्यालयहरूको वडागत वितरणको अवस्था पनि समानुपातिक छैन ।

### १.६.३ विद्यार्थी विवरण २०८२

देवचुली नगरपालिकामा को सामुदायिक तथा सस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको विवरण देहाय बमोजिम प्रस्तुत गरिएको छ।

**विद्यार्थी विवरणः तालिका ४**

| तह | सामुदायिक | संस्थागत | जम्मा |
|---|---|---|---|
| पूर्व प्राथमिक तह | १६१७ | ११६० | २७७७ |
| आधारभूत (१-५) | ३९३८ | २४८१ | ६४१९ |
| आधारभूत (६-८) | ३०९२ | ९४६ | ४०३८ |
| माध्यमिक कक्षा (९-१०) | १७६३ | ४२४ | २१८७ |
| माध्यमिक कक्षा (११-१२) | १०८० | | १०८० |
| जम्मा | ११४९० | ५०११ | १६५०१ |

नगरपालिका भर सामुदायिक विद्यालयहरूमा कूल ११४९० जना विद्यार्थीहरू अध्ययन गरिरहेका छन्। सबै भन्दा बढी विद्यार्थीहरू आधारभूत तह कक्षा (१-५) मा रहेका छन्। कूल ३४.२७ % विद्यार्थीहरू यो तहमा रहेका छन्। दोस्रो धेरै विद्यार्थी भएको तह आधारभूत (६-८) रहेको छ। यसमा कूल २६.९१% विद्यार्थीहरू यो तहमा अध्ययन गरी रहेका छन्। सबै भन्दा कम विद्यार्थीहरू माध्यमिक तह कक्षा ११-१२ मा रहेका छन्। यस तहमा कूल ९.३९ % विद्यार्थीहरू अध्ययनरत छन्। यसले जति माथिल्लो कक्षाहरूमा विद्यार्थीहरू पढ्दै जान्छन् त्यतिनै विद्यालय छाड्ने वा शिक्षाको निरन्तरता कम हुने अवस्थालाई देखाएको छ।

संस्थागत विद्यालयहरूमा कूल ५०११ विद्यार्थीहरू अध्ययनरत रहेका छन्। यी विद्यालयहरूमा पनि विद्यार्थीहरूको सङ्ख्या सामुदायिक विद्यालयहरूकै जस्तै रहेको छ। आधारभूत तहका तल्ला कक्षाहरूमा बढी हुने र क्रमशः माथिल्ला तहहरूमा कम हुने क्रम देखिन्छ। सामुदायिक र संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरूको अवस्था हेर्दा सामुदायिक विद्यालयहरूमा नै विद्यार्थीहरू अध्ययन गर्ने प्रवृत्ति बढी रहेको छ। त्यसै गरी माध्यमिक तहमा संस्थागत विद्यालयकहरूको स्थापना तथा सञ्चालनको अवस्था तुलनात्मक रूपमा कम रहेकाले पनि सामुदायिक विद्यालयहरूमा विद्यार्थीहरूको सङ्ख्या बढी छ।यसले अभिभावकमा सामुदायिक विद्यालयको शिक्षा प्रति सकारात्म सोच बढी भएको अवस्थालाई देखाएको छ।

### १.६.४ शिक्षक दरवन्दी विवरण २०८२

देवचुली नगरपालिकाका सामुदायिक विद्यालयहरूमा कार्यरत शिक्षकहरूको दरबन्दीको अवस्थालाई तलको तालिकामा प्रस्तुत गरिएको छ।

शिक्षक दरबन्दी वितरणको अवस्थाः तालिका ५

| प्रकार | वालविकास | | आधारभूत विद्यालय १-५ | | उच्च आधारभूत विद्यालय ६-८ | | माध्यमिक विद्यालय ९-१० | | माध्यमिक विद्यालय ११-१२ | | कूल जम्मा | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरूष | महिला | पुरूष | महिला | पुरूष | महिला | पुरूष | महिला | पुरूष | महिला | पुरुष | |
| राहत | - | - | २३ | ७ | २ | १३ | १ | १० | - | - | २६ | ३० | ५६ |
| दरबन्दी | ३५ | - | ९८ | ७७ | ९ | १९ | ५ | २३ | - | ९ | १४७ | १२८ | २७५ |
| **जम्मा** | **३५** | **-** | **१२१** | **८४** | **११** | **३२** | **६** | **३३** | **-** | **९** | **१७३** | **१५८** | **३३१** |
| प्राविधिक धार तर्फ | | | | | | | | | | | | | |
| दरबन्दी | - | - | - | - | १ | ३ | १ | ३ | १ | ७ | ३ | १३ | १६ |

देवचुली नगरपालिकामा कूल शिक्षकहरूको दरवन्दी ३३१ रहेको छ। जसमा राहत दरवन्दी ५६ रहेको छ भने बाँकी २७५ स्थायी दरवन्दीका शिक्षकहरू रहेका छन्। त्यसै गरी महिला र पुरुषको अवस्थालाई हेर्दा महिलाहरुको दरवन्दी पुरूष दरबन्दी भन्दा रहेको छ। महिलाहरूको सङ्ख्या बाल विकास र आधारभूत तहमा अत्यधिक रहेको छ भने माध्यमिक विद्यालय कक्षा ११-१२ एक जना पनि महिला शिक्षक कार्यरत रहेको अवस्था छैन।

प्राविधिक धार तर्फको शिक्षक दरवन्दीको अवस्था कूल १६ जना रहेका छन्। जसमध्ये ३ जना महिला रहेका छन् भने १३ जना पुरुष शिक्षकहरू कार्यरत रहेको अवस्था छ। पुरुपषको तुलनामा महिलाको सङ्ख्या ज्यादै न्यून १८.७५ प्रतिशत मात्र रहेको छ।

### १.६.५ विद्यालय-विद्यार्थी अनुपात (तह अनुसार) पालिका तहः २०८२

विद्यालय विद्यार्थी अनुपातलाई पालिका तहमा हेरिएको छ।यसले गुणस्तरीय सिकाइ वातावरणको अवस्था र विदयालयमा विद्यार्थीको चापसमेतलाई इङ्गित गर्छ। यसका आधारमा विद्यालयको पर्याप्तता तथा थप विद्यालयको आवश्यकतालाई योजना गर्न सहज हुन्छ। देवचुली नगरपालिकाको विद्यालय विद्यार्थी अनुपातलाई देहाय बमोजिम प्रस्तुत गरिएको छ।

| तह | अनुपात प्रति विद्यालय सामुदायिक विद्यालय | अनुपात प्रति विद्यालय संस्थागत विद्यालय |
|---|---|---|
| प्रारम्भिक बाल विकास | १:६० | १:११० |
| आधारभूत ( १-८ ) | १:२६० | १:२७७ |
| माध्यमिक तह ( ९-१२ ) | १:२८४ | १:५१ |

माथि प्रस्तुत विद्यालय-विद्यार्थी अनुपातले देवचुली नगरपालिकामा प्रति विद्यालय विद्यार्थी चापलाई देखाएको छ। प्रति बाल विकास कक्षा ६० जना विद्यार्थीको अनुपातले पूर्वप्राथमिक वा प्रारम्भिक बाल विकास शिक्षामा विद्यार्थीको चाप बढी देखिन्छ। त्यसै गरी आधारभूत तहमा पनि विद्यार्थीको चाप निकै देखाउँछ। प्रति विद्यालय २६० जना विद्यार्थीहरू आधारभूत तहको कक्षा १ ८ मा रहेका छन्। प्रतिकक्षा करीव ७२ जना विद्यार्थी अध्ययन गरेको अवस्था देखिन्छ। तर माध्यमिक तहमा भने प्रति विद्यालय विद्यार्थीको सङ्ख्या तुलनात्मक रुपमा बढी नै देखिन्छ। एक विद्यालयमा २८४ जना विद्यार्थी रहेबाट प्रति कक्षा औषतमा ५९ जना विद्यार्थी अध्ययन गर्ने अवस्थालाई माथिको तथ्याङ्कले वताएको छ। समग्रमा विद्यालय विद्यार्थी अनुपात बढी नै रहेको अवस्था विद्यमान छ। यसले विद्यालयको कक्षा कोठा शिक्षक व्यवस्थापन आदि पक्षहरूमा विशेष ध्यान दिनु पर्ने अवस्था देखिन्छ।

संस्थागत विद्यालयमा पनि विद्यालय-विद्यार्थी अनुपात धेरै नै रहेको अवस्था छ। एक विद्यालयमा ११० जनासम्म प्रारम्भिक बाल विकास शिक्षामा अध्ययन गरेको अवस्थाले यो पक्षलाई पुष्टि गरेको छ। तर आधारभूत तहमा भने सामुदायिक विद्यालयको तुलनामा विद्यालय विद्यार्थी अनुपात तुलनात्मक रुपमा कम रहेको छ। प्रति कक्षा औसत २९ जना जति विद्यार्थीहरू अध्ययन गरेको अवस्था देखिन्छ। तर माध्यमिक तहमा भने विद्यालय विद्यार्थी अनुपात निकै कम रहेको छ। प्रतिकक्षा करीव १३ जना जति विद्यार्थी अध्ययन गरेको अवस्था छ।

### १.६.६ विद्यार्थी-शिक्षक अनुपात (तह अनुसार)

विद्यार्थी शिक्षक अनुपातले गुणस्तरीय शिक्षाको प्राप्तिमा निकै ठूलो भूमिका खेल्छ। विद्यालयमा र कक्षा कोठामा गरिने शैक्षिक क्रियाकलापहरू शिक्षण सिकाइ क्रियाकलापमा हुने सिकारु सहभागिता सिकारुलाई प्रदान गरिने सिकाइ सहयोग सिकारुको नियमित रूपमा गरिने मूल्याङ्कन लगायतका विभिन्न पक्षहरूमा विद्यार्थी शिक्षक अनुपातको प्रत्यक्ष भूमिका रहन्छ। देवचुली नगरपालिकाको पालिका तहको औसत शिक्षक विद्यार्थी अनुपातलाई तलको तालिकामा प्रस्तुत गरिएको छ।

विद्यार्थी-शिक्षक अनुपात: तालिका ७

| तह | अनुपात प्रति विद्यालय (पालिका तह) सामुदायिक विद्यालय | अनुपात प्रति विद्यालय (पालिका तह) संस्थागत विद्यालय |
|---|---|---|
| प्रारम्भिक बाल विकास | १:४७ | १:१९ |
| आधारभूत ( १-८ ) | १:३४ | १:२६ |
| माध्यमिक तह ( ९-१२ ) | १:५९ | १:१३ |

माथिको तालिकाबाट प्रारम्भिक बाल विकासमा प्रति एक जना शिक्षक बराबर ४७ जना बालबालिकाहरू रहेका छन्। जुन राष्ट्रिय रूपमा तोकिएको निर्धारित मापदण्ड भन्दा निकै बढी रहेको छ। सामान्यतया प्रति २० जना विद्यार्थी बराबर एक जना प्रारम्भिक बाल विकास सहजकर्ता उपलब्ध गराउने नीतिगत व्यवस्था रहेको छ। त्यसै गरी आधारभूत तहमा शिक्षक विद्यार्थी अनुपात राम्रो रहेको अवस्था छ। एक जना शिक्षक बराबर ३४ जना विद्यार्थी रहेबाट यो राष्ट्रिय मापदण्ड भन्दा कम रहेको छ। सामान्यतया तराइमा शिक्षक विद्यार्थी अनुपात ५० जना तोकिएको छ। अन्य तहको तुलनामा माध्यमिक तहमा शिक्षक विद्यार्थी अनुपात बढी रहेको अवस्था छ। एक जना शिक्षक बराबर ५९ जना विद्यार्थी रहेको अवस्था छ। यो राष्ट्रीय मापदण्ड भन्दा निकै बढी रहेको छ। संस्थागत विद्यालयमा भने शिक्षक विद्यार्थी अनुपात निकै कम रहेको अवस्था छ। बाल विकासमा १:१९, आधारभूतमा १:२६, र माध्यमिकमा १:१३ मात्र रहेको छ। यो अनुपात राष्ट्रिय मापदण्ड भन्दा निकै कम रहेको छ।

### १.६.७ शैक्षिक पहुँच

प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्ना दर १२० % प्रतिशत रहेको छ। प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका को प्रतिशत ८१.६६ % रहेको छ। यसबाट अझै पनि बाल विकास शिक्षाको अनुभव विना नै बालबालिकाहरू कक्षा १ मा भर्ना हुने अवस्था विद्यमान रहेको अवस्थालाई देखाएको छ। सबै विद्यालयहरूमा बाल विकास शिक्षाको अवसर प्राप्त हुन नसकेको अवस्था तर्फ यसले सङ्केत गरेको छ। कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुदप्रवेश दर ५३% छ। यो राष्ट्रिय अवस्था अनुसार निकै कम रहेको छ। आधारभूत तह (प्राथमिक कक्षा १-५) मा खुद भर्ना दर ८३.२७ प्रतिशत रहेको छ। अझै विद्यालय उमेर समूह अनुसारका करीव १७ प्रतिशत बालबालिकाहरू विद्यालयमा भर्ना हुन सकिरहेका छैनन्। त्यसै गरी आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर ८१ रहेको छ। यो तहमा पनि १९ प्रतिशत बालबालिकाहरू विद्यालय शिक्षाको निरन्तरता दिन सकिरहेका

छैनन् । माध्यमिक तह कक्षा ९१२ मा खुद विद्यार्थी भर्ना दर ५९.५९ % रहेको छ । यो तहमा अझै करीव ४० प्रतिशत विद्यालय उमेर समूहका बालबालिकाहरूले शैक्षिक निरन्तरता दिन सकेका छैनन् ।

### १.६.८ लैङ्गिक समता सूचकाङ्क (खुद भर्ना दरमा)

विद्यालयमा छात्राहरूको सहभागिताको पक्षबाट पनि विद्यमान अवस्थाको लैङ्गिक सन्तुलनको अवस्थालाई मापन गर्ने गरिन्छ । यो पनि गुणस्तरीय शिक्षा तथा पहुँचको एक सूचकका रुपमा रहने गर्छ । देवचुली नगरपालिकामा लैङ्गिक सूचकाङ्कको अवस्था देहाय बमोजिम रहेको छ ।

(क) कक्षा १-५ मा ०.८७

(ख) कक्षा १-८ मा ०.८५ र

(ग) कक्षा ९-१२ मा ०.९१

लैङ्गिक सूचकाङ्कको उपर्युक्त अवस्थाले छात्र र छात्राहरूको तहगत शैक्षिक समानता हासिल हुन सकेको अवस्था नभएको तथ्यलाई उजागर गरेको छ । लैङ्गिक सहभागिताको अवस्था माध्यमिक तहमा केही राम्रो देखिन्छ । तर आधारभूत तहको कक्षा १-८को अवस्था अन्य तहको भन्दा कमजोर देखिन्छ। यसले आधारभूत तहमा लैङ्गिक समताका लागि थप पहल गर्न पर्ने अवस्थालाई देखाएको छ । यसको अर्को पक्ष बालिकाहरू आधारभूत तहका उपल्ला कक्षाहरूमा चढ्दै जाँदा विद्यालय छाड्ने दर बढ्ने क्रमलाई देखाएको छ । यो अवस्थामा तत्काल सुधार अत्यावश्यक देखिन आएको छ ।

### १.६.८ साक्षरता

राष्ट्रिय जनगणना २०७८ ले यस पालिकाको कूल साक्षरता प्रतिशत ८४.३ प्रतिशत देखाएको छ । यसमा पुरुष साक्षरता ८९.७ प्रतिशत र महिला साक्षरता ८९.६ प्रतिशत रहेको छ । त्यसै गरी पढ्न र लेख्न दुवै नजान्ने ५ वर्ष भन्दा माथिको जनसङ्ख्या कुल १४.८ प्रतिशत रहेको छ । जसमा पुरुषको प्रतिशत ९.५ र महिला प्रतिश १९.४ रहेको छ । यसले नगरपालिकामा थप साक्षरता शिक्षाको आवश्यकतालाई देखाएको छ ।

### १.६.९ महिला शिक्षक

समग्रमा विद्यालयमा कार्यरत महिला शिक्षकको अनुपात पुरूष सरह कायम हुन सकेको अवस्था छैन । आधारभूत तह कक्षा १-८ मा ४९.३४ प्रतिशत महिला शिक्षक कार्यरत रहेका छन् । यो अवस्था माध्यमिक तहमा कमजोर रहेकोछ । यो तहमा जम्मा ११.८६ प्रतिशत महिला शिक्षकहरू कार्यरत रहेका छन् । यो तहमा महिला शिक्षकको सङ्ख्यामा वृद्धि गर्नु पर्ने अवस्था छ । विषयगत शिक्षकहरू बढी हुने र हालको सामाजिक तथा सास्कृतिक परिवेशका कारण पनि उच्च तहको शिक्षामा महिला शिक्षकको सङ्ख्या राष्ट्रिय रुपमा नै कम रहेको वास्तविकता विद्यमान छ ।

## १.६.१० कक्षागत विद्यार्थी विवरण

यस नगरपालिकामा प्रारम्भिक बाल विकास तथा  शिक्षा देखि माध्यमिक तह कक्षा १२ सम्मको कक्षागत तथा तहगत विद्यार्थीहरूको शैक्षिक सत्र २०८२ को विद्यार्थी विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

कक्षागत तथा तहगत विद्यार्थी विवरण २०८२ तालिका ८ (सामुदायिक तर्फ)

| | | | |
|---|---|---|---|
| कक्षा | छात्रा | छात्र | जम्मा |
| वालविकास | ७३१ | ८८६ | १६१७ |
| १ | ३२५ | ३८३ | ७०८ |
| २ | ३१५ | ३९४ | ७०९ |
| ३ | ३१५ | ३४५ | ६६० |
| ४ | ३६१ | ४५३ | ८१४ |
| ५ | ५२९ | ५१८ | १०४७ |
| **०-५ जम्मा** | **२५७६** | **२९७९** | **५५५५** |
| ६ | ४३८ | ६०० | १०३८ |
| ७ | ४४६ | ५२२ | ९६८ |
| ८ | ५२८ | ५५८ | १०८६ |
| **कक्षा ६- ८ जम्मा** | **१४१२** | **१६८०** | **३०९२** |
| ९ | ४७९ | ४९४ | ९६३ |
| १० | ३८३ | ४१७ | ८०० |
| **कक्षा ९-१० जम्मा** | **८५२** | **९११** | **१७६३** |
| ११ | २६७ | २९१ | ५५८ |
| १२ | २७६ | २४६ | ५२२ |
| **कक्षा ११-१२ जम्मा** | **५४३** | **५३७** | १०८० |
| **सबै तह जम्मा (०-१२)** | **५३८३** | **६१०७** | **११४९०** |

सामुदायिक विद्यालय तर्फ सबै तहको शिक्षामा कूल ११४९० विद्यार्थीहरू भर्ना भइ अध्ययन गरिरहेका छन् । जसमध्ये ५३८३ (४६.८४%) छात्रा रहेका छन् भने ६१०७ जना (५३.१६%) छात्रहरू अध्ययन गरिरहेका छन् । आधारभूत तह प्रारम्भिक बाल विकास देखि कक्षा ५ सम्म सबै भन्दा बढी बालबालिकाहरू रहेका छन् । यस तहमा अध्ययन गर्ने कूल बालबालिकाको  प्रतिशत ४८.३५%  हुन आउँछ । त्यसै गरी कक्षा ६- ८ विद्यार्थी सङ्ख्याको पक्षबाट दोस्रो स्थानमा रहेको छ । यो तहमा कूल ३०९२ बालबालिका अध्ययनरत छन् । यो कूल विद्यार्थीको २६.९१ % हुन आउँछ । अन्तमा सबै भन्दा कम विद्यार्थीहरू कक्षा ११-१२ मा रहेका छन् । यसमा कूल १०८० जना विद्यार्थीहरू अर्थात् ९.३९  % मात्र अध्ययनरत छन्  । छात्राहरूको सहभागिता सबै तहमा राम्रो रहेको छ । कक्षा ११ र १२ मा केही कम रहेको भए तापनि अन्य तहमा छात्राहरूको सङ्ख्या छात्रको भन्दा बढी रहेको छ ।

| कक्षागत विद्यार्थी विवरण २०८२ संस्थागत विद्यालय तर्फ | | | |
|---|---|---|---|
| कक्षा | छात्रा | छात्र | जम्मा |
| वालविकास | ५३५ | ६२५ | ११६० |
| १ | २४८ | ३५२ | ६०० |
| २ | २३३ | ३०७ | ५४० |
| ३ | १७८ | २४९ | ४२७ |
| ४ | २११ | २६२ | ४७३ |
| ५ | २०४ | २३७ | ४४१ |
| **०-५ जम्मा** | **१६०९** | **२०३२** | **३६४१** |
| ६ | १५० | २२३ | ३७३ |
| ७ | ११९ | १७७ | २९६ |
| ८ | ९७ | १८० | २७७ |
| **कक्षा ६- ८ जम्मा** | **३६६** | **५८०** | **९४६** |
| ९ | ८५ | १३४ | २१९ |
| १० | ८० | १२५ | २०५ |
| **कक्षा ९-१० जम्मा** | **१६५** | **२५९** | **४२४** |
| **सबै तह जम्मा (०-१०)** | **२१४०** | **२८७१** | **५०११** |

संस्थागत विद्यालय तर्फ कूल ५०११ बालबालिका अध्ययनरत रहेका छन् । जसमध्ये २१४० छात्रा (४२.७१%) र २८७१ छात्र (५३.२९%) रहेका छन् । संस्थागत विद्यालयमा छात्रहरूको सङ्ख्या तुलनात्मक रूपमा बढी देखिएको छ । ०-५ कक्षामा सबैभन्दा बढी ३६४१ बालबालिकाहरू रहेका छन् । यो कूल विद्यार्थीको ७२.६७% हुन आउँछ । त्यसै गरी सबै भन्दा कम माध्यमिक तह कक्षा ९-१० रहेको छ । यो तहमा जम्मा ४२४३ विद्यर्थीहरू अध्ययनरत रहेका छन् । यो कूल विद्यार्थीको ८.४६ प्रतिशत हुन आउँछ ।

### १.६.११ सिकाइ उपलब्धिको अवस्था

| सिकाइ उपलब्धिको अवस्था जि पि ए मा | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| विषय | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ | कक्षा ६ | कक्षा ७ | कक्षा ८ | कक्षा ९ | कक्षा १० |
| नेपाली | ३.२५ | ३.०१ | २.९३ | ३.१८ | ३.१० | ३.१० | ३.१० | ३.०६ | २.७५ | २.९९ |
| अङ्ग्रेजी | ३.२९ | ३.०४ | २.९० | ३.११ | ३.१२ | ३.१३ | ३.०५ | ३.२३ | २.८६ | २.८७ |
| विज्ञान/सेरोफेरो | ३.३० | ३.०४ | २.९७ | २.८९ | २.८० | २.६२ | २.७१ | २.७७ | २.५९ | २.७५ |
| गणित | ३.३४ | ३.०३ | २.९३ | ३.०१ | २.७७ | ३.०३ | २.९० | ३.१८ | २.८६ | २.८१ |
| सामाजिक | - | - | - | ३.०५ | ३.०१ | २.७१ | २.७१ | २.६८ | २.६७ | २.७८ |

### १.६.१२ भौतिक अवस्था

| भौतिक अवस्था | | |
|---|---|---|
| **विवरण** | **सामुदायिक सङ्ख्या** | **सस्थागत सङ्ख्या** |
| (क) भवनको किसिम | १२१ | ७९ |
| पक्की भवन | ७० | ३५ |
| कच्ची भवन | ५१ | ३४ |
| (ख) प्रयोगशाला | | |
| पुस्तकालय | १५ | ८ |
| विज्ञान प्रयोगशाला | १० | ८ |
| कम्प्युटर | २० | १० |
| (ग) इन्टरनेट सुविधा | | |
| इन्टरनेट सुविधा भएको विद्यालय | २८ | १२ |
| शिक्षकलाई मात्र सुविधा भएको | ० | ० |
| सिकारुलाई पनि सुविधा भएको | २८ | १२ |
| विद्युतको नियमित आपूर्ति हुने | २८ | १२ |
| विद्युतको नियमित आपूर्ति नहुने | ० | ० |
| सोलार सहितको व्यवस्था भएको | ० | १ |
| (घ) वातावरण | | |
| खेल मैदान हुने विद्यालय | २३ | २ |
| खेल मैदान नहुने विद्यालय | ५ | ८ |
| पक्की घेरावार भएको | १४ | १० |
| कच्ची घेरावार भएको | १४ | |
| अपाङ्गता मैत्री विद्यालय( र्याम्प ) | ० | |
| | | |
| (ङ) शौचालय | | |
| छात्रा शौचालय हुने | २५ | |
| छात्र शौचालय हुने | २३ | |
| शिक्षकको लागि शौचालय भएको | २० | |
| महिला शिक्षकका लागि शौचालय भएको | १२ | |
| अपाङ्गता मैत्री शौचालय भएको | ५ | |
| पानी सहितको शौचालय भएको | २८ | |
| (च)पानीको स्रोत | | |
| खानेपानी धारा हुने | २८ | |

| | | |
|---|---|---|
| ट्युववेल हुने | ३ | |
| खाने पानीको नियमित आपूर्ती हुने | २८ | |
| खानेपानीको नियमित आपूर्ती नहुने | ० | |

## १.७ विगतको योजनाका प्रगति समीक्षा

देशको आर्थिक सामाजिक साँस्कृतिक विकासको प्रमुख पूर्वाधार शिक्षा हो । शिक्षाको योजनाबद्ध रूपमा विकास र सविस्तार गर्नका लागि नेपाल सरकारले विभिन्न योजनाहरू तयार गरी कार्यान्वयन गर्दै आएको छ । राष्ट्रियस्तरमा राष्ट्रिय शिक्षा योजना २०११, सर्वाङ्गीण राष्ट्रिय शिक्षा समितिको योजना २०१८, राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८, राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन र यसका सुझावहरूको कार्यान्नियन २०४९, उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदनमा आधारित शैक्षिक विकास कार्यक्रमहरू २०५५, सबैका लागि शिक्षा, माध्यमिक शिक्षा परियोजना, विद्यालय क्षेत्र सुधार कार्यक्रम र विद्यालय क्षेत्र विकास योजना लगायतका योजना तथा कार्यक्रमहरू कार्यान्वयन गरी सकेको अवस्था छ । नेपालले सबैका लागि गुणस्तरीय शिक्षा प्रदान गर्ने अभिप्रायबाट विश्व शैक्षिक मञ्चहरूमा धरै प्रतिवद्धताहरू गरेको छ । सवैका लागि शिक्षा सन् २०१५ विश्व सहश्राब्दी लक्ष सन २०१५ लगायतका शैक्षिक लक्ष्य तथा घोषणा पत्रहरूमा प्रतिवद्धता जाहेर गरेको थियो । हाल दिगो विकास लक्ष्य सन् २०३० को प्राप्तिका लागि प्रतिवद्धता गरी शैक्षिक कार्यक्रमहरू कार्यान्वयनमा ल्याउदै आएको सन्दर्भ विद्यमान छ ।

क्रमबद्ध रूपमा शैक्षिक योजनाहरूको कार्यान्वयनबाट शिक्षाको विकास हुँदै आएको छ । यसैगरी सरकारका प्रथम पञ्चवर्षीय योजना देखि हाल कार्यान्वयनमा रहेको पन्ध्रौँ पञ्चवर्षीय योजना २०७६ देखि २०८१ ले समेत शिक्षा क्षेत्रको विकासमा योगदान पुर्याएको छ । विद्यालय क्षेत्र विकास योजना सन् २०१६ देखि २०२१ हालै मात्र् सम्पन्न गरेको छ । हाल नयाँ विद्यालय क्षेत्र सुधार कार्यक्रम सन २०२१ देखि २०३० जारी गरी कार्यान्वयनमा ल्याएको छ । यसरी विगतमा कार्यान्वयन गरिएका शैक्षिक योजनाले पहुँचमा उल्लेख्य सुधार भएको छ । शिक्षामा लैङ्गिक सहभागितामा सुधार भएको छ । विद्यार्थीहरूको टिकाउ दर तथा सिकाइ उपलब्धिमा पनि क्रमिक सुधार भएको अवस्था रहेको छ । नेपाल सरकारको साक्षर नेपाल कार्यक्रम अन्तर्गत शैक्षिक सत्र २०६५ देखि साक्षरता कार्यक्रम सञ्चालन गरी रहेको सन्दर्भ छ । यस क्रममा देवचुली नगरपालिकाले पनि केही कार्यक्रमहरू सञ्चालन गरेको भए तापनि नगरपालिकालाई पूर्ण साक्षर पालिकाका रूपमा घोषणा गर्ने कार्य अझै पनि चुनौतिका रूपमा नै रहेकोछ । यही क्रममा सघीय गणतन्त्रात्मक राज्य व्यवस्था कार्यान्वयन भए पछि विभिन्न स्थानीय सरकारले आ आफ्ना शैक्षिक योजना तथा कार्यक्रमहरू तय गरी कार्यान्वयन गर्दै आएका छन् । देवचुली नगरपालिकाले पनि शैक्षिक कार्यक्रमहरू कार्यान्वयन गर्दै आएको छ । तर यसका शैक्षिक कार्यक्रमहरूलाई थप व्यवस्थित गर्न र योजनावद्ध रूपमा शैक्षिक विकास गर्न दीर्घकालिन शिक्षा योजनाको आवश्यकता महसूश गरेकाले यो योजना तयारीको कार्य गरिएको छ ।

# परिच्छेद २

## नयाँ शिक्षा क्षेत्र योजना - दीर्घकालीन सोच, गन्तव्य/मार्गचित्र

### *२.१ सन्दर्भ र औचित्य*

नेपालको संविधान २०७२ अनुसार हाल नेपालमा संघीय गणतान्त्रिक लोकतन्त्रात्क शासन व्यवस्था कार्यान्वयनमा रहेको छ। समग्र राज्य व्यवस्थालाई गरी तीन तहमा विभक्त गरी संघ प्रदेश तथा स्थानीय सरकार निर्वाचित सरकार मार्फत राज्य सञ्चालन हुँदै आएको छ। माध्यमिक तह सम्मको शिक्षाको सञ्चालन तथा व्यवस्थापन गर्ने अधिकार स्थानीय तहलाई प्रदान गरेको छ। यसो भएता पनि शिक्षालाई संविधानले तीन ओटै सरकारको साझा कार्य सूचीमा राखे अनुसार सञ्चालन हुँदै आएको छ। यही व्यवस्था अनुसार स्थानीय तहहरूले शिक्षा विकासका कार्यहरू गर्दै आएका छन्। विद्यालय शिक्षाको मूल जिम्मेवारी स्थानीय तहमा रहेकोले स्थानीय सरकारले शिक्षाको छुट्टै योजना तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने हुन्छ। विद्यालय शिक्षाको विकासको योजना निर्माणको दायित्व स्थानीय तहमा निहीत रहेकाले शिक्षाको वृहत योजना निर्माण गर्न जरुरी भएको अवस्था छ।

स्थानीय सरकार सञ्चालन ऐनले पनि क्षेत्रगत आवधिक योजना निर्माण र कार्यान्वयनका लागि मार्गनिर्देश गरेको छ। स्थानीय सरकारलाई शिक्षा विकासका कार्यहरू सञ्चालन गर्ने अधिकार प्रत्यायोजन गरेको छ। त्यसै गरी दिगो विकास लक्ष्य (SDG) अनुरूप सबैका लागि गुणस्तरीय आधारभूत शिक्षाको सुनिश्चिता गर्नु सबै तहका सरकारको समान दायित्व भित्र रहन्छ। संघीयता लागु हुनुपूर्व देखि नै नेपाल सरकार, शिक्षा मन्त्रालयले विद्यालय क्षेत्र विकास कार्यक्रम सञ्चालनमा ल्याएको र यसका लागि स्थानीय सरकारको पनि समान दायित्व हुने भएकाले पनि शिक्षाको योजना तथा कार्यक्रमलाई थप व्यवस्थित गर्न जरुरी छ। हाल शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले परिवर्तित सन्दर्भ अनुसार नयाँ शिक्षा क्षेत्र योजना तर्जुमा गरी यही शैक्षिक सत्र २०७९ देखि कार्यान्वयनमा ल्याएको छ। साथै सबै प्रदेश सरकार र स्थानीय सरकारलाई शिक्षा क्षेत्रको आवधिक योजना निर्माणका लागि सघले मार्गनिर्देश गरेको अवस्था छ।

देवचुली नगरपालिका संविधान प्रदत्त अधिकार र जिम्मेवारी अनुरूप शिक्षालाई समय सापेक्ष बनाउन अग्रसर हुँदै आएको छ। शिक्षाको पहुँच, गुणस्तर, समता र सक्षमता अभिवृद्धिका कार्यक्रमहरू विकास गरी कार्यान्वयन गर्दै आएको छ। यस सन्दर्भमा शिक्षाको वृहत योजना तयार गरी दीर्घकालीन सोच लक्ष्य रणनीति कार्यनीति तथा प्राथमिकताका क्षेत्रहरू पहिचान सहितको शिक्षा क्षेत्रको योजना निर्माण कार्यलाई थप व्यवस्थित गर्न आवश्यक ठानेकेले यो दश वर्षे योजना निर्माण गरिएको छ।

नेपालको संविधान २०७२ बमोजिम माध्यमिक तहसम्मको शिक्षाको अधिकार स्थानीय तहमा निहित छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र दिगो विकास लक्ष्य (SDG ४) को मार्गदर्शन अनुरूप देवचुली नगरपालिकाले शिक्षामा पहुँच, गुणस्तर र समता अभिवृद्धि गर्न यो दश वर्षे शैक्षिक योजना तर्जुमा गरेको छ।

संघीय शिक्षा क्षेत्र योजनाको मर्मलाई आत्मसाथ गर्दै नगरको विशिष्ट शैक्षिक आवश्यकतालाई सम्बोधन गर्नु यस योजनाको मुख्य औचित्य हो ।

### *२.२ दीर्घकालीन सोच*

"सामाजिक तथा आर्थिक रूपान्तरणका लागि समतामूलक, समावेशी, बालमैत्री र गुणस्तरीय शिक्षा ।"

### *२.३ लक्ष्य*

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा प्रतिस्पर्धी, सक्षम, स्वस्थ, सभ्य र नेपाल र नेपालीप्रति गौरव गर्ने जनशक्ति उत्पादन गर्दै सामाजिक न्यायमा आधारित दिगो एवम् समृद्ध नगरको निर्माण गर्ने ।

### *२.४ उद्देश्यहरू*

१. बाल विकास अनुभवसहित कक्षा १ मा शतप्रतिशत भर्ना सुनिश्चित गर्ने ।

२. गुणस्तरीय, समावेशी, निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षाको पहुँच विस्तार गर्ने ।

३. माध्यमिक शिक्षाको गुणस्तर र प्राविधिक पहुँचमा सुधार गर्ने ।

४. आधारभूत भौतिक पूर्वाधार र सूचना प्रविधिको (ICT) उच्चतम प्रयोग गर्ने ।

५. प्राविधिक तथा व्यावसायिक शिक्षाको माध्यमबाट रोजगारीमुखी जनशक्ति तयार गर्ने ।

६. जीवनपर्यन्त सिकाइका लागि अनौपचारिक शिक्षा र सामुदायिक अध्ययन केन्द्रको विकास गर्ने ।

७. शैक्षिक सुशासन र जवाफदेही व्यवस्थापन प्रणाली स्थापना गर्ने ।

८. विपद् र महामारीमा शैक्षिक निरन्तरताका लागि उत्थानशील (Resilient) प्रणाली निर्माण गर्ने ।

९. अपाङ्गता भएका तथा जोखिममा रहेका विद्यार्थीको पहुँच अभिवृद्धि गर्ने ।

### *२.५ रणनीति र कार्यनीति (योजना ढाँचा)*

| क्र.सं | रणनीतिहरू | मुख्य कार्यनीतिहरू |
|---|---|---|
| १ | **बाल शिक्षा अनिवार्य गर्ने** | बाल विकास केन्द्रको नक्शाङ्कन, मन्टेश्वरी तालिम, सहजकर्ताको क्षमता र डिजिटल सिकाइ कक्षको विकास । |
| २ | **अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा** | स्थानीय पाठ्यक्रम लागू गर्ने, विद्यार्थी सहयोग पद्धति, विद्यालय एकीकरण र गुणस्तरीय मापदण्ड कार्यान्वयन । |

| | | |
|---|---|---|
| ३ | **समावेशी शिक्षा प्रवर्द्धन** | अपाङ्गताको पहिचान, साङ्केतिक भाषा, विशेष छात्रवृत्ति, अभिभावक शिक्षा र सुरक्षित विद्यालय वातावरण। |
| ४ | **सूचना तथा प्रविधि (ICT)** | प्रत्येक विद्यालयमा ICT ल्याब, ई-लाइब्रेरी, इन्टरनेट पहुँच र प्रविधिमैत्री सिकाइ सामग्रीको विकास। |
| ५ | **प्राविधिक तथा व्यावसायिक शिक्षा** | बजार मागमा आधारित तालिम, कम्तीमा एक प्राविधिक विद्यालय सञ्चालन र सीप प्रमाणीकरण। |
| ६ | **जीवनपर्यन्त सिकाइ** | सामुदायिक सिकाइ केन्द्रको सुदृढीकरण, डिजिटल साक्षरता र आयमूलक वैकल्पिक शिक्षा कार्यक्रम। |
| ७ | **विपद् तथा उत्थानशीलता** | विद्यालय सुरक्षा योजना, आपतकालीन वैकल्पिक सिकाइ प्रणाली र मानसिक परामर्श सेवा। |
| ८ | **गुणस्तर र सुशासन** | कार्यसम्पादनमा आधारित प्रधानाध्यापक नियुक्ति, सामाजिक परीक्षण, दरबन्दी मिलान र शिक्षक प्रोत्साहन। |
| ९ | **लैङ्गिक समानता र जवाफदेहिता** | विद्यालयमा लैङ्गिक सम्पर्क शिक्षक, महिला नेतृत्व विकास र अनलाइन पारदर्शी सूचना प्रणाली। |

## २.६ अनुगमन र मूल्याङ्कन

यस योजनाको कार्यान्वयनको लागि देहायका सूचकहरूलाई आधार मानिनेछ:

- **पहुँच सूचक:** खुद भर्ना दर, कक्षा छाड्ने दर र टिकाउ दर।
- **गुणस्तर सूचक:** आधारभूत तहको सिकाइ उपलब्धि, माध्यमिक तहको नतिजा।
- **व्यवस्थापन सूचक:** विद्यालय व्यवस्थापन समितिको सक्रियता, सामाजिक परीक्षणको अवस्था र डिजिटल प्रविधिको प्रयोग।

*यस योजनालाई देवचुली नगरपालिकाको वार्षिक नीति तथा कार्यक्रम र बजेटसँग आवद्ध गरी हरेक वर्ष समीक्षा गरिनेछ।*

# परिच्छेद ३

## शिक्षाका क्षेत्रहरू

### ३.१ प्रारम्भिक बाल विकास र शिक्षा (Early Childhood Development and Education - ECDE)

बालबालिकाको सर्वाङ्गीण विकास र विद्यालय प्रवेशको तयारी गर्ने गरी प्रारम्भिक बाल विकास शिक्षा कार्यक्रम सञ्चालन गरिदै आएको छ। प्राथमिक तह कक्षा एकमा भर्नाका लागि तयार गर्ने गरी सञ्चालित विद्यालय तथा समूदायमा आधारित शैक्षिक क्रियाकलापहरू प्रारम्भिक बाल विकास शिक्षा अन्तरगत पर्छन्। यसको प्रमुख उद्देश्य नै कक्षा १ मा भर्नाका लागि तयार गर्नु हो। हाल कार्यान्वयनमा रहेको शिक्षा ऐन तथा नियमावली अनुसार ३ वर्ष देखि ४ वर्षको उमेरलाई प्रारम्भिक बाल शिक्षाको उमेरको रूपमा व्याख्या गरिएको छ।  शारीरिक, मानसिक, सामाजिक, संवेगात्मक विकासको दृष्टिले यो। हाल विद्यालयमा र समुदायमा आधारित प्रारम्भिक बाल शिक्षाका कार्यक्रमहरू सञ्चालनमा रहेका छन्। त्यसै गरी सस्थागत विद्यालयहरूमा प्रारम्भिक बाल विकास कक्षाहरूलाई नर्सरी, किन्डरगार्डेन वा केजी, मन्टेश्वरी जस्ता नामहरूमा सञ्चालनमा रहेका छन्। स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले गरेको  व्यवस्था अनुसार प्रारम्भिक बाल विकास केन्द्रहरूको स्थापना र सञ्चालनको अनुमति स्थानीय तहले नै प्रदान गर्छ।  नगरपालिकाको वास्तलिक अवस्गाका आधारमा पनि प्रारम्भिक बाल शिक्षा तथा विकास र पूर्व प्राथमिक शिक्षामा सबैको समतामूलक पहुँच सुनिश्चित गर्नु पर्ने अवस्था विद्यमान रहेको छ। विभिन्न पृष्ठभूमिका बालबालिकाको सिकाइ आवश्यकताअनुसार अनुकुल सिकाइ वातावरणका  तयार गर्न जरुरी छ। यसका लागि न्यूनतम पूर्वाधार सुनिश्चित गर्नु पनि उत्तिकै जरुरी भएको छ। स्रोत व्यवस्थापन तथा अन्य हिसावले पनि प्रारम्भिक बालविकास का लागि थप नीतिगत तथा कार्यक्रमगत व्यवस्गथा गर्नु पर्ने अवस्था छ।  विभिन्न निकायहरू वीच समन्वय र सहकार्यलाई सुदृढ बनाइ वाल विकास शिक्षा सञ्चालनका लागि उच्चतम हितका लागि परिचालन गर्नु जरुरी छ । सरकारी, गैर सरकारी, निजी क्षेत्र को सक्रियता बढाइ बाल विकासक शिक्षाको गुणस्तरमा सुधार ल्याउनु पर्ने अवस्था विद्यमान रहेको छ।

#### *३.१.१ वर्तमान अवस्था र समस्याहरू*

देवचुली नगरपालिकाभित्र प्रारम्भिक बाल विकास (ECD) कार्यक्रम सञ्चालनमा रहेता पनि केही गम्भीर समस्याहरू विद्यमान छन्:

- **पहुँच र समावेशिता:** सबै बालबालिकाको पहुँच सुनिश्चित हुन नसक्नु र अपाङ्गतामैत्री भौतिक संरचनाको अभाव।
- **शिक्षक व्यवस्थापन:** सहजकर्ताहरूको न्यून पारिश्रमिक, वृत्ति विकासको अवसर नहुनु र दरबन्दीको अभाव।

- **गुणस्तर:** मन्टेश्वरी वा खेलमैत्री सिकाइ पद्धतिको अभाव, शैक्षिक सामग्रीहरूको न्यून उपलब्धता र अनुगमन प्रणालीको कमी।
- **अभिभावकत्व:** प्रारम्भिक शिक्षाप्रति अभिभावकको सचेतना र सहभागिताको स्तर कमजोर हुनु।

### ***३.१.२ रणनीतिक उद्देश्य***

- शारीरिक, सामाजिक, संवेगात्मक र संज्ञानात्मक क्षमताको विकास गर्दै बालबालिकालाई कक्षा १ का लागि पूर्ण तयार बनाउने।
- न्यूनतम मापदण्डबमोजिमको बालमैत्री र स्वास्थ्यमैत्री सिकाइ वातावरण सुनिश्चित गर्ने।

### ***३.१.३ रणनीति र कार्यनीतिहरू***

| **रणनीति** | **मुख्य कार्यनीतिहरू** |
|---|---|
| **१. मापदण्ड र नक्शाङ्कन** | बालबिकास केन्द्रहरूको नक्शाङ्कन गरी 'एक विद्यालय, एक बालविकास केन्द्र' को अवधारणा लागू गर्ने। |
| **२. गुणस्तर सुधार** | मन्टेश्वरी तालिम प्रदान गर्ने, २०:१ को विद्यार्थी-सहजकर्ता अनुपात कायम गर्ने र सिकाइ कुना (Learning Corner) को व्यवस्था गर्ने। |
| **३. शिक्षक सक्षमता र सेवा सुविधा** | सहजकर्ताको क्षमता विकास गर्ने र नगरपालिकाको तर्फबाट थप प्रोत्साहन तथा पारिश्रमिक अनुदानको व्यवस्था गर्ने। |
| **४. स्वास्थ्य र पोषण** | वार्षिक स्वास्थ्य परीक्षण, दिवा खाजा कार्यक्रमलाई नियमित गर्ने र पोषण सचेतना अभिवृद्धि गर्ने। |

### ***३.१.४ प्रमुख कार्यक्रम र भौतिक लक्ष्य***

| **प्रमुख कार्यक्रम** | **इकाई** | **पहिलो ५ वर्ष (२०८४)** | **दोस्रो ५ वर्ष (२०८९)** |
|---|---|---|---|
| मापदण्ड निर्धारण/अध्यावधिक | पटक | १ | १ |
| कक्षाकोठा पुनरसंरचना | सङ्ख्या | ४ | २ |
| थप कक्षा सञ्चालन | सङ्ख्या | १८ | २ |
| सहजकर्ता तालिम | पटक | ६ | ५ |
| वार्षिक स्वास्थ्य परीक्षण | पटक | ५ | १० |
| सिकाइ कुना व्यवस्थापन | सङ्ख्या | ६५ | २ |

### ***३.१.५ अपेक्षित उपलब्धि***

१. **सार्वभौमिक पहुँच:** नगर क्षेत्रका ३-४ वर्ष उमेर समूहका सम्पूर्ण बालबालिका बाल विकास कार्यक्रमको दायरामा आउनेछन्।

२. **सिकाइ तयारी:** आधारभूत तह (कक्षा १) मा भर्ना हुने बालबालिकामा पूर्ण संज्ञानात्मक र सामाजिक क्षमताको विकास हुनेछ।

३. **व्यवस्थित कक्षाकोठा:** प्रत्येक बाल विकास कक्षा 'सिकाइ कुना' र आधुनिक खेल सामग्रीयुक्त हुनेछ।
४. **शिक्षक वृत्ति विकास:** सहजकर्ताको दरबन्दी सिर्जना भई तोकिएको पारिश्रमिक र सेवा सुविधा सुनिश्चित हुनेछ।

५. **स्वास्थ्य सुनिश्चितता:** बाल स्वास्थ्य परीक्षणलाई नगरपालिकाको वार्षिक शैक्षिक पात्रोमा समावेश गरिनेछ।

### ३.२ आधारभूत शिक्षा

वि सं १९९६ सालमा जारी भएको शिक्षाको इस्तिहार पछि नेपालको शिक्षा प्रणालीले गति लिन थालेको हो। प्राथमिक कक्षा १-३, मिडिल स्कुल कक्षा ४-७ र हाइस्कुल कक्षा ८ -१० का रूपमा वर्गीकरण गरी शिक्षा प्रणालीलाई व्यवस्थि हुन थालेको हो । नेपालको शैक्षिक इतिहासमा विभिन्न समयमा उच्चस्तरीय आयोगहरूको प्रबन्ध गरी पटक पटक संरचनामा फेरबदल हुदैँ आएको छ। हाल अन्तरराष्ट्रिय स्तरमा शिक्षामा भइरहेको विकासलाई दृष्टिगत गरी आधारभूत तहलाई कक्षा ८ सम्म कायम गरिएको छ। नेपालको संविधानले आधारभूत शिक्षालाई अनिवार्य र निशुल्क हुने व्यवस्था समेत गरेको छ । सविधानको यो व्यवस्था कार्यान्वयनका लागि नेपाल सरकारले अनिवार्य तथा निशुल्क शिक्षा ऐन, २०७५ र अनिवार्य तथा निःशुल्क शिक्षा नियमावली २०७५ जारी गरी तीन तहको सरकारको भूमिका किटान गरेको छ। शिक्षा प्राप्त गर्ने प्रत्येक व्यक्तिको आधारभूत मानव अधिकार एवं संविधान प्रदत्त मौलिक हकलाई व्यहारमा कार्यान्वयन गर्न यी कानुनी व्यवस्थाहरू सकारात्मक रहेका छन्। शिक्षामा सबैको सहज एवम् समतामूलक पहुँच सुनिश्चत गर्नु पर्ने अवस्था पनि रहेको छ। त्यसै गरी विद्यालय भर्ना भएका बालबालिकाहरूको शैक्षिक निरन्तरता प्रदान गर्ने कार्य अझ बढी महत्वपूर्ण हुदै आएको छ। शिक्षालाई सममावेशी, सर्वव्यापी, जीवनोपयोगी, प्रर्तिस्पर्धी एवं गुणस्तरयुक्त बनाउनका लागि आधारभूत तहदेखि नै विशेष पहल हुन जरुरी छ।। आधारभूत तहको शिक्षा हासिल गर्नु प्रत्येक नागरिकको कर्तव्य हो भने स्थानीय सरकराले यसको सुनिश्चितता गर्नु एक प्रमुख कानुनी दायित्व पनि हो।

आधारभूत तहको शैक्षिक सञ्चालन तथा व्यवस्थापनका विभिन्न समस्याहरू रहेका छन् ।अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ ले गरेको व्यवस्था अनुसारको अनिवार्य र निःशुल्क शिक्षाको सुनिश्चतता गर्ने कार्य प्रत्येक स्थानीय तहका लागि चुनौती पूर्ण रहेका छन्। सङ्घीय तथा प्रदेश सरकारले प्रत्येक वर्ष आफ्नो बजेट मार्फत स्थानीय तहलाई माध्यमिक तहसम्मको शिक्षाका लागि कानुन बमोजिम निश्चित रकम अनुदानको रूपमा विनियोजन गर्दै आएको छ। स्थानीय सरकारले पनि सबैको अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा र निःशुल्क माध्यमिक शिक्षाको अवस्था सुनिश्चित गर्न योजनावद्ध विकासको अभ्यास जरुरी हुन्छ। साथै बालबालिकाहरूको स्वास्थ्य अवस्था सुदृढ पार्न हाल प्राम्भिक नाबाल शिक्षादेखि कक्षा ५ सम्मको

विद्यार्थीहरूलाई विद्यालयमा दिवा खाजाको व्यवस्था रहेको छ। यसको निरन्तरताका लागि पनि विशेष ध्यान दिनु जरुरी छ।

### ३.२.१ *वर्तमान अवस्था र समस्याहरू*

आधारभूत शिक्षाको संवैधानिक प्रत्याभूति (अनिवार्य र निःशुल्क) भएतापनि देवचुली नगरपालिकामा निम्न समस्याहरू देखिएका छन्:

- **पहुँच र निरन्तरता:** विद्यालय छाड्ने दर (Drop-out rate) उच्च रहनु र आधारभूत तहका सबै बालबालिकालाई शिक्षाको दायरामा ल्याउन नसक्नु।
- **शिक्षक व्यवस्थापन:** विद्यार्थी र विषयगत आवश्यकताका आधारमा शिक्षक दरबन्दी पुनर्वितरण हुन नसक्नु।
- **गुणस्तर:** सार्वजनिक विद्यालयप्रति आकर्षण घट्नु, बालमैत्री तथा प्रविधिमैत्री कक्षाकोठाको कमी हुनु।
- **सुशासन:** विद्यालयको नियमित निरीक्षण, सुपरिवेक्षण र कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणालीको अभाव।

### ३.२.२ *रणनीतिक उद्देश्य*

- अनिवार्य र निःशुल्क आधारभूत शिक्षाको व्यावहारिक सुनिश्चितता गर्ने।
- शैक्षिक सुशासन, जवाफदेहिता र गुणस्तरीय सिकाइ वातावरण स्थापना गर्ने।
- आधारभूत तहका बालबालिकाको सिकाइ उपलब्धिमा सुधार ल्याउने।

### ३.२.३ रणनीति र कार्यनीतिहरू

| रणनीति | मुख्य कार्यनीतिहरू |
|---|---|
| **१. विद्यालय नक्शाङ्कन** | जनसाङ्ख्यिक बनोट र विद्यार्थी सङ्ख्याको आधारमा विद्यालय एकीकरण र पुनर्वितरण गर्ने। |
| **२. भौतिक सुधार** | बालमैत्री, समावेशी, अपाङ्गमैत्री र प्रविधिमैत्री पूर्वाधार (ICT Lab, पुस्तकालय) निर्माण गर्ने। |
| **३. गुणस्तर सुधार** | विषयगत शिक्षकको व्यवस्था, स्थानीय पाठ्यक्रम विकास र उपचारात्मक सिकाइ (Remedial Learning) सञ्चालन। |
| **४. सुशासन** | परीक्षा स्तरीकरण, प्रधानाध्यापकको कार्यसम्पादन करार र विद्यालयमा आधारित निरीक्षण पद्धति। |

### *३.२.४ प्रमुख कार्यक्रम तथा भौतिक लक्ष्य*

| प्रमुख कार्यक्रम | इकाई | पहिलो ५ वर्ष | दोस्रो ५ वर्ष | समन्वय/साझेदारी |
|---|---|---|---|---|
| आधारभूत पूर्वाधार विकास | सङ्ख्या | २० | ८ | संघ/प्रदेश/गैसस |
| अपाङ्गमैत्री संरचना निर्माण | सङ्ख्या | २८ | १० | - |
| ICT ल्याब स्थापना | सङ्ख्या | २८ | - | - |
| एक विद्यालय एक पुस्तकालय | सङ्ख्या | २२ | ६ | - |
| विद्यार्थी छात्रवृत्ति | सङ्ख्या | १०,००० | १५,००० | - |

### *३.२.५ अपेक्षित उपलब्धिहरू*

१. **भर्नादर:** कक्षा १-५ को खुद भर्नादर १००% र कक्षा १-८ को ९८% पुग्नेछ।

२. **प्रविधिमैत्री विद्यालय:** प्रत्येक विद्यालयमा सूचना प्रविधि ल्याब र ई-लाइब्रेरीको सुविधा उपलब्ध हुनेछ।

३. **गुणस्तर सुधार:** कक्षा ८ को स्तरयुक्त परीक्षा नतिजामा उल्लेख्य सुधार हुनेछ।

४. **शिक्षक व्यवस्थापन:** विषयगत शिक्षकको अभाव हट्नेछ र शिक्षकहरू कार्यसम्पादनमा केन्द्रित हुनेछन्।

५. **समावेशिता:** अपाङ्गता भएका बालबालिकाहरूका लागि विशेष शैक्षिक सामग्री र पहुँच सुनिश्चित हुनेछ।

यी कार्यनीतिहरूलाई कार्यान्वयनमा लैजाँदा नगरपालिकाले स्थानीय पाठ्यक्रम (Local Curriculum) मा देवचुलीको मौलिकता, परम्परागत प्रविधि र स्थानीय विशिष्टता झल्काउने विषयवस्तुहरूलाई समेट्न विशेष जोड दिनुपर्नेछ।

## ३.३ माध्यमिक शिक्षा

नेपाल सरकारले कक्षा ९-१२ सम्मको शिक्षालाई माध्यमिक शिक्षाका रुपमा परिभाषित गरेको छ। कक्षा ९ १० र ११ १२ गरी दुई समूहमा माध्यमिक शिक्षा व्यवस्थापन हुँदै आएको छ। माध्यमिक शिक्षा उच्च शिक्षा अध्ययनको आधारशिला हो । नेपालको संविधान २०७२ ले माध्यमिक तहसम्मको शिक्षालाई निःशुल्क शिक्षाका रुपमा परिभाषित गरी सबै बालबालिकालाई निःशुल्क शिक्षा लिने अधिकार तथा हक सुनिश्चित गरेको छ। संविधानले शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक सिपमूलक, रोजगारमूलक एवं जनमुखी बनाउँने गरी निर्दिष्ट गरेको छ। साथै सविधानले सक्षम, प्रतिस्पर्धी नैतिक एवं राष्ट्रहितप्रति समर्पित जनशक्ति तयार गर्ने नीति लिएको छ । नेपालको संविधान बमोजिम आधारभूत तथा माध्यमिक शिक्षाको सञ्चालन तथा व्यवस्थापन गर्ने जिम्मेवारी स्थानीय तहलाई प्रदान गरेको छ। विद्यालय शिक्षालाई थप व्यवस्थित गर्न नेपाल सरकारले राष्ट्रिय पाठ्यक्रम प्रारुप विकास गरी कार्यान्वयनमा ल्याएकोछ । यस अन्तर्गत माध्यमिक तहको शिक्षाको सक्षमताहरू तय गरिएका छन्। हालै नेपाल सरकारले समग्र शिक्षा पद्दतिलाई राष्ट्रिय योग्यता प्रारुपका आधारमा व्यवस्थित गर्ने गरी कार्यहरू प्रारम्भ गरेको छ। माध्यमिक शिक्षामा प्राविधिक धारको पाठ्यक्रम पनि पठनपाठनमा रहेको छ। साधारण शिक्षा अन्तरगत यस्ता कार्यक्रमहरू सञ्चालनमा रहेका छन्।

देवचुली नगरपालिकामा कट्ठल १५ ओटा माध्यमिक विद्यालयहरू सञ्चालनमा रहेका छन् । जसमा सामुदायिक १२ र संस्थागत ३ रहेका छन्। त्यसै गरी माध्यमिक तहमा कूल २४४८ विद्यार्थीहरू अध्ययनरत रहेका छन्। विद्यालय विद्यार्थी अनुपात १:२२७ रहेको छ। विद्यार्थी शिक्षक अनुपात १: ५९ रहेको छ र लैङ्गिक समताको अवस्था०:९१ रहेको अवस्था छ।

### *३.३.१ वर्तमान अवस्था र समस्याहरू*

- **शिक्षक व्यवस्थापन:** विद्यार्थी-शिक्षक अनुपात १:५९ हुनुले शिक्षकको दरबन्दी अत्यन्तै अपर्याप्त रहेको देखाउँछ। विषयगत शिक्षकको अभावले सिकाइको गुणस्तरमा प्रतिकूल असर पारेको छ।
- **पूर्वाधारको अवस्था:** अधिकांश विद्यालयमा विज्ञान तथा ICT प्रयोगशालाको अभाव, अपाङ्गतामैत्री संरचनाको कमी र बालमैत्री वातावरणको अभाव छ।
- **रोजगारमुखी शिक्षा:** माध्यमिक शिक्षा सैद्धान्तिक मात्र बढी छ, सीपमूलक र रोजगारमूलक बन्न सकेको छैन।
- **सुशासन र अनुसन्धान:** विद्यालय निरीक्षण र शैक्षिक अनुसन्धानमा आधारित शिक्षण सिकाइ प्रणालीको कमी छ।

### *३.३.२ रणनीतिक उद्देश्य*

- माध्यमिक तहको शिक्षालाई प्रतिस्पर्धी, व्यावसायिक र सिपमूलक बनाउने।
- विषयगत शिक्षक र आधुनिक प्रयोगशालाको माध्यमबाट गुणस्तरीय शिक्षण सिकाइ सुनिश्चित गर्ने।

- विपद् र महामारीका लागि उत्थानशील (Resilient) शैक्षिक प्रणालीको विकास गर्ने ।

### ३.३.३ *रणनीति र कार्यनीतिहरू*

| **रणनीति** | **मुख्य कार्यनीतिहरू** |
|---|---|
| **१. शिक्षक व्यवस्थापन** | विद्यार्थी सङ्ख्याको आधारमा दरबन्दी मिलान, विषयगत शिक्षक पदपूर्ति र पेसागत विकास तालिम सञ्चालन । |
| **२. प्रविधि तथा प्रयोगशाला** | प्रत्येक माध्यमिक विद्यालयमा ICT ल्याब, विज्ञान प्रयोगशाला र पुस्तकालयको अनिवार्य स्थापना । |
| **३. सीपमूलक शिक्षा** | साधारण धारका विद्यालयमा प्राविधिक शिक्षा विस्तार, उद्यमीशीलता तालिम र स्थानीय बजार माग अनुसारको सीप प्रमाणीकरण । |
| **४. सुशासन र प्रोत्साहन** | प्रधानाध्यापकको कार्यसम्पादन करार, उत्कृष्ट विद्यालयलाई प्रोत्साहन अनुदान र निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धति । |

### ३.३.४ *प्रमुख कार्यक्रम तथा भौतिक लक्ष्य*

| **प्रमुख कार्यक्रम** | **पहिलो ५ वर्ष (२०८४)** | **दोस्रो ५ वर्ष (२०८९)** |
|---|---|---|
| भौतिक पूर्वाधार विकास (ल्याब/पुस्तकालय) | १० | १० |
| शिक्षक दरबन्दी मिलान | २ पटक | ३ पटक |
| प्राविधिक धार विस्तार (अनुदान थप) | १ | १ |
| विद्यार्थी छात्रवृत्ति (गरीब तथा जेहन्दार) | ३००० | ५००० |
| शिक्षक पेसागत विकास तालिम | ५ पटक | ५ पटक |

### ३.३.५ *अपेक्षित उपलब्धिहरू*

१. **शिक्षक उपलब्धता:** सबै माध्यमिक विद्यालयमा स्वीकृत दरबन्दी र विषयगत शिक्षकको उपलब्धता सुनिश्चित हुनेछ ।

२. **प्रयोगशाला र प्रविधि:** प्रत्येक विद्यालयमा विज्ञान, आइसिटी प्रयोगशाला र ई-लाइब्रेरीको स्थापना हुनेछ ।

३. **पहुँच र टिकाउ:** माध्यमिक शिक्षामा भर्नादर र टिकाउ दरमा उल्लेख्य वृद्धि भई कक्षा १२ सम्मको शिक्षामा समतामूलक पहुँच पुग्नेछ ।

४. **रोजगारमुखी जनशक्ति:** प्राविधिक धार र व्यावसायिक सीपयुक्त जनशक्ति उत्पादन भई बजारको मागसँग शिक्षाको तादात्म्यता मिल्नेछ ।

५. **विपद् उत्थानशीलता:** सबै विद्यालयहरू विपद् र महामारीका लागि सुरक्षित वातावरणसहित सञ्चालन हुनेछन् ।

६. **लैङ्गिक समानता:** भर्ना, सहभागिता र सिकाइ उपलब्धिमा लैङ्गिक खाडल (Gender gap) हट्नेछ।

**विशेष सुझाव:**

- **विद्यालय एकीकरण:** देवचुली नगरपालिकाले कम विद्यार्थी सङ्ख्या भएका विद्यालयहरूको नक्शाङ्कन गरी 'विद्यालय एकीकरण' (School Merger) अभियानलाई प्राथमिकताका साथ अघि बढाउनुपर्ने देखिन्छ।
- **अनुसन्धानमा आधारित शिक्षण:** शिक्षकहरूलाई 'एक्सन रिसर्च' (Action Research) का लागि नगरपालिकाले प्रोत्साहन अनुदानको व्यवस्था गर्नु उपयुक्त हुन्छ, जसले शिक्षण शैलीमा सुधार ल्याउँछ।
- **संस्कृत र प्राविधिक धार:** संस्कृत विद्यालय र प्राविधिक धारका विद्यालयहरूलाई नगरपालिकाले 'शैक्षिक हब' का रूपमा विकसित गरी थप अनुदान र प्रविधि उपलब्ध गराउनुपर्छ।

## ३.४ प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकास तथा तालिम

प्राविधिक तथा व्यवसायिक शिक्षा नगरपालिकाको विकास तथा देशको समृद्धिको आधार हो । यसले रोजगारीका अवसरहरूको सिर्जना गर्छ। यस क्षेत्रको विकास र विस्तारको क्रममा हाल दुई प्रकारबाट व्यवस्थित गरिँदै आएको छ । पहिलो साधारण माध्यमिक विद्यालयमा आधारित प्राविधिक शिक्षा सम्बन्धी शैक्षिक कार्यक्रम। दोस्रो प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद बाट सञ्चालित कार्यक्रमहरू। विद्यालय तहको कक्षा ९ देखि १२ सम्मको प्राविधिक धारमा आधारित माध्यमिक शिक्षा विभिन्न विद्यालयहरू सञ्चालन हुँदै आएका छन्।

देवचुली नगरपालिका अन्तरगत दुई ओटा प्राविधिक धार सञ्चालन भएका साधारण विद्यालयहरू छन्। त्यसै गरी यस नगरमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्बाट सञ्चालित एक विद्यालय रहेका छन् । विविध क्षेत्रमा व्यावसायिक तथा सिप विकासमा आधारित तालिमहरू सञ्चालनमा रहेका छन् । प्राविधिक तथा व्यावसायिक शिक्षा तालिमको विकास र विस्तारको लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको मातहतमा प्राविधिक शिक्षा तथा व्यावसयिक तालिम परिषद्को कार्यरत रहदै आएको छ। यसै गरी अन्य निकायहरूबाट पनि छोटो अवधिका व्यावसायिक सिप विकासका कार्यक्रमहरू सञ्चालन हुदै आएका छन्। श्रम तथा रोजगार,उद्योग लगायतका मन्त्रायहरूबाट यससम्बन्धी विभिन्न सिप विकासका तालिम कार्यक्रमहरू सञ्चालनमा रहेका छन् । हाल देशभरी आङ्गिक, साझेदारी, परिषद्सँग सम्बन्धन लिएका सामुदायिक विद्यालय र निजी संस्थाहरूले डिप्लोमा, प्रमाणपत्र तह र प्राविधक एसएलसी तथा छोटो अवधिको सिपमूलक तालिम सञ्चाललन गरिरहेका छन्। प्राविधिक सीप परीक्षण गरी प्रमाणीकरण गर्ने व्यवस्था पनि कार्यान्वयनमा रहेको छ।

### ३.४.१ *वर्तमान अवस्था र समस्याहरू*

नगरपालिकामा प्राविधिक शिक्षाको पहुँच विस्तार गर्ने प्रयास भए पनि निम्न समस्याहरू देखिएका छन्:

- **सैद्धान्तिक बनाम प्रयोगात्मक:** पठनपाठन बढी सैद्धान्तिक हुनु र प्रयोगात्मक अभ्यासका लागि आवश्यक उपकरण तथा स्थानको अभाव।
- **शिक्षक/प्रशिक्षक:** योग्य प्रशिक्षकको अभाव र स्थायित्व नहुनु।
- **आकर्षण:** प्राविधिक शिक्षाप्रति विद्यार्थी र अभिभावकको न्यून विश्वास र रोजगारीको सुनिश्चितताको अभाव।
- **पूर्वाधार:** प्रविधिमैत्री प्रयोगशाला, पाठ्यपुस्तक र सिकाइ सामग्रीको अपर्याप्तता।

### ३.४.२ *रणनीतिक उद्देश्य*

- प्राविधिक शिक्षालाई स्थानीय स्रोत, साधन र बजारको मागसँग आबद्ध गरी रोजगारमुखी बनाउने।
- प्राविधिक शिक्षामा सीमान्तकृत समुदायको पहुँच बढाउने र सीप प्रमाणीकरणको व्यवस्था गर्ने।
- 'एक विद्यालय, एक उद्यमशीलता' अवधारणा मार्फत स्वरोजगार सिर्जना गर्ने।

### ३.४.३ *रणनीति र कार्यनीतिहरू*

| रणनीति | मुख्य कार्यनीतिहरू |
|---|---|
| **१. क्षमता अभिवृद्धि** | 'बहु-प्राविधिक शिक्षालय' स्थापना, विद्यमान विद्यालयको प्रयोगशाला सुदृढीकरण र प्रशिक्षकको पेसागत विकास। |
| **२. बजारसँग आबद्धता** | स्थानीय उद्योग र व्यावसायिक निकायहरूसँग सहकार्य गरी 'इन्टर्नशिप' र 'रोजगार प्रवर्द्धन' कार्यक्रम। |
| **३. पहुँच विस्तार** | दलित, अपाङ्गता र विपन्न विद्यार्थीका लागि लक्षित छात्रवृत्ति र सीप प्रमाणीकरण । |
| **४. उद्यमशीलता** | 'पढ्दै-कमाउँदै' कार्यक्रम र परम्परागत सीपको आधुनिकीकरण तथा प्रमाणीकरण। |

### ३.४.४ *प्रमुख कार्यक्रम तथा भौतिक लक्ष्य*

| प्रमुख कार्यक्रम | पहिलो ५ वर्ष | दोस्रो ५ वर्ष | समन्वय/साझेदारी |
|---|---|---|---|
| नक्शाङ्कन र भौतिक सुदृढीकरण | २ | १ | संघ/प्रदेश/गैसस |
| बहु-प्राविधिक विद्यालय सञ्चालन | १ | १ | - |
| छोटो अवधिको सीपमूलक तालिम | ५ पटक | ५ पटक | - |
| रोजगारी/व्यवसाय अनुदान | ५० जना | ७० जना | - |
| एक विद्यालय एक उद्यमशीलता | ८ विद्यालय | ८ विद्यालय | - |

### ३.४.५ *अपेक्षित उपलब्धिहरू*

१. **पूर्वाधार:** प्राविधिक धारका विद्यालयहरूमा आधुनिक प्रयोगशाला, मेसिनरी र स्मार्ट कक्षाको उपलब्धता सुनिश्चित हुनेछ।

२. **बहु-प्राविधिक विद्यालय:** नगर क्षेत्रमा कम्तीमा एक व्यवस्थित 'बहु-प्राविधिक शिक्षालय' सञ्चालनमा आउनेछ।

३. **स्वरोजगार:** स्थानीय सीपको पहिचान र प्रमाणीकरण गरी धेरै विद्यार्थीहरू स्वरोजगार र उद्यमशील बन्नेछन्।

४. **सामाजिक न्याय:** विपन्न तथा सीमान्तकृत वर्गले प्राविधिक शिक्षाको अवसर र छात्रवृत्ति पाउनेछन्।

५. **पेसागत दक्षता:** प्रशिक्षकहरू पेसागत तालिमबाट सुसज्जित हुनेछन् र विद्यार्थीहरूको सिकाइ उपलब्धिमा गुणात्मक सुधार आउनेछ।

**नोट:**

- **सीप प्रमाणीकरण:** नगरपालिकाले अनौपचारिक रूपमा सिकेका स्थानीय कालीगढ तथा श्रमिकहरूको सीप परीक्षण र प्रमाणीकरणका लागि प्रदेश सरकारसँग सहकार्य गरी 'सीप परीक्षण केन्द्र' स्थापना गर्न जोड दिनुपर्छ।
- **बजार माग:** प्राविधिक धारका पाठ्यक्रमहरू छनोट गर्दा देवचुली नगरपालिका आसपासका उद्योग र बजारको आवश्यकता (Demand-driven) लाई मुख्य आधार बनाउनु थप प्रभावकारी हुन्छ।

### ३.५ पाठ्यक्रम / पाठ्यसामग्री

पाठ्यक्रम समग्र शिक्षा पद्दतिलाई मार्गदर्शन गर्ने दस्तावेज हो । पाठ्यक्रमले निर्दष्ट गरे अनुसारको शिक्षा सञ्चालन तथा व्यवस्थापन हुने गर्छ। विद्यालयद्वारा बालबालिकाहरूलाई प्रदान गरिने ज्ञान, सीप, अभिवृत्ति तथा सम्पूर्ण अनुभवहरू व्यवस्थित गरिएको योजनालाई पाठ्यक्रमका रूपमा परिभाषित गर्ने गरिन्छ । ।पाठ्यक्रममा सिकारुले हासिल गर्ने सम्पूर्ण शैक्षिक अनुभवहरूलाई समेटिएको हुन्छ। पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि विभिन्न पक्षहरू जिम्मेवार हुन्छन्। विद्यालय व्यवस्थापन विद्यालयको भौतिक पूर्वाधार शिक्षक तथा शिक्षकको सक्षमता शिक्षण सिकाइ वातावरण उपलब्ध स्रोत तथा साधन आदि केही प्रमुख पक्षहरू हुन्। त्यसमा पाठ्यक्रमको कार्यान्वयनका पक्षबाट शिक्षकको दायित्व प्रमुख हुन्छ। त्यसैले शिक्षण सिकाइ क्रियाकलाप प्रभावकारी बनाउन शिक्षकलाई पाठ्यक्रमको कार्यान्वयनका लागि तालिमको आवश्यकता पर्दछ । त्यसैगरी पर्याप्त सिकाइ सामग्रीहरूको विकास तथा उपयोग अत्यावश्यक हुन्छ । । शैक्षिक सुपरीवेक्षण, विद्यालय व्यवस्थापनले पाठ्यकम कार्यान्वयनलाई नै प्रभावकारी बनाउँछ। पाठ्यक्रमलाई मुख्य पाठ्यक्रम, ऐच्छिक पाठ्यक्रम तथा स्थानीय पाठ्यक्रम गरी व्यवस्थापन गरिदै आएको छ। यसलाई व्यवस्थित गर्न नेपाल सरकारले राष्ट्रिय प्रारुप ढाँचा तयार गरी कार्यान्वयनमा ल्याएको छ। साथै हालैका दिनमा नेपाल सरकारले योग्यता प्रारूप ढाँचाको अवधारणालाई कार्यान्वयनमा लैजानै योजना तयार गरेको अवस्था छ। यी सवे नीतिगत दसतावेजहरूले शिक्षण सिकाइ तथा पाठ्यक्रम तथा सिकाइ सामग्रीहरूलाई निर्देशित गरिएको हुन्छ।

विद्यमान अभ्यास अनुसार नेपाल सरकारले विद्यालय तहको पाठ्यक्रम तथा पाठ्य पुस्तकहरू विकास गर्दै आएको छ। त्यसै गरी राष्ट्रिय पाठ्यक्रम प्रारुपले विद्यालय तथा समुदायको आवश्यकता अनुसारको सिकाइका लागि स्थानीय पाठ्यक्रमको व्यवस्था समेत गरेकोछ। कक्षा १ देखि कक्षा ८ सम्म एक/एक ओटा विषय स्थानीय पाठ्यक्रम वा मातृभाषा रहने व्यवस्था गरिएको छ। स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयनको अधिकार स्थानीय तहहरूलाई दिइएको छ। स्थानीय तहलाई पाठ्यक्रम विकास तथा कार्यान्वयन गर्न सहजीकरण गर्ने उद्देश्यबाट पाठ्यक्रम विकास केन्द्रले स्थानीय पाठ्यक्रम विकास मार्गदर्शन,२०७६ कार्यान्वयनमा ल्याएको छ। यस मार्गदर्शन अनुसार स्थानीय पाठ्यक्रमको कार्यान्वयन गर्न स्थानीय तहले आआफ्नो पालिका तहमा स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन गर्ने गरेका छन। यसका लागि सबै शिक्षकहरूको क्षमता विकास तथा यसको कार्यान्वयनमा सहजीकरण गर्नुपर्ने व्यवस्था छ।

### ३.५.१ *वर्तमान अवस्था र समस्याहरू*

- **एकरूपता र बाहुल्यता:** नेपाल सरकारद्वारा निर्मित पाठ्यक्रम र पाठ्यपुस्तकमा मात्र अत्यधिक निर्भरता, थप रचनात्मक र स्थानीय सिकाइ सामग्रीको अभाव।
- **स्थानीय पाठ्यक्रम:** स्थानीय आवश्यकता र मौलिकताभन्दा बाहिर गएर अङ्ग्रेजी, कम्प्युटर जस्ता विषयहरूलाई 'स्थानीय पाठ्यक्रम' का रूपमा जबरजस्ती प्रयोग गरिनु।
- **प्रविधि र संसाधन:** डिजिटल शिक्षण सामग्रीको कमी, पुस्तकालयको प्रभावकारी प्रयोग नहुनु र शिक्षकमा प्रविधिमैत्री शिक्षण सीपको न्यूनता।
- **अनुसन्धानको कमी:** पाठ्यक्रमको कार्यान्वयनमा अनुसन्धानात्मक विधि (Research-based learning) को अभ्यास नहुनु।

### ३.५.२ *रणनीतिक उद्देश्य*

- राष्ट्रिय पाठ्यक्रम प्रारूपको मर्म अनुरूप स्थानीय आवश्यकता, मातृभाषा र मौलिक ज्ञानमा आधारित पाठ्यक्रमको विकास गर्ने।
- सिकाइलाई प्रविधिमैत्री, प्रयोगात्मक र खोजमूलक बनाउने।
- सिकाइ सामग्रीको डिजिटाइजेसन गरी सबैको पहुँचमा पुऱ्याउने।

### ३.५.३ *रणनीति र कार्यनीतिहरू*

| रणनीति | मुख्य कार्यनीतिहरू |
|---|---|
| **१. स्थानीय पाठ्यक्रम** | नगरपालिका स्तरमा विज्ञ समूह गठन गरी कक्षा १-८ सम्मको स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री निर्माण गर्ने। |
| **२. प्रविधिमैत्री शिक्षण** | पाठ्यसामग्रीको डिजिटाइजेसन (E-content), ICT को पहुँच विस्तार र शिक्षकका लागि प्रविधि तालिम सञ्चालन। |
| **३. अनुसन्धान र प्रयोगात्मक** | स्थानीय विषयमा 'स्थलगत अभ्यास' (Field-based learning) र व्यवहार कौशल सीपमा जोड। |

| | |
|---|---|
| **४. सुशासन र अनुगमन** | पाठ्यक्रम कार्यान्वयनको निरन्तर अनुगमन तथा विद्यालय तहमा 'रिसोर्स सेन्टर' का रूपमा पुस्तकालयको विकास । |

***३.५.४ प्रमुख कार्यक्रम तथा भौतिक लक्ष्य***

| **कार्यक्रम** | **पहिलो ५ वर्ष** | **दोस्रो ५ वर्ष** | **समन्वय/साझेदारी** |
|---|---|---|---|
| स्थानीय पाठ्यक्रम विकास ढाँचा | १ पटक | २ पटक | संघ/प्रदेश/विज्ञ |
| प्रविधिमा आधारित शिक्षक तालिम | ३०० जना | ५०० जना | - |
| शैक्षिक सामग्री डिजिटाइजेसन | १ पटक | १ पटक | - |
| स्थानीय मातृभाषा सामग्री विकास | ५ पटक | ५ पटक | - |
| पाठ्यक्रम प्रबोधीकरण | ५ पटक | ५ पटक | - |

***३.५.५ अपेक्षित उपलब्धिहरू***

१. **मौलिक पाठ्यक्रम:** स्थानीय परिवेश, परम्परा र आवश्यकता झल्किने स्थानीय पाठ्यक्रम कार्यान्वयनमा आउनेछ ।

२. **प्रविधिमैत्री विद्यालय:** सबै विद्यालयमा डिजिटल सिकाइ वातावरण तयार भई शिक्षकहरू प्रविधिमैत्री शिक्षणमा सक्षम हुनेछन् ।

३. **डिजिटल पहुँच:** सिकाइ सामग्रीहरू डिजिटलाइज भई विद्यार्थी र शिक्षकको पहुँचमा रहनेछन् ।

४. **व्यवहार कौशल:** स्थानीय विषयको पठनपाठनबाट विद्यार्थीमा व्यवहारिक र जीवनोपयोगी सीपको विकास हुनेछ ।

५. **विपद् उत्थानशीलता:** महामारी वा सङ्कटको अवस्थामा वैकल्पिक सिकाइ सामग्रीमार्फत शैक्षिक निरन्तरता सुनिश्चित हुनेछ ।

**कार्यान्वयनका लागि विशेष सुझावहरू:**

- **शिक्षक विज्ञ समूह:** नगरपालिकाले आन्तरिक स्रोत (दक्ष शिक्षक) बाट नै 'पाठ्यक्रम विकास विज्ञ समूह' बनाउनु दिगो र किफायती हुनेछ ।
- **स्थानीय भाषा/संस्कृति:** पाठ्यक्रम विकास गर्दा देवचुलीको प्राकृतिक सम्पदा, स्थानीय पेशा र मातृभाषालाई समेट्नु सान्दर्भिक हुन्छ ।
- **पुस्तकालयलाई सिकाई केन्द्र:** विद्यालयको पुस्तकालयलाई केवल पुस्तक थन्क्याउने ठाउँ नबनाई सूचना प्रविधि र डिजिटल सामग्रीको 'हब' बनाउनुपर्छ ।
- **मूल्याङ्कन पद्धति:** सैद्धान्तिक परीक्षा मात्र नभई प्रयोगात्मक र निरन्तर विद्यार्थी मूल्याङ्कन (CAS) लाई पाठ्यक्रमको अभिन्न अङ्ग बनाइनुपर्छ ।

## ३.६ शिक्षक व्यवस्थापन र विकास

गुणस्तरीय शिक्षा आजको आवश्यकता हो । गुणस्तरीय शिक्षामा शिक्षकको भूमिका महत्वपूर्ण हुन्छ । शिक्षक सिकारु अभिभावक सबैको सक्रियतामा शैक्षिक गुणस्तरमा सुधार गर्न सकिन्छ । त्यसमा पनि शिक्षकको भूमिका अहम रहन्छ । यसका लागि शिक्षकहरूको उचित व्यवस्थापन जरुरी हुन्छ । हालको व्यवस्था अनुसार शिक्षकको विकास मूलतः विश्वविद्यालयहरूबाट हुने गर्छ । विश्वविद्यालयबाट उत्पादित जनशक्तिनै शिक्षा क्षेत्रमा सक्रिय हुने गर्छन् । विश्वविद्यालका मेधावी विद्यार्थीहरूलाई शिक्षक पेसाप्रति आकर्षण गर्न सकेमा शिक्षण पेसामा दक्ष र सक्षम जनशक्तिको प्रवेश हुने वातावरण सिर्जना हुन्छ । कार्यरत शिक्षकहरूको क्षमता विकास मार्फत पनि शिक्षण पेसाप्रतिको उनीहरूको उत्तरदायित्वको बढाउन सकिन्छ । शिक्षकलाई शिक्षण सिकाइ प्रति उत्तरदायी बनाउने कार्य आजको अपरिहार्य आवश्यकता बनेको छ ।

शिक्षाको गुणस्तरको अवस्था प्रत्यक्ष रूपले शिक्षकको तयारी, विकास र व्यवस्थापमा आधारित हुन्छ । गुणस्तरीय शिक्षक नियुक्ति र परिचालनका लागि शिक्षकको प्राज्ञिक योग्यता र तालिम दुवैको महत्वपूर्ण भूमिका हुन्छ । विद्यमान शिक्षा नियमावलीले पनि शिक्षाशास्त्र सङ्कायमा अध्ययन गरेका शिक्षकहरूलाई प्राज्ञिक र पेसागत दुवै रूपले योग्य मानेको छ। यसका अतिरिक्त शिक्षक हुनका लगि शिक्षक सेवा आयोगबाट लिइने शिक्षण अध्यापन अनुमती पत्रको परीक्षा समेत उत्तीर्ण हुनु पर्छ । विद्यालय तहका शिक्षकका लागि अध्ययन अनुमती पत्रको व्यवस्था गर्न र शिक्षक छनोट र शिक्षकको बढुवाका लागि सिफारिस गर्न शिक्षक सेवा आयोगको व्यवस्था रहेको छ ।

शिक्षक व्यवस्थापनका लागि शिक्षा तथा मानव स्रोत विकास केन्द्र, विद्यालय शिक्षक किताव खाना,प्रदेश स्थित शिक्षा विकास निर्देशनालय र प्रदेश शिक्षक तालिम केन्द्रहरू जिम्मेवार छन् । त्यसै गरी संघ मातहत रहेको जिल्ला स्थित शिक्षा विकास तथा समन्वय इकाइ,स्थानीय तह र विद्यालय पनि शिक्षक व्यवस्थापन कार्यमा संलग्न हुन्छन् ।

विद्यमान अवस्थामा शैक्षिक संघसंस्थाबाट उच्चतम अङ्क प्राप्त गरेका व्यक्ति तथा उच्च प्रतिभाशाली व्यक्तिहरूको पहिलो रोजाइ शिक्षण पेसा हुन सकेको देखिंदैन । नेपालको सामाजिक मूल्य तथा मान्यताका कारण शिक्षकलाई गरिने सामाजिक सम्मान कम हुने गरेको छ । शिक्षकलाई प्रदान गरिने वृत्तिविकासको अवसरमा रहेका केही सीमितता पनि शिक्षण पेसा तर्फ विकर्षणका लागि जिम्मेवार छन् ।

नेपालको सामुदायिक विद्यालयहरूमा कार्यरत अधिकाश शिक्षकहरू तालिम प्राप्त छन् । शिक्षक सेवा आयोगबाट लिइने योग्यता परीक्षा उत्तीर्ण भइ शिक्षण पेसामा आवद्ध भएका हुन्छन् । किन की शिक्षक सेवा आयोगद्वारा गरिएको विज्ञापनअनुसार लिइएको प्रतिस्पर्धात्मक परीक्षामा सोही तह र विषयमा अध्यापन अनुमती पत्र प्राप्तमध्येबाट प्रतिस्पर्धा गराइ उत्तीर्ण गर्ने उम्मेदवारहरूमध्ये योग्यता क्रम अनुसार बढी अङ्क प्राप्त गर्नेलाई प्राथमिकताको आधारमा स्थायी नियुक्ति गरिन्छ ।

पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न कक्षा कोठामा गरिने क्रियाकलापहरू शिक्षण सिकाइ क्रियाकलापका रूपमा रहन्छन् । यसका लगि शिक्षकहरू पेसागत रूपले योग्य, दक्ष, सिपयुक्त हुनु पर्छ। शिक्षणप्रति झुकाव हुनु पर्छ । शिक्षक सहजकर्ताको रूपमा प्रस्तुत हुनुपर्छ । उनीहरूले विद्यार्थीको सिकाइलाई प्रोत्साहन गर्न सक्नु पर्छ । सिकारुका सिकाइ समस्या पहिचान गरी उनीहरूलाई निरन्तर सिकाइमा उत्प्रेरित गर्नु पर्छ । विद्यार्थीहरूलाई

सिक्ने कार्यमा बढी सहभागी गराउन सहजीकरण गर्नु पर्छ ।  कक्षा कोठामा विद्यार्थीहरूलाई बढीभन्दा बढी सक्रिय हुन उत्प्रेरित  गर्नु पर्छ । पाठ्यक्रमले तय गरेको सिकाइ उपलब्धि हासिल गर्न शैक्षिक सामग्मा आधारित शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्नु पर्छ ।

शिक्षकहरूबढी जिम्मेवार हुनु पर्छ । सिकारुको सिकाइका लागि प्रतिवद्ध हुनुपर्छ । उनीहरू बढी जिम्वेवारपूर्ण हुनुपर्दछ । यसका लागि शिक्षक सहयोग पद्दति पनि उत्तिकै जिम्मेवार हुन्छ । शिक्षकलाई निरन्तर सहयोग सहजीकरण तथा परामर्श प्रदान गर्नु पर्छ । आवश्यकता अनुसार शिक्षण सिकाइका लागि थप पेसागत विकासका अवसरहरू प्रदान गरी ज्ञान सिप र दक्षताका पक्षबाट अद्यावधिक गराइरहनु पर्छ । आधुनिक शिक्षण प्रविधि र प्रविधिमा आधारित शिक्षण सक्षमता विकास हुनु पर्छ ।

### ३.६.१ *वर्तमान अवस्था र समस्याहरू*

- **आकर्षणको कमी:** शिक्षण पेसा मेधावी जनशक्तिको पहिलो रोजाइ बन्न नसक्नु र सामाजिक सम्मानमा कमी ।
- **अवैज्ञानिक मूल्याङ्कन:** शिक्षकको कार्यसम्पादन मूल्याङ्कन वस्तुनिष्ठ नहुनु र पुरस्कार/दण्ड प्रणाली प्रभावहीन रहनु ।
- **समन्वयको अभाव:** संघ, प्रदेश र स्थानीय तहबीच शिक्षक पदस्थापन र व्यवस्थापनमा स्पष्ट कार्यविधिको कमी ।
- **तालिम र कक्षाकोठा:** तालिमको ज्ञान कक्षाकोठाको सिकाइमा रूपान्तरण हुन नसक्नु र प्रविधिको प्रयोगमा शिक्षकको क्षमता सीमित हुनु ।

### ३.६.२ *रणनीतिक उद्देश्य*

- शिक्षकलाई 'सहजकर्ता' (Facilitator) र 'अनुसन्धानकर्ता' (Researcher) को भूमिकामा स्थापित गर्ने ।
- कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली (Performance-based Incentive) मार्फत शिक्षण सिकाइलाई उत्तरदायी बनाउने ।
- विषयगत र मापदण्डमा आधारित शिक्षक दरबन्दी मिलान गरी सन्तुलित शैक्षिक वातावरण निर्माण गर्ने ।

### ३.६.३ *रणनीति र कार्यनीतिहरू*

| **रणनीति** | **मुख्य कार्यनीतिहरू** |
|---|---|
| **१. क्षमता विकास** | 'ज इन्डक्सन' (Job Induction) तालिम, अनलाइन/अफलाइन मिश्रित (Blended) तालिम र अनुसन्धानमा आधारित तालिम । |
| **२. प्रभावकारी व्यवस्थापन** | विद्यालयमा विषयगत विभाग गठन, प्रधानाध्यापकको कार्यसम्पादन करार र दरबन्दी मिलान । |

| | |
|---|---|
| **३. प्रोत्साहन र सुशासन** | 'उत्कृष्ट शिक्षक/प्रधानाध्यापक पुरस्कार', शिक्षक जर्नल प्रकाशन र कार्यसम्पादनमा आधारित थप सुविधा। |
| **४. मेन्टोरिङ प्रणाली** | स्थानीय विज्ञ समूहबाट विद्यालयमा आधारित 'पेसागत सहयोग' (Mentoring) र सहकर्मी बीच अनुभव आदानप्रदान। |

**३.६.४ *प्रमुख कार्यक्रम तथा भौतिक लक्ष्य***

| **कार्यक्रम** | **पहिलो ५ वर्ष** | **दोस्रो ५ वर्ष** | **समन्वय/साझेदारी** |
|---|---|---|---|
| सूचना प्रविधिमा आधारित शिक्षक तालिम | ५ पटक | ५ पटक | संघ/प्रदेश/गैसस |
| भर्चुअल पेसागत तालिम | ८ पटक | १० पटक | - |
| शिक्षक जर्नल प्रकाशन | ५ पटक | ५ पटक | - |
| नव-नियुक्त शिक्षक तालिम (Induction) | २ पटक | ३ पटक | - |
| उत्कृष्ट शिक्षक सम्मान | ५ पटक | ५ पटक | - |

**३.६.५ *अपेक्षित उपलब्धिहरू***

१. **दक्ष जनशक्ति:** प्रत्येक शिक्षक आधुनिक प्रविधि र शिक्षण विधिमा पोख्त हुनेछन्।

२. **उत्तरदायित्व:** कार्यसम्पादन मूल्याङ्कन प्रणालीबाट शिक्षकहरू सिकाइ प्रति थप जिम्मेवार बन्नेछन्।

३. **नेतृत्व विकास:** प्रत्येक विद्यालयमा योग्य प्रधानाध्यापक र विषयगत विभागको नेतृत्व सुनिश्चित हुनेछ।

४. **अनुसन्धान संस्कृति:** शिक्षकहरूले आफ्ना सिकाइ अनुभव र समस्या समाधानका लागि अनुसन्धानात्मक लेख तथा जर्नल प्रकाशन गर्नेछन्।

५. **दिगो व्यवस्थापन:** शिक्षक अभिलेख व्यवस्थापन प्रणाली (EMIS) पूर्ण रूपमा अद्यावधिक हुनेछ।

**थप कार्यान्वयनका लागि विशेष सुझावहरू:**

- **शिक्षक 'लर्निङ कम्युनिटी' (PLC):** नगरपालिकाले विद्यालयहरूलाई साना-साना समूहमा बाँडी 'प्रोफेसनल लर्निङ कम्युनिटी' का रूपमा विकसित गर्नुपर्छ, जसले विद्यालयको आन्तरिक सुधारमा मद्दत गर्छ।
- **प्रधानाध्यापकको भूमिका:** प्रधानाध्यापकलाई केवल प्रशासक नभई 'शैक्षिक नेतृत्व' (Instructional Leader) का रूपमा विकास गर्न विशेष तालिम र अधिकार प्रत्यायोजन गर्नुपर्छ।
- **डिजिटल जर्नल:** शिक्षकहरूले गरेका राम्रा अभ्यासहरूलाई प्रवर्द्धन गर्न नगरपालिकाको वेबसाइटमा 'शिक्षक पोर्टल' बनाई 'डिजिटल जर्नल' प्रकाशन गर्ने व्यवस्था गर्नुपर्छ।
- **कार्यसम्पादन सूचक (KPI):** शिक्षकको बढुवा र प्रोत्साहनका लागि विद्यार्थीको सिकाइ उपलब्धि (Learning Outcome) लाई मुख्य सूचक बनाउनु वैज्ञानिक हुन्छ।

## ३.७ विद्यालय व्यवस्थापन

नेपालमा संघीय स्वरूपको राज्य व्यवस्था अनुसार विद्यालय शिक्षाको व्यवस्थापनमा तीनै तहको सरकार (संघ, प्रदेश र स्थानीय तह) क्रियाशिल रहेका छन् । नेपालको संविधान २०७२ ले माध्यमिक तहसम्मको शिक्षा सञ्चालन व्यवस्थापन गर्ने अख्तियारी स्थानीय तहलाई तोकेको छ । यसो भए तापनि शिक्षाको व्यवस्थापन तीन ओटै तहको कार्यसूचीमा रहेको हुँदा सबै तहका सरकार बिचको आपसी समन्वय र सहकार्य अत्यावश्यक छ । यसरी हुने सहकार्य समन्वय र सहयोगबाट नै राज्यले परिलक्षित गरेका शिक्षाका उद्धेश्य तथा अन्य विकासका उद्देश्यहरू हासिल गर्न सकिन्छ । साझा अधिकारको कार्यसूचीका आधारमा विद्यालय व्यवस्थापनमा संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारले आ-आफ्नो क्षेत्रबाट भूमिका निर्वाह गर्दै आइरहेका छन् । यसप्रकारको व्यवस्थाबाट २१ औँ शताब्दीको आवश्यकतालाई सुहाउँदो जनशक्ति उत्पादन गर्न तीनै तहको योजना बिच अन्तरसम्बन्ध स्थापित गर्नु पर्ने अवस्था छ । यही परिवेशमा देवचुली नगरपालिकाले १० वर्षे नयाँ शिक्षा योजना (२०८०-२०८९) बनाई २०८० देखि कार्यान्वनमा जाने अवस्था छ ।

प्रत्येक नगरपालिका क्षेत्रभित्र स्थापना भई सञ्चालनमा रहेका विद्यालय एवं शिक्षण संस्थाहरूको सञ्चालन, नियमन, जस्ता कार्यहरूलाई प्रभावकारी बनाउनु पर्ने हुन्छ । शिक्षाका समग्र कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनका लागि नगरपालिका भित्र एक अलगै संरचाना कार्यरत हुने गरेको छ । देवचुली नगरपालिकामा पनि स्थानीय सरकारको मातहतमा शैक्षिक प्रशासन शाखा लगायत अन्य शाखाहरू, वडा कार्यालयहरू, शैक्षिक व्यवस्थापन सम्बन्धी निकायहरू कार्यरत रहेका छन् । विद्यालय एवं शिक्षण संस्थाहरूका साथै विद्यालयको भौतिक, आर्थिक, शैक्षिक प्रशासनिक एवं व्यवस्थापकीय क्षेत्रमा कार्य गर्ने विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, बालविकास केन्द्र, सामुदायिक सिकाइ केन्द्र जस्ता संरचानहरू पनि कार्यान्वयनमा रहेका छन् ।

नगरपालिकास्तरको शैक्षिक नीति तथा योजना निर्माण विकास भइ कार्यान्वयनमा रहेको छ । त्यसै गरी वार्षिक रुपमा कार्यक्रम तथा बजेट तर्जुमाका लागि निर्दशिका तयार भइ कार्यान्वयनमा आएको छ । कार्यक्रम कार्यान्वयनका लागि अत्यावश्यक ऐन, नियम, निर्देशिका, मापदण्डहरू विकास भइ कार्यान्वयनमा पनि रहेका छन् । शैक्षिक कार्यक्रमको अनुगमन, विद्यालय एवं शिक्षण संस्थाहरूको सुपरिवेक्षण जस्ता नियमन तथा सहजकारी प्रकृतिका कार्यहरू पनि नगरपालिकाले सम्पादन गर्नु पर्ने अवस्था छ । त्यसै गरी विद्यालयमा कार्यरत शिक्षक कर्मचारीहरूको क्षमता विकास, शिक्षण संस्थाहरूको भौतिक र शैक्षिक पूर्वाधारहरूको विकास, शिक्षक दरवन्दीको व्यवस्थापन, विद्यालय वातावरणमा सुधार लगायतका कार्यहरूको जिम्मेवारी नगरपालिकाको अधिकार क्षेत्रभित्र रहेको छ ।

देवचुली नगरपालिकाका सबै विद्यालयहरूमा विद्यालय व्यवस्थापन समितिहरू गठन भइ कार्यान्वयनमा आएका छन् । यी व्यवस्थापन समितिहरूले शैक्षिक विकासका लागि निरन्तररुपमा कार्य गरिरहेका छन् ।

विद्यालयको व्यवस्थापनलाई अझ बढी प्रभावकारी बनाइ नगर पालिका क्षेत्र भित्रका सबै सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तरमा सुधार गर्न अझै धेरै कार्यहरू गर्नु पर्ने अवस्था विद्यमान रहेको छ।

गरिबी अज्ञानता, वेरोजगारी, राजनीतिक पक्षपोषणको व्यापकताका कारण पनि समग्र विद्यालय व्यवस्थापन प्रभावकारी हुन सकेको छैन। विद्यालयमा दक्ष जनशक्तिको कमी पनि रहेको छ। केही विद्यालयहरूमा सूचना तथा प्रविधिको पहुँचमा समस्या छ भने कतिपय शिक्षकहरूमा स,सूचन तथा प्रविधिसमबन्धी ज्ञान तथा सीपको कमी रहेको छ। यसकार लागि पर्याप्त तालिम तथा क्षमता र नेतृत्व विकासको अवसरको न्युनता देखिन्छ। शिक्षक कर्मचारीका पेशागत संघ सङ्गठनहरू शैक्षिक तथा प्राज्ञिक हुन सकेका छैनन्। पेशागत विकासमा भन्दा अधिकारका क्षेत्रमा मात्र सिमित रहनु र बढी राजनीतिक आवरणका आधारमा परिचालित हुने अवस्था पनि विद्यमान रहेको छ॥ राष्ट्रिय तथा स्थानीय वजेटमा शिक्षा क्षेत्रले प्रमुख प्राथमिकता पाउन सकेको अवस्था छैन। प्र.अ. लाई दिइने सेवा सुविधामा पनि न्यून छ। शिक्षण पेशामा असल जनशक्तिको आकर्षण गर्न सकिएको छैन। विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघलाई शैक्षिक सुधारका गतिविधिमा सरिक हुने गरी सक्षम बनार्न सकिएको छैन। यसप्रारको अवस्थामा विद्यालय व्यवस्थापनमा शिक्षाको योजनाले थप सुधार गर्न अत्यावश्यक देखिन आएको छ।

### ३.७.१ *वर्तमान अवस्था र समस्याहरू*

- **अधिकार र समन्वय:** तीनै तहका सरकारबीच शिक्षा सम्बन्धी एकीकृत कानुनको अभावमा कार्य जिम्मेवारीमा स्पष्टताको कमी।
- **पूर्वाधार र वातावरण:** भौतिक संरचनाको अभाव, अपाङ्गता-मैत्री वातावरण नहुनु तथा खानेपानी, सरसफाइ र ल्याबको अपर्याप्तता।
- **शासकीय सुशासन:** विद्यालय व्यवस्थापन समिति (विव्यस) र शिक्षक अभिभावक संघ (अभिभावक) को सक्रियता कम हुनु, राजनीतिक हस्तक्षेप रहनु र पारदर्शी/जवाफदेही आर्थिक कारोबारको अभाव।
- **दरबन्दी र जनशक्ति:** विषयगत र तालिम प्राप्त शिक्षकको व्यवस्थापन नहुनु तथा योग्य जनशक्तिको शिक्षण पेसातर्फ आकर्षण घट्नु।

### ३.७.२ *रणनीतिक उद्देश्य*

- विद्यालयमा शैक्षिक सुशासन कायम गरी विद्यालय सुधार योजना (SIP) को प्रभावकारी कार्यान्वयन गर्ने।
- नतिजामा आधारित शासकीय प्रबन्ध (Result-based Governance) र प्रधानाध्यापकको कार्यसम्पादन करार (Performance Contract) प्रणाली लागू गर्ने।
- विद्यालय, समुदाय र सरकारको त्रिपक्षीय साझेदारीबाट शैक्षिक वातावरण सुदृढ गर्ने।

### ३.७.३ *रणनीति र कार्यनीतिहरू*

| रणनीति | मुख्य कार्यनीतिहरू |
|---|---|
| **१. संस्थागत सुशासन** | सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइलाई अनिवार्य गर्ने, कार्यसम्पादन करारमा प्रधानाध्यापक नियुक्त गर्ने। |
| **२. भौतिक सुधार** | विद्यालय नक्साङ्कन गरी आवश्यकताका आधारमा समायोजन, रङ्गशाला/ल्याब/पुस्तकालयको स्तरोन्नति। |
| **३. दरबन्दी मिलान** | विद्यार्थी सङ्ख्या र विषयगत आवश्यकताका आधारमा वैज्ञानिक ढङ्गले शिक्षक दरबन्दी पुनर्वितरण। |
| **४. सक्षमता विकास** | विव्यस पदाधिकारी, प्रधानाध्यापक र शिक्षकहरूलाई पेसागत र नेतृत्व विकास तालिम। |

### ३.७.४ *प्रमुख कार्यक्रम तथा भौतिक लक्ष्य*

| कार्यक्रम | पहिलो ५ वर्ष | दोस्रो ५ वर्ष | समन्वय/साझेदारी |
|---|---|---|---|
| ऐन, नियमावली र कार्यविधि विकास | ४ पटक | ३ पटक | संघ/प्रदेश/गैसस |
| कार्यसम्पादन करारमा प्र.अ. नियुक्ति | २८ विद्यालय | २८ विद्यालय | नगरपालिका |
| उत्कृष्ट विद्यालय प्रोत्साहन | ५ पटक | ५ पटक | - |
| सार्वजनिक सुनुवाइ/सामाजिक परीक्षण | ५ पटक | ५ पटक | - |
| शिक्षक दरबन्दी मिलान | २ पटक | ३ पटक | - |

### ३.७.५ *अपेक्षित उपलब्धिहरू*

१. **शैक्षिक सुशासन:** विद्यालयमा पूर्ण पारदर्शिता, जवाफदेहिता र सुशासनको संस्कृति स्थापित हुनेछ।

२. **नेतृत्व क्षमता:** कार्यसम्पादन करारमा नियुक्त प्रधानाध्यापकहरूले विद्यालयलाई नतिजामुखी बनाउनेछन्।

३. **भौतिक पूर्वाधार:** विद्यालयहरू बालमैत्री, अपाङ्गतामैत्री र प्रविधिमैत्री बन्नेछन्।

४. **समुदायको अपनत्व:** विद्यालय र समुदायबीचको सम्बन्ध सुमधुर भई शैक्षिक गतिविधिमा अभिभावकको सक्रिय सहभागिता रहनेछ।

५. **क्षमता विकास:** विव्यस र प्रधानाध्यापकहरूको सक्षमता अभिवृद्धि भई गुणस्तरीय शैक्षिक सेवा प्रवाह सुनिश्चित हुनेछ।

**कार्यान्वयनका लागि विशेष सुझावहरू:**

- **विद्यालय नक्साङ्कन (School Mapping):** देवचुली नगरपालिकाले भुगोल र विद्यार्थीको घनत्वलाई आधार मानी विद्यालय समायोजनको निर्णय वैज्ञानिक ढङ्गले गर्नुपर्छ।

- **प्रधानाध्यापकको भूमिका:** प्रधानाध्यापकलाई केवल प्रशासक नभई 'शैक्षिक नेतृत्व' (Instructional Leader) को रूपमा विकास गर्न कार्यसम्पादनमा आधारित प्रोत्साहन र अधिकार प्रत्यायोजनमा जोड दिइनुपर्छ।
- **सार्वजनिक सुनुवाइ:** केवल कानुनी प्रक्रियाका लागि मात्र नभई वास्तविक सुधारका लागि विद्यालयमा त्रैमासिक रूपमा 'अभिभावक-शिक्षक सम्मेलन' र 'सार्वजनिक सुनुवाइ' गर्ने पद्धति बसाल्नुपर्छ।
- **स्थानीय स्रोत परिचालन:** नगरपालिकाले आफ्नो आन्तरिक बजेट र दातृ निकायसँग समन्वय गरी प्रत्येक सामुदायिक विद्यालयमा कम्तीमा एक 'स्मार्ट कक्षा' र 'प्रयोगात्मक ल्याब' को प्रबन्ध गर्नुपर्छ।

## ३.८ अनौपचारिक तथा वैकल्पिक शिक्षा

समाजिक रुपान्तरणका लागि शिक्षा अपरिहार्य हुन्छ। शिक्षा प्राप्त गर्ने विभिन्न विधि, प्रक्रिया तथा मोडेलहरू हुन्छन्। विद्यालय, विश्वविद्यालयबाट दिइने शिक्षा औपचारिक तथा नियमित शिक्षाका रूपमा रहन्छ। त्यसैगरी औपचारिक वा नियमित शिक्षा पद्धति भन्दा बाहिरबाट पनि व्यक्तिले प्रशस्त मात्रामा सिकाइ गरिरहेको हुन्छ। जीवनका लागि आवश्यक ज्ञान, सीप र अभिवृद्धि हासिल गर्ने अनौपचारिक पद्तिहरू हुन्छन। यसरी अनौपचारिक रूपमा प्राप्त गर्ने शिक्षालाई अनौपचारिक शिक्षाका रूपमा परिमाषित गरिन्छ। त्यसै गरी गर्भावस्थादेखि मृत्यु पर्यन्त देखेर, सुनेर, गरेर, आकस्मिक रूपमा पनि व्यक्तिले सिकाइ गर्ने गर्छ। यसप्रकारको शिक्षालाई अनियमित शिक्षाका रूपमा लिने गरिन्छ। औपचारिक शिक्षा पद्धति भन्दा बाहिर मानवीय जीवनका लागि आवश्यक ज्ञान, सीप र अभिवृद्धि हासिल गर्ने माध्यम नै अनौपचारिक शिक्षा हो।

अनौपचारिक शिक्षा पद्धतिको अभ्यास मानव सभ्यताको विकाससँगै हुदै आएको छ। मानिसले कुनै न कुनै रूपमा अनौपचारिक रूपमा सिकाइ गर्दै आएको छ। सिकाइ जीवन भर हुने गर्छ। तसर्थ अनौपचारिक तरिका बाट सिक्ने सिकाइलाई आजीवन वा जीवनपर्यन्त सिकाइ भनेर पनि भन्ने गरिन्छ। नेपाल सरकारले अनौपचारिक शिक्षालाई उच्च प्राथमिकताका साथ अग्रसारित गरेको छ। साक्षर नेपाल अभियान सञ्चालन नै गरेको छ। साक्षरता शिक्षा, निरन्तर शिक्षा, साक्षरोत्तर शिक्षा, खुला विद्यालय शिक्षा, लगायतका विभिन्न कार्यक्रमहरू सञ्चालन हुदै आएका छन्।

देवचुली नगरपालिकाले पनि अनौपचारिक शिक्षा अन्तरगत सक्षरता शिक्षा निरन्तर शिक्षा जस्ता शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। पालिका भर २ ओटा सामुदायिक सिकाइ केन्द्रहरू सञ्चालनमा रहेका छन्। यी केन्द्रहरूले अनौपचारिक शिक्षाका कार्यक्रमहरू निरन्तर सञ्चालन गर्दै आएका छन्। पालिकामा अझै पनि ४ प्रतिशत व्यक्तिहरू निरक्षर रहेको अवस्था विद्यमान छ। यसका लागि अनौपचारिक तथा वैकल्पिक शिक्षाको विकास तथा विस्तार जरुरी देखिन आएकोछ। पालिका साक्षर पालिकाका रूपमा घोषणा भएको छ तर पनि निरन्तर सिकाइको आवश्यकता रहेको छ।

### *३.८.१ वर्तमान अवस्था र समस्याहरू*

- **साक्षरताको निरन्तरता:** पालिका साक्षर घोषणा भए पनि निरन्तर शिक्षा कार्यक्रमको अभावमा साक्षरता सीपको प्रयोग र दिगोपनामा ह्रास ।
- **तथ्याङ्कको अभाव:** लक्षित वर्ग (निरक्षर/वेरोजगार) को वास्तविक घरधुरी सर्वेक्षण र अद्यावधिक तथ्याङ्कको अभाव ।
- **सीप र रोजगारको बेमेल:** अनौपचारिक शिक्षालाई बजारमुखी सीप र रोजगारीसँग जोड्न नसक्नु ।
- **केन्द्रहरूको अवस्था:** सामुदायिक सिकाइ केन्द्र (CLCs) केवल नाममा सीमित हुनु र तिनको संस्थागत तथा भौतिक सुदृढीकरण हुन नसक्नु ।
- **प्रमाणीकरणको कमी:** अनौपचारिक र जीवनपर्यन्त सिकाइबाट प्राप्त सीपलाई औपचारिक शिक्षा वा श्रम बजारमा प्रमाणीकरण गर्ने प्रणाली कार्यान्वयन नहुनु ।

### *३.८.२ रणनीतिक उद्देश्य*

- अनौपचारिक शिक्षालाई जीवनपर्यन्त सिकाइ (Lifelong Learning) को संस्कृतिका रूपमा विकास गर्ने ।
- सीमान्तकृत समुदायको आयआर्जन र आर्थिक सशक्तीकरणका लागि सीप विकास कार्यक्रमलाई प्राथमिकता दिने ।
- सामुदायिक सिकाइ केन्द्रलाई 'सूचना र सिकाईको हब' का रूपमा रूपान्तरण गर्ने ।

### *३.८.३ रणनीति र कार्यनीतिहरू*

| रणनीति | मुख्य कार्यनीतिहरू |
|---|---|
| **१. तथ्याङ्क व्यवस्थापन** | घरधुरी सर्वेक्षणमार्फत लक्षित वर्ग पहिचान र डिजिटल डेटाबेस निर्माण । |
| **२. संस्थागत सुदृढीकरण** | 'एक वडा, एक सामुदायिक सिकाइ केन्द्र' को अवधारणा कार्यान्वयन । |
| **३. सीप र रोजगारी** | अनौपचारिक शिक्षालाई उद्यमशीलता र आयआर्जन सीपसँग जोड्ने (Public-Private-Community Partnership) । |
| **४. प्रमाणीकरण** | सिकाइको स्तर निर्धारण र औपचारिक शिक्षामा प्रवेशका लागि क्रेडिट ट्रान्सफर वा प्रमाणीकरण नीति लागू गर्ने । |

### *३.८.४ प्रमुख कार्यक्रम तथा भौतिक लक्ष्य*

| कार्यक्रम | पहिलो ५ वर्ष (२०८४) | दोस्रो ५ वर्ष (२०८९) | समन्वय/साझेदारी |
|---|---|---|---|
| घरधुरी सर्वेक्षण तथा डेटा अद्यावधिक | १ पटक | १ पटक | संघ/प्रदेश/गैसस |
| सामुदायिक सिकाइ केन्द्र सुदृढीकरण | ५ पटक | ५ पटक | - |

| | | | |
|---|---|---|---|
| साक्षरता र निरन्तर शिक्षा कार्यक्रम | ५ पटक | ५ पटक | - |
| आय-आर्जन सीप विकास तालिम | ५ पटक | १२ पटक | स्थानीय व्यवसाय |
| खुला विद्यालय सञ्चालन | १ पटक | १ पटक | - |
| सिकाइ सीप प्रमाणीकरण | ५ पटक | ५ पटक | - |

### ३.८.५ *अपेक्षित उपलब्धिहरू*

१. **पूर्ण साक्षरता र निरन्तरता:** साक्षरताको अवस्था सुदृढ भई निरन्तर शिक्षाले नागरिकको क्षमतामा अभिवृद्धि गर्नेछ।

२. **सबल सिकाइ केन्द्र:** प्रत्येक वडामा कम्तीमा एउटा क्रियाशील र प्रविधिमैत्री सामुदायिक सिकाइ केन्द्र रहनेछ।

३. **रोजगारमुखी शिक्षा:** अनौपचारिक शिक्षाको माध्यमबाट सीप हासिल गरी धेरै नागरिक स्वरोजगार बन्नेछन्।

४. **सहज पहुँच:** सिकाइ प्रमाणीकरण प्रणालीले गर्दा अनौपचारिक शिक्षाबाट औपचारिक शिक्षाको मूलधारमा प्रवेश सहज हुनेछ।

५. **जनचेतना:** मिडिया र भर्चुअल माध्यमबाट स्वास्थ्य, वित्तीय साक्षरता र डिजिटल साक्षरतामा नगरवासीको पहुँच पुग्नेछ।

**थप कार्यान्वयनका लागि विशेष सुझावहरू:**

- **डिजिटल साक्षरता:** अनौपचारिक शिक्षालाई अब परम्परागत अक्षर ज्ञान मात्र नभई डिजिटल साक्षरता (इन्टरनेट, मोबाइल बैंकिङ, इ-गभर्नेन्स) सँग जोड्नु अनिवार्य छ।
- **पीपीपी मोडल (PPCP):** सामुदायिक सिकाइ केन्द्रहरूलाई स्थानीय सहकारी र उद्योगहरूसँग जोडेर 'इन्टर्नशिप' वा 'सीप प्रशिक्षण' केन्द्रका रूपमा विकास गर्नुहोस्।
- **स्वयंसेवक परिचालन:** पालिकाभित्रका स्नातक वा उच्च शिक्षा अध्ययनरत विद्यार्थीहरूलाई साक्षरता र जनचेतना अभियानमा 'स्वयंसेवक' का रूपमा परिचालन गर्ने नीति लिनुहोस्।
- **सूचना बैंक:** सामुदायिक सिकाइ केन्द्रलाई पालिकाको सूचना प्रवाह गर्ने र नागरिकका समस्या सुन्ने 'गुनासो सुनुवाइ केन्द्र' का रूपमा पनि प्रयोग गर्न सकिन्छ।

## ३.१० समावेशी शिक्षा

सार्वजनिक शिक्षामा सबैको समान सहभागिता हुने अवस्था सिर्जना गर्नु पर्ने हुन्छ। विविध कारणबाट शिक्षा प्राप्त गर्ने अवसरबाट वञ्चित बालबालिकाको शिक्षामा समान पहुचको अवस्था सुनिश्चित गर्नु पर्छ। त्यसैगरी उनीहरूको शैक्षिक उपलब्धिमा पनि समानता कायम गर्नु पर्ने हुन्छ। समावेशी शिक्षा विशेष गरी शिक्षाको मुल

प्रवाहबाट बाहिर रहेका वा बन्चितिमा परेका वा पारिएका बालबालिका तथा प्रौढहरू समेतलाई शिक्षाको मूल प्रवाहमा समाहित गर्ने प्रक्रिया हो। शिक्षालाई सामाजिक आर्थिक रुपान्तरणको मूल साधनका रुपमा आत्मसाथ गरिएको हुँदा शिक्षामा समावेशिताको विषय महत्वपूर्ण हुन्छ । नेपालको संविधान २०७२ ले प्रत्येक नागरिकलाई राज्यबाट आधारभुत तहसम्मको शिक्षा अनिवार्य र निशुल्क तथा माध्यमिक शिक्षा निःशुल्क पाउने हक सुनिश्चित गरेको छ। यसका अतिरिक्त अपाङ्गता भएका र आर्थिक तथा सामाजिक रूपमा पछाडि परेका नागरिकलाई कानून बमोजिम निःशुल्क शिक्षा पाउने र मातृ भाषामा शिक्षा पाउने हक समेतको व्यवस्था गरेको छ।

समावेशी शिक्षाले समाजमा रहेका हरेक वर्ग, क्षेत्र, समुदाय, जातजाति लगायत शिक्षाबाट बञ्चितिमा रहेका वर्गलाई उनीहरूको शैक्षिक आवश्यकता र चाहना पहिचान गर्छ। उनीहरूको आवश्यकता अनुसारको शिक्षा प्रदान गर्ने कार्य समावेशी शिक्षाले गर्छ। त्यसैगरी सबै बालबालिकालाई गुणस्तरीय जीवनयापन गर्न सक्ने बनाई शिक्षाको माध्यमबाट राज्यको मूल प्रवाहमा समाहित गर्न समावशी शिक्षाले महत्वपूर्ण भूमिका निर्वाह गर्र्छ। प्रत्येक बालबालिकाको शैक्षिक अधिकारको प्राप्तिका लागि समतामूलक पहुँच अपरिहार्य हुन्छ। यसका लागि समावशि शिक्षा जरुरी छ। यसले सबै प्रकारका बालबालिकाले सिक्न सक्छन भन्ने मान्यता राख्दछ। यसर्थ सबै बालबालिकाको पूर्ण सहभागिताको सुनिश्चित्त गर्ने शिक्षण सिकाइ क्रियाकलापमा समान सहभागिताको अवस्था सिर्जना गर्ने र सबै बालबालिकाको शैक्षिक गुणस्तको अवस्था सुनिश्चित गर्ने शिक्षा नै समावेशी शिक्षाका रुपमा रहने गर्छ । समावेशी शिक्षाले बालबालिकामा भएको विविधता को सम्मान गर्छ । सबै बालिकालिकाको शैक्षिक अधिकार सुनिश्चित गर्नछ। त्यसै गरी सबै सिकारुको सक्रिय सहभागिताको लागि उपयुक्त वातावरण सिर्जना गर्छ।

### *३.१०.१ वर्तमान अवस्था र समस्याहरू*

- **पहिचानको अभाव:** अपाङ्गता भएका र सिकाइ कठिनाइ भएका बालबालिकाको वैज्ञानिक वर्गीकरण र वास्तविक तथ्याङ्कको कमी।
- **भौतिक अवरोध:** विद्यालयका भौतिक संरचना (र्‍याम्प, शौचालय, कक्षाकोठा) अपाङ्गता-मैत्री नहुनु।
- **क्षमताको अभाव:** शिक्षकहरूमा समावेशी शिक्षण विधि (Inclusive Pedagogy) र सिकाइ सामग्री प्रयोगको सीप न्यून हुनु।
- **सामाजिक अवरोध:** अपाङ्गता र सीमान्तकृत समुदायप्रति अभिभावक र समाजमा रहेको परम्परागत नकारात्मक दृष्टिकोण।

### *३.१०.२ रणनीतिक उद्देश्य*

- 'कोही पनि नछुटून्' (Leave No One Behind) को सिद्धान्त अनुरुप शिक्षामा समान पहुँच र सहभागिता सुनिश्चित गर्ने।
- अपाङ्गता-मैत्री भौतिक र शैक्षिक वातावरण निर्माण गरी सबै बालबालिकाको शैक्षिक उपलब्धिमा समानता कायम गर्ने।
- अभिभावक र समुदायलाई समावेशी शिक्षाको अभियानमा सक्रिय साझेदार बनाउने।

*३.१०.३ रणनीति र कार्यनीतिहरू*

| रणनीति | मुख्य कार्यनीतिहरू |
|---|---|
| **१. पहिचान र डेटाबेस** | प्रत्येक विद्यालयमा 'कार्यगत सीमितता पहिचान' (Early Screening) पद्दति लागू गर्ने। |
| **२. भौतिक सुधार** | विद्यालयहरूलाई 'अपाङ्गता-मैत्री' (र्याम्प, लिफ्ट, विशेष शौचालय) र बालमैत्री बनाउने। |
| **३. शिक्षण सुधार** | व्यक्तिगत सिकाइ योजना (IEP) कार्यान्वयन र समावेशी शिक्षण सामग्रीको विकास। |
| **४. आर्थिक सहयोग** | सीमान्तकृत समूहका लागि लक्षित छात्रवृत्ति र अभिभावकको आय-आर्जन क्षमता विकास। |

*३.१०.४ प्रमुख कार्यक्रम तथा भौतिक लक्ष्य*

| **कार्यक्रम** | **पहिलो ५ वर्ष (२०८४)** | **दोस्रो ५ वर्ष (२०८९)** | **समन्वय/साझेदारी** |
|---|---|---|---|
| पालिका स्तरीय समावेशी नीति | १ पटक | १ पटक | संघ/प्रदेश/गैसस |
| अपाङ्गता-मैत्री विद्यालय भौतिक सुधार | ५ पटक | ५ पटक | - |
| कार्यगत सीमितता पहिचान तालिम | ५ पटक | ५ पटक | - |
| लक्षित छात्रवृत्ति कार्यक्रम | ५ पटक | ५ पटक | - |
| अभिभावक आय-आर्जन तालिम | ४५ जना | ८० जना | - |

*३.१०.५ अपेक्षित उपलब्धिहरू*

१. **समान पहुँच:** अपाङ्गता र सीमान्तकृत समुदायका बालबालिकाको विद्यालय भर्ना र टिकाउ दरमा उल्लेख्य वृद्धि।

२. **अनुकूलन वातावरण:** सबै सामुदायिक विद्यालयहरू अपाङ्गता र लैङ्गिक-मैत्री पूर्वाधारसहित सञ्चालन हुने।

३. **दक्ष जनशक्ति:** विद्यालयका शिक्षकहरू समावेशी शिक्षण र साङ्केतिक भाषा/ब्रेल लिपिमा आधारभूत ज्ञान राख्ने।

४. **सशक्त समुदाय:** सीमान्तकृत बालबालिकाका अभिभावकहरू आर्थिक रूपमा सक्षम र शैक्षिक रूपमा सचेत हुने।

५. **सिकाइ उपलब्धि:** 'व्यक्तिगत सिकाइ योजना' (IEP) मार्फत सिकाइ कठिनाइ भएका बालबालिकाको नतिजामा सुधार।

**कार्यान्वयनका लागि विशेष सुझावहरू:**

- **व्यक्तिगत सिकाइ योजना (IEP):** प्रत्येक विद्यालयले सिकाइ सिमितता भएका बालबालिकाका लागि उनीहरूको क्षमता अनुसारको IEP तयार गर्नुपर्छ।
- **स्वयंसेवक शिक्षक:** समावेशी शिक्षाका लागि आवश्यक पर्ने विशेष सहयोगका लागि नगरपालिकाले विद्यालयहरूमा स्वयंसेवक शिक्षक वा मेन्टरहरू परिचालन गर्ने व्यवस्था गर्नुपर्छ।
- **संवेदनशीलता तालिम:** शिक्षकहरू र प्रधानाध्यापकहरूलाई समावेशी शिक्षाको अवधारणा र कानुनबारे अभिमुखीकरण तालिम निरन्तर हुनुपर्छ।
- **डिजिटल पहुँच:** अपाङ्गता भएका बालबालिकाका लागि अडेप्टिभ सफ्टवेयर, अडियो-भिजुअल सामग्री र प्रविधिमा आधारित सिकाइमा जोड दिनुपर्छ।

## ३.११ शैक्षिक गुणस्तर

नगरपालिकाले अपेक्षा गरेको जनशक्ति उत्पादनका लागि शैक्षिक व्यवस्थापन तथा शिक्षण सिकाइ क्रियाकलापको गुणस्तरीयता कायम हुन नितान्त जरुरी छ । यसकालागि शिक्षाका समग्र पक्षहरुको गुणस्त्तरीयता अत्यावश्यक हुन्छ। शिक्षक गुणस्तरयुक्त हुनु पर्छ। शिक्षण सिकाइका लागि अत्यावश्यक ज्ञान तथा सीपले युक्त हुनु पर्छ। विद्यालय बातावरण गुणस्तरीय शिक्षण सिकाइका लागि उपयुक्त हुनु पर्छ। शैक्षिक व्यवस्थापन  स्तरीय हुनु पर्छ। सिकारु सिकाइ प्रति आकर्षित हुनु पर्छ। अभिभाको सक्रियता शिक्षण सिकाइ प्रति हुनु पर्छ। यसो हुन सकेमा मात्र गुणस्तरीय शिक्षण सिकाकाइको उपयुक्त वातावरण निर्माण हुन जान्छ।

गुणस्तर सापेक्षित हुन्छ । स्थान विषेश गुणस्त फरक फरक हुन सक्छ । तर पनि शैक्षिक गुणस्तका लागि मापनयोग्य सूचकहरू विकास गरी कार्न्वयनमा जानु पर्ने हुन्छ । यसका लागि गुणस्तर मापदण्ड तथा मापन सूचकरुको जरुरुत पर्छ । नेपालमा पनि गुणस्तरका मापदण्डका रुपमा केही सूचकहरु तय गरी अभ्यासमा आएका छन्। शिक्षाका मुख्य मुख्य उपलब्धि सूचकरु परिभाषित गरिएका छन्। त्यसै गरी शिक्षकको सक्षमता परिभाषित गरिएको छ । शैक्षिक गुणस्तरर परीक्षण केन्द्रल पनि गुणस्तर परीक्षणका सूचकहरु विकास गरी कार्यान्वयन ल्याएको छ।

गुणस्तर सुधारका लागि भौतौतिक पक्षमा सुधार गरिएको छ। शिक्षकलाई विभिन्न प्रकारका पेसागत विकासका तालिम कार्यक्रमहरू सञ्चालन गरिएका छन्। समावेशी शिक्षाको अवधारणा कार्यान्वयनमा ल्याइएको छ । आवधिका रुपमा तहगत तथा कक्षागत विद्यार्थी मूल्याङ्कन गर्ने पद्दति स्थापित गरिएको छ । यतिका अभ्यासहरूका बावजूद पनि शैक्षिक गुणस्तरका सबन्धमा समस्या तथा चुनौतीहरू भने विद्यमान रहेका छन्। यी चुनौतिहरूको सामना गर्ने गरी योजनाले नीति तथा कार्यनीति र प्रमुख कार्यक्रमहरू तय गर्नु पर्ने अवस्था विद्यमान रहेको छ।

#### *३.११.१ वर्तमान अवस्था र समस्याहरू*

- **गुणस्तरको असमानता:** भौगोलिक र संस्थागत अवस्थाका कारण विद्यालयहरूबीच शैक्षिक नतिजामा ठूलो खाडल।
- **पूर्वाधार अभाव:** गुणस्तरीय शिक्षणका लागि आवश्यक विज्ञान प्रयोगशाला, पुस्तकालय, र सूचना प्रविधि (ICT) ल्याबको अपर्याप्तता।
- **व्यवस्थापकीय कमजोरी:** विद्यालय अनुगमन र सुपरीवेक्षण प्रणाली नतिजामुखी नहुनु तथा प्रधानाध्यापकको भूमिका स्पष्ट नहुनु।
- **शिक्षक व्यवस्थापन:** विषयगत शिक्षकको अभाव र शिक्षण पेसामा मेधावी जनशक्तिलाई आकर्षित गर्ने प्रोत्साहन प्रणालीको कमी।
- **मूल्याङ्कन प्रणाली:** निरन्तर विद्यार्थी मूल्याङ्कन (CAS) को प्रभावकारी कार्यान्वयन नहुनु र कमजोर विद्यार्थीका लागि 'उपचारात्मक शिक्षण' (Remedial Teaching) को कमी।

#### *३.११.२ रणनीतिक उद्देश्य*

- विद्यालय शिक्षालाई नतिजामुखी, प्रविधिमैत्री र व्यावसायिक बनाउँदै समग्र शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने।
- शिक्षण सिकाइमा वैज्ञानिक मापदण्ड र 'कार्यमूलक अनुसन्धान' (Action Research) लाई संस्थागत गर्ने।
- विद्यालयलाई सुरक्षित, अपाङ्गता-मैत्री र 'सिकाइको केन्द्र' का रूपमा विकसित गर्ने।

#### *३.११.३ रणनीति र कार्यनीतिहरू*

| **रणनीति** | **मुख्य कार्यनीतिहरू** |
|---|---|
| **१. सुशासन र नेतृत्व** | प्रधानाध्यापकको दरबन्दी सिर्जना, कार्यसम्पादन करार र 'गुनासो सुनुवाइ संयन्त्र' को कार्यान्वयन। |
| **२. शिक्षण सुधार** | 'शिक्षक सहयोग संयन्त्र' (Teacher Support Cluster) विकास र STEM शिक्षाको प्रवर्धन। |
| **३. भौतिक तथा प्राविधिक सुधार** | एक विद्यालय: एक पुस्तकालय, एक विज्ञान प्रयोगशाला र एक ICT ल्याबको व्यवस्था। |
| **४. नतिजामुखी प्रोत्साहन** | शैक्षिक अनुसन्धान र उत्कृष्ट नतिजाका लागि शिक्षकलाई 'प्रोत्साहन अनुदान' को व्यवस्था। |

#### *३.११.४ प्रमुख कार्यक्रम तथा भौतिक लक्ष्य*

| **कार्यक्रम** | **पहिलो ५ वर्ष (२०८४)** | **दोस्रो ५ वर्ष (२०८९)** | **समन्वय/साझेदारी** |
|---|---|---|---|
| गुणस्तर मापदण्ड विकास | १ पटक | २ पटक | संघ/प्रदेश |
| शिक्षक दरबन्दी मिलान | २ पटक | ३ पटक | - |

| | | | |
|---|---|---|---|
| उत्कृष्ट शिक्षक प्रोत्साहन | ५ पटक | ५ पटक | - |
| शिक्षण सिकाइ नियमित अनुगमन | १० पटक | २० पटक | अनुगमन समिति |
| एक विद्यालय एक स्वास्थ्यकर्मी | ६ पटक | ९ पटक | - |
| विद्यालय आधारित शिक्षक सहयोग कार्यक्रम | १२ पटक | १२ पटक | - |

### *३.११.५ अपेक्षित उपलब्धिहरू*

१. **गुणस्तर मापदण्ड:** स्पष्ट मापदण्डको विकास भई विद्यालयहरूले सोही अनुसारको शैक्षिक योजना कार्यान्वयन गर्ने।

२. **व्यावसायिक विकास:** शिक्षकहरूले अनुसन्धानमा आधारित शिक्षण विधि अपनाई कक्षाकोठामा रूपान्तरण गर्ने।

३. **प्रविधिमैत्री सिकाइ:** पुस्तकालय, विज्ञान प्रयोगशाला र डिजिटल ल्याबको माध्यमबाट सिकाइ रुचिपूर्ण बन्ने।

४. **स्वास्थ्य र पोषण:** स्वास्थ्यकर्मीको उपस्थिति र दिवा खाजाको व्यवस्थाले विद्यार्थीको उपस्थिति र सिकाइमा सुधार।

५. **सबल व्यवस्थापन:** गुनासो सुनुवाइ संयन्त्र र प्रधानाध्यापकको जिम्मेवारीले गर्दा विद्यालयमा सुशासन कायम हुने।

**थप कार्यान्वयनका लागि विशेष सुझावहरू:**

- **सिकाइ कुना (Learning Corner):** कक्षाकोठामा विद्यार्थीको स्तर र रुचि अनुसारका शैक्षिक सामग्री सहितको 'सिकाइ कुना' निर्माणले साना बालबालिकाको सिकाइमा प्रत्यक्ष सुधार ल्याउँछ।
- **STEM शिक्षा:** विज्ञान, प्रविधि, इन्जिनियरिङ र गणित (STEM) विषयमा थप व्यावहारिक तालिम र सामग्रीमा जोड दिनुहोस्, जसले विद्यार्थीमा सृजनात्मकता बढाउँछ।
- **पढ्दै सिक्दै कमाउँदै:** माध्यमिक तहका विद्यालयहरूमा व्यावसायिक सीपलाई आयआर्जनसँग जोड्ने कार्यक्रमले विद्यार्थीको सीप र आत्मविश्वास दुवै बढाउँछ।
- **शिक्षक आचारसंहिता:** शिक्षक र विद्यार्थी दुवैका लागि स्पष्ट आचारसंहिता लागू गरी कडाइका साथ अनुगमन गर्नु गुणस्तरीयताको पहिलो खुड्किलो हो।
- **अनुगमन समिति:** पूर्व प्रधानाध्यापक र शिक्षाविद्हरू सम्मिलित 'अनुगमन समिति' ले दिने रचनात्मक सुझावहरूलाई नीति निर्माणमा समावेश गर्नुपर्छ।

### ३.१२ शिक्षामा सूचना सञ्चार र प्रविधिको प्रयोग

सामान्यतया शिक्षामा सूचना तथा सञ्चार प्रविधि (Information and Communication Technology-ICT) भन्नाले आधुनिक विधि तथा प्रविधिको उच्चतम उपयोग गरी कक्षा कोठामा कम्प्युटर र इन्टरनेटका माध्यमबाट छापा, श्रव्य, दृश्य, श्रव्यदृश्य, मल्टिमिडिया तथा वेवमा आधारित शिक्षण सिकाइ सामग्रीको प्रयोग भन्ने अर्थ लाग्दछ। यसले सिकारुले सहज तथा उत्प्रेरित ढंगले सिक्ने र शिक्षकले शैक्षिक सामग्रीमा आधारित भइ सिकाउने शैलीमा परिवर्तन र सहजीकरण गर्ने कार्यलाई थप प्राथमिकता प्रदान गर्छ। आधुनिक विश्वपरिवेश अनुसार प्रतिस्पर्धी जनशक्ति मार्फत् देशले तय गरेका राष्ट्रिय तथा अन्तरराष्ट्रिय विकासका लक्ष्य हासिल गर्नमा समेत मद्दत पुऱ्याउँछ।

सन् २००० पछिका दशकहरूमा विश्वमा तीव्र गतिमा प्रविधिमा भएको प्रगतिले गर्दा आधुनिक जीवन शैलीका हरेक गतिविधि तथा शिक्षण सिकाइको शैलीमा समेत आमूल परिवर्तन ल्याएको छ । शिक्षण सिकाइ क्रियाकलाप देखि लिएर शैक्षिक योग्यता अभिवृद्धि र विभिन्न विकासका मोड्ल र पक्षहरूमा इन्टरनेट सेवाको पहुँच र गुणस्तरमा वृद्धि भएको छ । यसबाट रेडियो टेलिभिजन र मल्टिमिडियामा आधारित सिकाइ सामग्रीहरूको विकास तीव्र गतीमा भइ रहेको छ। अझ कोभिड १९ को महमारीबाट उत्पन्न कठिन परिस्थितिका कारण अधिकांश पाठ्यक्रम तथा पाठ्यसामग्रीहरु अनलाइन सिकाइ सामग्रीमा रूपान्तरण भएका छन्। यसले विद्यालय बन्द भएको समयमा पनि सिकारु तथ शिक्षकले शिक्षण सिकाइ क्रियाकलापलाई निरन्तरता प्रदान गर्न थप सहज भएको छ।

सन् २०३० सम्ममा दिगो विकासको लक्ष्य हासिल गर्नका लागि सूचना तथा सञ्चार प्रविधिको महत्वपूर्ण भूमिका हुन्छ । शिक्षामा पनि शिक्षण सिकाइ क्रियाकलाप तथा अन्य शैक्षिक व्यवस्थापनमा सुधारका लागि सूचना तथा सञचार सहितको गुणस्तरीय शिक्षा प्रदान गर्नुपर्ने हुन्छ। शिक्षामा सूचना सञ्चार तथा प्रविधिको प्रयोगले शिक्षकलाई पेसागत रूपमा सक्षम बनाउँछ । आधुनिक ज्ञान तथा सीप सद्ग जोड्छ । त्यसै गरी सिकारुलाई सिकाइ प्रतिको आकर्षण बढाउँछ। सिकाइको दिगो पना कायम गर्न सहयोग गर्छ। ननीनतम ज्ञान तथा सीप विकास गर्न सिर्जनात्मक तथा प्रवर्तनात्कम क्रियकलापहरू सञ्चालन गर्न सहजीकरण गर्छ । विद्यालय तथा अन्य शिक्षा सम्बद्ध सस्थाहरूमा गरिने व्यवस्तापकीय कार्यहरूमा सहजता तथा पारदर्शिता ल्याउन समेत मदत गर्छ। यसले शिक्षा प्रणालीलाई मजबुत बनाउन, ज्ञान वितरणमा सुधार ल्याउन, गुणस्तरीय शिक्षामा पहुँच बढाउन र सेवा प्रवाहलाई थप प्रभावकारी बनाउनमा सहयोग गर्छ । त्यसै गरी पाठ्यक्रम, पाठ्यपुस्तक, सन्दर्भ सामग्रीलगायतका सिकाइ सामग्रीका लागि उपयुक्त स्रोतका रूपमा पनि सूचना र सञ्चार प्रविधि रहने हुँदा यसको प्रयोगलाई थप विस्तार हुन अत्यावश्यक छ। कोभिड- १९ ले शिक्षा जगत तथा माननव जीवनमा नकारात्मक प्रभाव पारेको भए तापनि सूचना सञ्चार तथा प्रविधिको प्रयोगको पर्याप्त सम्भावनाहरू पनि उजागर गरिदिएकाले शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई थप प्रोत्साहित गरेको छ

### ३.१२.१ वर्तमान अवस्था र समस्याहरू

- **पूर्वाधारको अभाव:** अधिकांश विद्यालयमा ICT आधारित शिक्षणका लागि आवश्यक कम्प्युटर ल्याब, मल्टिमिडिया र इन्टरनेटको पहुँच सीमित।
- **दक्षताको कमी:** शिक्षकहरूमा डिजिटल साक्षरता र आधुनिक शिक्षण विधिको प्रयोग गर्ने सीपको अभाव।
- **प्राविधिक अवरोध:** नियमित विद्युत आपूर्ति र उच्च गतिको इन्टरनेट कनेक्टिभिटीमा देखिएका समस्या।
- **डिजिटल सामग्री:** पाठ्यक्रममा आधारित स्तरीय डिजिटल सिकाइ सामग्री (e-content) को पर्याप्त उपलब्धता नहुनु।

### ३.१२.२ रणनीतिक उद्देश्य

- विद्यालयमा प्रविधिमैत्री सिकाइ वातावरण सिर्जना गरी डिजिटल शिक्षाको पहुँच सुनिश्चित गर्ने।
- शिक्षकहरूको ICT सक्षमता वृद्धि गरी शिक्षण सिकाइलाई थप प्रभावकारी, पारदर्शी र आधुनिक बनाउने।
- शैक्षिक व्यवस्थापन (EMIS, अनलाइन रिपोर्टिङ) लाई पूर्णतः प्रविधिमैत्री बनाउने।

### ३.१२.३ रणनीति र कार्यनीतिहरू

| रणनीति | मुख्य कार्यनीतिहरू |
|---|---|
| **१. पूर्वाधार विस्तार** | विद्यालयमा इन्टरनेट र ICT ल्याबको स्थापना, नियमित मर्मत र विद्युत आपूर्तिको वैकल्पिक व्यवस्था। |
| **२. शिक्षक क्षमता विकास** | शिक्षकहरूका लागि आधारभूतदेखि उन्नत स्तरसम्मको डिजिटल साक्षरता र ICT तालिम। |
| **३. डिजिटल सामग्री विकास** | स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तकमा आधारित डिजिटल सामग्री (e-content) उत्पादन र प्रयोगमा प्रोत्साहन। |
| **४. सहजीकरण** | विद्यालयहरूलाई 'इ-पुस्तकालय' (E-Library) सँग जोड्ने र शिक्षक पेसागत छलफलका लागि डिजिटल फोरमको विकास। |

### ३.१२.४ प्रमुख कार्यक्रम तथा भौतिक लक्ष्य

| कार्यक्रम | पहिलो ५ वर्ष (२०८४) | दोस्रो ५ वर्ष (२०८९) | समन्वय/साझेदारी |
|---|---|---|---|
| विद्यालयमा निःशुल्क इन्टरनेट | ५ पटक (पूर्ण) | ५ पटक (निरन्तर) | संघ/प्रदेश/ISP |
| ICT ल्याब स्थापना | २० वटा | ८ वटा (थप/अपग्रेड) | - |
| शिक्षक डिजिटल तालिम | ५ पटक | ५ पटक | - |

| | | | |
|---|---|---|---|
| अनलाइन सिकाइ सामग्री विकास | ५०० सङ्ख्या | १००० सङ्ख्या | - |
| नियमित विद्युत आपूर्ति व्यवस्था | २८ विद्यालय | २८ विद्यालय | स्थानीय विद्युत प्राधिकरण |

### ३.१२.५ *अपेक्षित उपलब्धिहरू*

१. **प्रविधिमैत्री विद्यालय:** सबै सामुदायिक विद्यालयहरूमा इन्टरनेट सुविधा र ICT प्रयोगशालाको पहुँच सुनिश्चित हुने।

२. **सक्षम जनशक्ति:** शत-प्रतिशत शिक्षक र कर्मचारीहरू डिजिटल साक्षर भई प्रविधिको उपयोग गर्न सक्षम हुने।

३. **डिजिटल पोर्टल:** पालिका स्तरमा स्तरीय डिजिटल सिकाइ सामग्रीहरू (Portal/Repository) को निर्माण र प्रयोग।

४. **पारदर्शिता:** शैक्षिक व्यवस्थापन सूचना प्रणाली (EMIS) पूर्णरूपमा डिजिटल भई रिपोर्टिङ र सेवा प्रवाहमा प्रभावकारिता आउने।

५. **निरन्तर सिकाइ:** विद्यालय बन्द वा अन्य बाह्य कारणले सिकाइ अवरुद्ध नहुने गरी 'हाइब्रिड लर्निङ' को अवस्था सिर्जना हुने।

**कार्यान्वयनका लागि विशेष सुझावहरू:**

- **SMART Classroom:** नगरपालिकाले कम्तीमा प्रत्येक माध्यमिक विद्यालयमा 'स्मार्ट बोर्ड' वा 'प्रोजेक्टर' सहितको कम्तीमा एउटा स्मार्ट कक्षाकोठाको अवधारणा कार्यान्वयन गर्नुपर्छ।
- **इन्टरनेटको दरबन्दी:** विद्यालयहरूलाई उच्च गतिको 'डेडिकेटेड' इन्टरनेट लाइनका लागि नगरपालिकाले सेवा प्रदायकसँग सहकार्य गरी विशेष सहुलियतको व्यवस्था मिलाउनुपर्छ।
- **कन्टेन्ट बैंक (Content Bank):** शिक्षकहरूले बनाएका उत्कृष्ट डिजिटल सामग्रीहरूलाई एउटै डिजिटल बैंकमा राख्ने व्यवस्था गरी सबै विद्यालयले प्रयोग गर्ने वातावरण बनाउनुपर्छ।
- **मेन्टर शिक्षक:** विद्यालयमा प्रविधिमा दख्खल राख्ने शिक्षकलाई 'ICT मेन्टर' का रूपमा तोकी अन्य शिक्षकहरूलाई सहजीकरण गर्ने व्यवस्था मिलाउनु प्रभावकारी हुन्छ।
- **सुरक्षित प्रयोग:** विद्यार्थी र शिक्षकका लागि अनलाइन सुरक्षा (Cyber Safety) सम्बन्धी सचेतना कार्यक्रम अनिवार्य रूपमा सञ्चालन गर्नुपर्छ।

## ३.१३ आपतकालीन शिक्षा

नेपालको संविधानले अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा, निःशुल्क माध्यमिक शिक्षाको प्राबधान गरेको छ। त्यसैगरी सुविधाविहीन तथा अपाङ्गता भएकाहरूलाई निःशुल्क उच्च शिक्षाको सुनिश्चितता गरेको छ। बालबालिकामाथि हुने विभेद, सजाय र दुराचारलाई निषेध पनि गरेको छ। अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ र नियमावली, २०७७ जारी गरी कुनै पनि अवस्थामा विपद तथा प्राक्रितिक प्रकोप, महामारी, द्वन्द एवम् युद्धको अवस्थामा बालबालिकाको सिक्न पाउने अधिकारलाई संरक्षण गर्नु पर्ने कानुनी दायित्व प्रदान गरेको अवस्था छ।

सिकाइलाई निरन्तरता दिने वैकल्पिक उपाय सहितको शैक्षिक कार्यक्रमलाई आपतकालीन शिक्षाका रूपमा लिने गरिन्छ। विभिन्न कारणले उत्पन्न सङ्कटकालीन अवस्थामा बालबालिकालाई सुरक्षित राख्नु पर्छ। त्यसै गरी विपद का समयमा बालबालिकाहरूको शैक्षिक निरन्तरता अत्यावश्यक हुन्छ। शिक्षा क्षेत्रलाई निर्वाध रूपमा क्रियाशील रहने गरी शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्नु पर्छ।

आपतकालिन शिक्षामा जोखिमको पूर्व तयारी (Preparedness), क्षति कम हुने गरी तत्कालको व्यवस्थापन (Response) र आपतकाल पश्चात क्षतिको आपूरण (Recovery) जस्ता पक्षहरू समेटिएको हुन्छ। विशेषगरी लामो द्वन्द्वको परिवेश, विनाशकारी भूकम्प, आगलागी, बाढी लगायतका विभिन्न समय र स्थानमा घट्नसक्ने प्राकृतिक प्रकोप, कोभिड-१९ जस्ता महामारीको प्रभावका कारण बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकार कुण्ठित हुन नदिन र शैक्षिक अवरोध हटाइ शैक्षिक निरन्तरता प्रदान गर्न आपतकालिन शिक्षाको योजना तथा कार्यक्रम अत्यावश्यक हुन्छ।

सन् २०१५ को सेप्टेम्बरमा संयुक्त राष्ट्रसंघका १९३ सदस्य राष्ट्रहरुको साधारण सभाको शिखर सम्मेलनले दिगो विकासका १७ लक्ष्य तय गरेको थियो। यसले कूल १६९ सहायक लक्ष्यहरु निर्धारण गरेको थियो। नेपालले पनि सबैका लागि समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने र जीवनपर्यन्त सिकाइका अवसरहरू प्रवर्धन गर्ने लक्ष हासिल गर्ने प्रतिवद्धता जाहेर गरेको छ। यसका लागि राष्ट्रिय कार्ययोजना तयार गरी रहेको छ। नेपाल पनि संयुक्तराष्ट्र संघको सदस्य भएको नाताले उक्त लक्ष्य प्राप्त गर्नका लागि सम्बन्धित क्षेत्रमा आवश्यक योजनासहित प्रस्तुत हुनु पर्नअवस्थाका रकारण हालै मात्र कार्यान्वयनमा आएको शिक्षा क्षेत्र सुधार योजनाले पनि दिगो विकास लक्षलाई केन्द्र विन्दुमा राखेको छ।

विश्वभर जलवायु परिवर्तनले भूमण्डलिय तापक्रम वृद्धि हुँदै गएको छ। यसले गर्दा मौसम, बेमौसम अल्प तथा अति वृष्टि जस्ता लक्षणहरू देखा परेका छन्। बाढीको समस्या पनि बढदै गएको छ। नेपालका पहाडहरूमा ठूला पहिरोहरू गएर मानवीय क्षति भएका प्रशस्त घटनाहरू बृद्धि हुँदैगएका छन्। प्रत्येक वर्ष तापक्रममा बृद्धि भएर खडेरी, महामारी र भूखमरीको समस्या पनि बढदै गैरहेकोअवस्था विद्यमान रहेको छ।

नेपालको सन्दर्भमा आपतकालिन शिक्षाका सम्बन्धमा विभिन्न् ऐन तथा कानुनले योजना तथा कार्यक्रम सञ्चालनका लागि मार्गदर्शन प्रदान गरेको अवस्था छ। संविधानले अनिवार्य तथा निःशुल्क शिक्षाको व्यवस्था गरेको छ। यसको कार्यान्वयनमा लागि अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ तथा निशःशुलक शिक्षा नियमावली २०७७ जारी भएका छन् । यी ऐन तथा नियमावलीहरूले छात्रवृत्ति, दिवा खाजाको प्रवन्ध बालबालिकालाई शारीरिक सजाय तथा मानसिक उत्पीडनबाट उन्मुक्ति हेपाइ तथा यौन दुराचारबाट मुक्ति लगायतका विषयमा कानुनी व्यवस्था गरेकाले पनि बलबालिकाहश्रङ्को शैक्षिक निरन्तरता विपद तथा महामारीमा समेत गर्नु पर्ने अवस्था रहेको छ।

### *३.१३.१ वर्तमान अवस्था र समस्याहरू*

- **पूर्वाधार जोखिम:** विद्यालय भवनहरू भूकम्प प्रतिरोधी नहुनु र कतिपय विद्यालय जोखिमपूर्ण जमिनमा अवस्थित रहनु।
- **पूर्वतयारीको कमी:** विपद् व्यवस्थापन सम्बन्धी पूर्वतयारी, प्रतिकार्य योजना (Response Plan) र सचेतनाको अभाव।
- **संस्थागत समन्वय:** विपद् व्यवस्थापनमा संलग्न सरकारी र गैर-सरकारी संस्थाहरूबीच समन्वयको कमी।
- **मनोसामाजिक समस्या:** विपद्को समयमा बालबालिकालाई आवश्यक पर्ने मनोसामाजिक परामर्श (Psychosocial Support) को व्यवस्था नहुनु।

### *३.१३.२ रणनीतिक उद्देश्य*

- विपद् र संकटको अवस्थामा बालबालिकाको सुरक्षा र शिक्षा पाउने संवैधानिक अधिकारको सुनिश्चितता गर्ने।
- विद्यालयलाई सुरक्षित र उत्थानशील (Resilient) संरचनाका रूपमा विकास गर्ने।
- विपद्को समयमा पनि सिकाइको निरन्तरता सुनिश्चित गर्न वैकल्पिक सिकाइ प्रणालीको विकास गर्ने ।

### *३.१३.३ रणनीति र कार्यनीतिहरू*

| **रणनीति** | **मुख्य कार्यनीतिहरू** |
|---|---|
| **१. मूल्याङ्कन र योजना** | विद्यालयको संकटापन्नता मूल्याङ्कन (VCA) गरी 'विद्यालय सुरक्षा योजना' र 'आपतकालीन शिक्षा योजना' लागू गर्ने। |
| **२. भौतिक सुधार** | विद्यालय भवनहरूको भूकम्प प्रतिरोधी मापदण्ड अनुरुप रेट्रोफिटिङ वा पुनर्निर्माण गर्ने। |
| **३. क्षमता विकास** | शिक्षक, प्रअ र विद्यालय व्यवस्थापन समितिलाई विपद् व्यवस्थापन र मनोसामाजिक परामर्श तालिम प्रदान गर्ने। |
| **४. आकस्मिक प्रबन्ध** | पालिकास्तरमा विपद् राहत सामग्री भण्डारण, 'आपतकालीन सहायता डेस्क' र सिकाइ निरन्तरताको व्यवस्था गर्ने। |

### ३.१३.४ *प्रमुख कार्यक्रम तथा भौतिक लक्ष्य*

| **कार्यक्रम** | **पहिलो ५ वर्ष (२०८४)** | **दोस्रो ५ वर्ष (२०८९)** | **समन्वय/साझेदारी** |
|---|---|---|---|
| विपद् प्रतिरोधी विद्यालय निर्माण | २८ वटा | २८ वटा | संघ/प्रदेश |
| प्रअ/विव्यस क्षमता विकास | १०० जना | २०० जना | - |
| अभिभावक सचेतना कार्यक्रम | ५००० जना | ५००० जना | गैर-सरकारी निकाय |
| आपतकालीन सहायता डेस्क | १ वटा | १ वटा | स्वास्थ्य केन्द्र |
| मनोसामाजिक परामर्श कार्यक्रम | १०० पटक | १०० पटक | - |

### ३.१३.५ *अपेक्षित उपलब्धिहरू*

१. **सुरक्षित सिकाइ वातावरण:** सबै विद्यालयहरू विपद् प्रतिरोधी मापदण्ड अनुसार सञ्चालन हुने।
२. **सबल व्यवस्थापन:** प्रत्येक विद्यालयमा आफ्नै 'विपद् प्रतिकार्य योजना' लागू भई कार्यान्वयनमा आउने।
३. **निरन्तरताको सुनिश्चितता:** विपद्को समयमा पनि राहत सामग्री र वैकल्पिक सिकाइ विधिमार्फत शैक्षिक क्षति न्यूनीकरण हुने।
४. **मनोसामाजिक सुरक्षा:** विपद् प्रभावित विद्यार्थी तथा शिक्षकहरूका लागि परामर्श सेवा उपलब्ध हुने।
५. **सचेत समुदाय:** अभिभावक र विद्यालय व्यवस्थापन समिति विपद् पूर्वतयारी र उत्थानशीलतामा दक्ष हुने।

**कार्यान्वयनका लागि विशेष सुझावहरू:**

- **हरित विद्यालय अभियान (Green School):** विद्यालय परिसरमा वातावरणमैत्री र विपद् न्यूनीकरण गर्ने खालका रुख-विरुवा लगाउने तथा जलवायु परिवर्तन सम्बन्धी सचेतना फैलाउने।
- **भण्डारण व्यवस्थापन:** पालिकाले विद्यालयहरूमा मात्र भर नपरी कम्तीमा एउटा 'सेन्ट्रलाइज्ड आपतकालीन स्टोर' बनाउनुपर्छ, जहाँ विद्यार्थीका लागि आवश्यक कापी, कलम, औषधी, सेनिटाइजर लगायतका सामग्री सधैं स्टक रहनुपर्छ।
- **रेडियो र डिजिटल सिकाइ:** विपद्को समयमा भौतिक उपस्थिति सम्भव नहुँदा रेडियो वा स्थानीय डिजिटल माध्यमबाट सिकाइ निरन्तरता दिने 'अल्टरनेटिभ लर्निङ च्यानल' को विकास गरिराख्नुपर्छ।
- **मनोसामाजिक परामर्श डेस्क:** विद्यालयमा कम्तीमा एकजना तालिम प्राप्त शिक्षकलाई 'फोकल पर्सन' को रूपमा तोकी मनोसामाजिक परामर्शको व्यवस्था गर्नुपर्छ।
- **नियमित अभ्यास (Mock Drill):** प्रत्येक वर्ष कम्तीमा दुई पटक भूकम्प वा आगलागी सम्बन्धी 'मॉक ड्रिल' विद्यालयमा अनिवार्य गराउनुपर्छ।

# परिच्छेद ४
# संस्थागत संरचना र क्षमता विकास

नगरपालिकाले यस दीर्घकालिन शिक्षा योजना अनुसार कार्यक्रम विकास, कार्यान्वयन तथा अनुगमन र मूल्याङ्कन कार्यलाई व्यवस्थित गर्न जरुरी छ। यसका लागि महानगरको संस्थागत सुधार तथा क्षमता विकास गर्नुपर्छ। गुणस्तरीय शिक्षाको सुनिश्चितताका लागि पनि संस्थागत सुधार अत्यावश्यक छ। हाल नगरमा भएको जनशक्ति प्रत्येक वडामा रहेको जनशक्तिले नयाँ शिक्षा योजनाको दीर्घकालिन लक्ष्य, दूरदृष्टिले परिकल्पना गरे अनुसारको सेवा प्रवाह हुन सक्ने अवस्था नभएकाले संस्थागत सुधार अपरिहार्य छ।

शिक्षा एक पद्धतिमा सञ्चालित हुन्छ । पद्धति विकासका लागि संस्थामा सम्बद्ध मानवीय, भौतिक एवंम व्यवस्थापकीय पक्षहरुको उचित व्यवस्थापन गरिनु वर्छ। यी पक्षहरुको प्रभावकारी संयोजनबाट मात्र अपेक्षीत लक्ष्य हासिल गर्न सकिन्छ । यसरी संस्थाको मानवीय आर्थिक भौतिक तथा व्वस्थापकीय पक्षहरूको प्रभावकारी व्यवस्थापनको पक्षलाई  शासकीय प्रबन्ध भन्ने गरिन्छ। त्यससैले पालिकाको आवश्यक जनशक्ति र संरचना विकास गर्नु र संरचना अनुसार कार्यरत पदाधिकारीहरूको सक्षमता विकास अपरिहार्य हुने गर्छ। योजना, सङ्गठन, निर्देशन तथा नियन्त्रणका पक्षहरूमा संस्थामा कार्यरत पदाधिकारीहरूले सही समयमा उपयुक्त निर्णय लिन सक्ने र निर्णयप्रति उक्त निर्णयबाट प्रभावित सेवाग्राही प्रति जवाफदेहिता विकास गर्नु पर्ने पक्ष संस्थागत विकास भित्र पर्छ। शिक्षाको योजनाले  शैक्षिक क्षेत्रमा आवश्यक पर्ने पारदर्शीता, समावेशीता, उत्तरदायित्व र जवाफदेहिताहरुको खोजी, बालबालिकाको सिकाइस्तरमा सुधार र सम्बद्ध सरोकारवालाहरुको कार्यकुशलतामा अभिवृद्धि गरी योजनाले अपेक्षा गरेको उद्देश्य तथा लक्ष हासिल गर्नु पर्ने हन्छ।

नेपालको संविधान २०७२ ले स्थानीय तहलाई २२ ओटा एकल अचिकार र १५ ओटा साझा अधिकारहरू प्रदत्त गरेको छ। त्यसै गरी स्थानीय तहलाई सेवा सञ्चालनको लागि अत्यावश्कय खर्चको व्यवस्थापन गर्ने जिम्मेवारी र राजस्व सङ्कलन तथा व्यवस्थापन गर्ने अधिकार समेत प्रदान गरेको अवस्थामा यी अधिकारहरूको प्रभावकारी कार्यान्वयन गर्ने क्रममा स्थानीय तहमा अत्यावश्यक सक्षमताहरूको अवस्था भने कमजोर रहेको अवस्था छ । नगर पालिकाबाट प्रदान गरिने सेवा प्रवाहलाई जनउत्तरदायी बनाउन, सहज सेवसुलभ र प्रभावकारी बनाउन,  संस्थागत क्षमताको अत्यन्त ठूलो भूमिका रहने भएकाले योजनाले सस्थागत क्षमताको आकलन गरी अत्यावश्यक क्षमताको विकास गर्न अत्यावश्यक हुन्छ।

हाम्रो संविधानले विद्यालय शिक्षालाई एकल अधिकारको सूचीमा राखेको छ। शिक्षा तिनै तहको साझा सूचिमा समेत समेटिएको छ । यस सन्दर्भमा विद्यालय शिक्षाप्रति स्थानीय तहको दायित्व अहम् देखिन्छ । आफ्नो समुदायका नागरिकको शिक्षा प्राप्त गर्ने हक सूनिश्चित गर्न आवश्यक प्रबन्ध गर्ने अवसर सबै  स्थानीय तहमा रहेको छ।  विद्यालय शिक्षाको व्यवस्थापनमा सुधार गर्दै शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने जिम्मेवारी स्थानीय तहमा रहेको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहलाई विविध अधिकार प्रदान गरेको छ। उक्त ऐनमा  उल्लेख भएको काम, कर्तव्य र अधिकारको प्रभावकारी कार्यान्वयनका लागि पालिकाको

संस्थागत संरचनामा सुधार तथा क्षमता विकास अपरिहार्य हुन आउँछ। आगामि दिनमा नगरपालिकाको निम्न क्षेत्रहरुमा क्षमता निर्माण गरी क्षमता विकास गर्नु उपयुक्त हुन्छ।

(क) **कानुन निर्माणः** नगरपालिकाले विभिन्न प्रकारका कानुन तथा कार्यविधिहरू तय गरेको अवस्था छ। तर पनि शिक्षा ऐन तथा नियमावली समावेशी शिक्षा नीति लगायतका कतिपय कानुन तथा निर्देशिकाहरू निर्माण गर्नु पर्ने अवस्था रहेको छ। यसका लागि नगर पालिका भित्र रहेको शिक्षा युवा तथा खेलकूद शाखामा कार्यरत पदाधिकारीहरूको सक्षमता विकास अनिवार्य देखिन्छ।

(ख) **योजना, कार्यक्रम र तथ्याङ्क व्यवस्थापनः** योजना, कार्यक्रम र तथ्याङ्क व्यवस्थापनका लागि अत्यावश्यक सक्षमताको विकास गर्नु पर्ने अवस्था रहेको छ। योजना निर्माण तथा कार्यान्वयन उपलब्ध स्रोत र साधनको सही व्यवस्थापन लगायतका पक्षहरूमा अत्यावश्यक सक्षमता विकास गर्न जरुरी देखिएको छ। सफल र उत्तरदायित्वपूर्ण रूपमा योजनाको कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन प्रणाली विकास तथा कार्यानव्वयन गर्ने सक्षमता विकासको आवश्यकता देखिएको छ।

(ग) **सेवा प्रवाहः** नागरिकले पालिकाबाट प्रदान गर्ने सेवाप्रति सन्तुष्टि पाउनु पर्छ। तर सामन्यतया सेवाग्राहीहरू पालिकाको सेवा प्रवाह प्रति सन्तुष्ट हुन सकेको अवस्था देखिदैन। स्थानीय स्तरमा नगरबासीको प्रत्यक्ष सरोकार रहन्छ। विभिन्न किसिमको सिफारिस र प्रमाणित गर्ने, नाक्सापास गर्ने, स्वास्थ्य सेवा र शिक्षा सेवा उपलब्ध गराउने,जस्ता सेवाहरू लिने गर्छन्। उनीहरूले नगर पालिकाबाट राम्रो तथा प्रभावकारी सेवा प्रवाह भएको अनुभूति गर्ने वातावरण सिजना गर्न पनि पालिकाको संस्थागत संरचना तथा कर्मचारीहरूको सक्षमता विकास गर्न अत्यावश्यक हुन्छ।

(घ) **स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयनः** हाल कक्षा ८ सम्म विद्यालयलले स्थानीय पाठ्यक्म विकास तथा कार्यान्वयन गर्नु पर्ने हुन्छ। तर यसका लागि अत्यावश्यक प्राविधिक जनशक्ति पालिकामा नभएको र अर्को तर्फ भैरहेका कर्मचारीमा स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन सम्बन्धी अत्यावश्यक सक्षमता नभएको अवस्था विद्यमान रकेकाले यसका लागि थप सक्षमता विकास गर्न जरुरी छ। यो कार्य संघीय संरचना अन्तरगतको पाठ्यक्रम विकास केद्रसँगको समन्वयमा गर्नु जरूरी छ।

(ङ) **सामाजिक समावेशीताः** नगरपालिका भित्रका सबै बासिन्दा एकैखालका पनि हुदैनन्। सेवाग्राहीको विविधताले पनि अपेक्षा फरक पर्न सक्दछ। कतिपय अवस्थामा सेवाको उपलब्धता मात्र पनि पार्याप्त हुदैन। विषेश समुह वा वर्गलाई सेवा प्रदान गर्न उत्प्रेरित गर्ने कार्य पनि गरी रहनु पर्दछ। नगर कार्यपालिकाको कार्यालय, वडा कार्यालय र विभिन्न शाखा तथा कार्यालय वा एकाईले प्रदान गर्ने सार्वजनिक सेवाको सूधार नगरपालिका र सम्बन्धित कार्यालय, शाखा, काईको सबैले उच्च प्राथमिकता प्रदान गर्नु पर्छ। तर सामाजि समावेशिता तथा अपाङ्गता भएका बालबालिकाको शैक्षिक पहुँच सुनिश्चित गर्न र समाजिक समावेशीताको अवस्था सिर्जना गर्न अत्यावश्यक संस्थागत तथा पेसागत क्षमता पालिका भित्र देखिदैन। यसका लागि सक्षमता विकास गर्न र विकसित सक्षमताको उपयोग गर्न जरूरी छ।

(च) **आपतकालिन शिक्षाः** विपद तथा महामारीमा शिक्षालाई निरन्तरता प्रदान गर्नु पालिकाको महत्वपूर्ण कार्य जिम्मेवारीका रूपमा रहन्छ। नगरपालिका भित्र प्राकृतिक तथा गैरप्राकृतिक विपद्बाट सर्वसाधारणको जिउज्यान र सार्वजनिक, निजी तथा व्यक्तिगत सम्पत्ति, प्राकृतिक एवम् साँस्कृतिक

सम्पदा र भौतिक संरचनाको संरक्षण गर्नका लागि विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका सबै क्रियाकलापको समन्वयात्मक र प्रभावकारी रूपमा कार्यान्वयनका लागि अत्यावश्यक सक्षमता विकास गर्न पर्ने अवस्था छ । आपतकालिन शिक्षाको योजना विकास तथा कार्यान्वयनका लागि नगरपालिकाको विद्यमान सक्षमता कमजोर रहेको अवस्था छ ।

### ४.१ *वर्तमान अवस्था र समस्याहरू*

- **संरचनात्मक अभाव:** विद्यालय शिक्षाको प्रभावकारी व्यवस्थापनका लागि आवश्यक विशिष्टीकृत संरचना र जनशक्तिको कमी ।
- **सीमित सक्षमता:** स्थानीय पाठ्यक्रम निर्माण, परीक्षा व्यवस्थापन, विद्यालय सुपरीवेक्षण र आपतकालीन शिक्षा व्यवस्थापनमा प्राविधिक जनशक्तिको अभाव ।
- **समन्वयको कमी:** संघ, प्रदेश र स्थानीय सरकारबीच स्पष्ट कार्यविभाजन र समन्वय संयन्त्रको अभावमा सेवा प्रवाहमा दोहोरोपना ।
- **नीतिगत रिक्तता:** स्थानीय शिक्षा ऐन र नियमावलीको पूर्ण कार्यान्वयन नहुनु तथा संस्थागत सक्षमता विकास योजनाको अभाव ।

### ४.२ *रणनीतिक उद्देश्य*

- शैक्षिक व्यवस्थापनलाई पारदर्शी, जवाफदेही, नतिजामुखी र सुशासित बनाउने ।
- पालिकाको शैक्षिक सेवा प्रवाहलाई जनमैत्री र सहज पहुँचयोग्य बनाउन संस्थागत संरचनालाई सुदृढ गर्ने ।
- शैक्षिक विज्ञ समूह र दक्ष जनशक्ति परिचालन गरी विद्यालय शिक्षाको गुणस्तर अभिवृद्धि गर्ने ।

### ४.३ *रणनीति र कार्यनीतिहरू*

| **रणनीति** | **मुख्य कार्यनीतिहरू** |
|---|---|
| **१. सांगठनिक सुदृढीकरण** | संगठन तथा व्यवस्थापन (O&M) सर्भे गरी शिक्षा शाखालाई विशिष्टीकृत बनाउने । |
| **२. जनशक्ति व्यवस्थापन** | शिक्षक सहायता प्रणाली र विज्ञ समूह (Expert Group) गठन गरी कार्यस्थलमै सहयोग पुर्‍याउने । |
| **३. नेतृत्व विकास** | प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूको नेतृत्व तथा क्षमता विकास तालिम । |
| **४. सुशासन र जवाफदेहिता** | प्रधानाध्यापकसँग 'कार्यसम्पादन करार' (Performance Contract) लागू गरी जवाफदेहिता सुनिश्चित गर्ने । |

### ४.४ *संस्थागत सुधारका प्राथमिकताहरू*

- **कानुन निर्माण:** नगर शिक्षा ऐन र नियमावलीलाई समयसापेक्ष परिमार्जन गरी कार्यान्वयन गर्ने ।
- **स्थानीय पाठ्यक्रम:** पाठ्यक्रम विकास केन्द्रसँग समन्वय गरी स्थानीय स्तरमै पाठ्यक्रम निर्माण र कार्यान्वयन गर्न सक्ने प्राविधिक क्षमताको विकास गर्ने ।

- **समावेशिता:** अपाङ्गता भएका र सीमान्तकृत वर्गको शैक्षिक पहुँच सुनिश्चित गर्न विशेष क्षमतायुक्त संरचनाको निर्माण।
- **आपतकालीन व्यवस्थापन:** विपद्का समयमा शिक्षालाई निरन्तरता दिन 'आपतकालीन शिक्षा इकाइ' र जनशक्तिको क्षमता विकास।

४.५ ***अपेक्षित उपलब्धिहरू***

१. **नतिजामुखी सुशासन:** शैक्षिक व्यवस्थापन पारदर्शी, पारदर्शी र पूर्णतः जवाफदेही हुने।

२. **सबल संरचना:** वडा तहसम्म शिक्षा व्यवस्थापनको पहुँच पुग्ने र विद्यालयहरूमा प्राविधिक सहयोगको सहज उपलब्धता।

३. **दक्ष नेतृत्व:** प्रधानाध्यापक र विव्यस पदाधिकारीहरू सक्षम नेतृत्व प्रदान गर्न सक्ने अवस्थामा हुने।

४. **सहज सेवा प्रवाह:** नागरिकले पालिकाबाट पाउने शैक्षिक सिफारिस, प्रमाणीकरण र अन्य सेवाहरू सहज र छिटो प्राप्त गर्ने।

**कार्यान्वयनका लागि विशेष सुझावहरू:**

- **शिक्षा शाखाको विशिष्टीकरण:** शिक्षा शाखालाई प्रशासनमुखी भन्दा बढी 'एकेडेमिक र सुपरिवेक्षण' मुखी बनाउनु आवश्यक छ। यसका लागि शैक्षिक अनुसन्धान र अनुगमन गर्न सक्ने जनशक्ति राख्नुपर्छ।
- **कार्यसम्पादन करार:** प्रधानाध्यापकलाई नियुक्त गर्दा नै स्पष्ट कार्ययोजना र लक्ष्य (KPIs) सहित करार सम्झौता गर्नु संस्थागत सुधारको सबैभन्दा प्रभावकारी औजार हो।
- **डिजिटल ई-गभर्नेन्स:** शैक्षिक व्यवस्थापन प्रणाली (EMIS) लाई वडा तहसम्म एकीकृत गरी तथ्याङ्क व्यवस्थापनलाई पूर्णतः डिजिटल बनाउनुहोस्।
- **विज्ञ समूह (Roster of Experts):** स्थानीय स्तरमा सेवानिवृत्त प्रधानाध्यापक, शिक्षाविद् र विषय विज्ञहरूको एउटा 'रोष्टर' तयार पारी विद्यालयहरूमा आवश्यकता अनुसार परिचालन गर्ने नीति लिनुहोस्।

## ४.६ संस्थागत संरचना

शिक्षा युवा तथा खेलकूद शाखा

(क) पालिकामा एक शैक्षिक व्यवस्थापन महाशाखा रहने छ र यसको नेतृत्व शिक्षा प्रशासन तर्फको राजपत्राङ्कित द्वीतय श्रेणीले गर्नेछ।

(ख) शैक्षिक व्यवस्थापन महाशाखा अन्तरगत विद्यालय प्रशासन र शिक्षक व्यवस्थापन शाखा, अनौपचारिक तथा वैकल्पिक शिक्षा शाखा, परीक्षा तथा मूल्याङ्कन शाखा, तथ्याङ्क तथा शैक्षिक सूचना शाखा, योजना तथा अनुगमन शाखा रहनेछन् । प्रत्येक शाखाको नेतृत्व कम्तीमा अधिकृतस्तरको कर्मचारीले गर्ने गरी व्यवस्थापन गरिनेछ।

(ग) प्रत्येक वडामा शिक्षा सम्बन्धी कार्य सम्पादनका लागि एक शिक्षा अधिकृतको व्यवस्था गरिने छ

विज्ञ समूह

(क) नगरपालिकाले स्थानीय तहमा उपलब्ध शिक्षा, व्यवस्थापन, परीक्षा र मूल्याङ्कन, पाठ्यक्रम तथा पाठ्यसामग्री विकास, शैक्षिक सुपरीवेक्षण तथा अनुगमन, अनौपचारिक तथा वैकल्पिक शिक्षा जस्ता विषय क्षेत्रमा अनुभवी विज्ञहरूको एक रोष्टर तयार गरी कार्यान्वयनमा ल्याउनेछ।

(ख) नगरपालिकाका विभिन्न शैक्षिक कार्यक्रमहरू सञ्चालन तथा व्यवस्थापन कार्यमा आवश्यकताअनुसार विज्ञ समूह परिचालन गरी विज्ञताको उपयोग गरिनेछ।

(ग) आवधिक रूपमा विज्ञसमूहको अद्यावधिक गरिनेछ।

(घ) विज्ञसमूहको काम कर्तव्य र जिम्मेवारी नगरपालिकाबाट तय गरिनेछ।

अनुगमन समिति

(क) नगरपालिकामा शिक्षा युवा तथा खेलकूद शाखाको शाखा प्रमुखको संयोजकत्वमा एक अनुगमन समिति रहने छ।

(ख) अनुगमन समितिमा शिक्षा अधिकृत, विज्ञ समूहका प्रतिनिधि, सामुदायिक र संस्थागत विद्यालयका प्रधानाध्यापकहरू मध्येबाट एक एक जना, सम्बन्धित वडाको वडाध्यक्ष समेतको प्रतिनिधित्व रहनेछ।

(ग) अनुगमन समितिले विद्यालयहरूको कार्ययोजनाका आधारमा अनुगमन गरी सुधारका लागि आवश्यक सुझाव दिनेछ।

(घ) नगर पालिकाले अनुगमन समितिको काम तथा जिम्मेवारी तय गरी अनुगमन समितिलाई परिचालन गर्ने छ।

आधारभूत तह परीक्षा सञ्चालन समिति

(क) नगरपालिकामा प्रमुख वा प्रशासकीय अधिकृतको अध्यक्षतामा एक आधारमूत तह परीक्षा सञ्चालन रहने छ।

(ख) परीक्षा सञ्चालन समितिले पालिकाले आधारभूत तहको परीक्षा सञ्चालन सम्बन्धी नीति तथा प्रक्रिया निर्धारण गर्ने छ ।

(ग) परीक्षा सञ्चालन समितिले संघ तथा प्रदेश सरकारमातहत सञ्चालन हुने कक्षा १० र कक्षा १२को परीक्षा सञ्चालन तथा व्यवस्थापनमा आवश्यक सहजीकरण गर्ने छ ।

(घ) समितिले अनौपचारिक रूपमा सिकेका ज्ञान तथा सीप प्रमाणीकरण गर्ने कार्यमा संघ तथा प्रदेश सरकारसँग समन्वय गर्ने छ ।

(ङ) यसको गठन तथा काम कर्तव्य र अधिकार नगरपालिकाले व्यवस्था गरे अनुसार हुने छ ।

पालिकाले आफ्ना कर्मचारी र शैक्षिक पदाधिकारीहरूको क्षमता अभिवृद्धि गर्न निम्न रणनीतिहरू अपनाउनेछ:

१. **आवश्यकतामा आधारित तालिम:** कर्मचारीहरूको कार्यक्षेत्र अनुसार 'सक्षमता विकास आवश्यकता पहिचान' (TNA) गरी छोटो तथा लामो अवधिका तालिम सञ्चालन गरिनेछ ।

२. **अनलाइन कोर्षमा प्रोत्साहन:** डिजिटल साक्षरता र पेसागत विकासका लागि कर्मचारीहरूलाई अनलाइन कोर्ष लिन प्रोत्साहन र सहजीकरण गरिनेछ ।

३. **नेतृत्व विकास:** प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी र लैङ्गिक सम्पर्क विन्दु (Gender Focal Point) तोकिएका शिक्षकहरूको नेतृत्व क्षमता अभिवृद्धि गरिनेछ ।

४. **सहकार्य:** संस्थागत क्षमता विकासका लागि प्रदेश र संघीय सरकारका निकायहरूसँग निरन्तर समन्वय र सहकार्य गरिनेछ ।

### ४.६.१ प्रमुख कार्यक्रम तथा भौतिक लक्ष्य

| **प्रमुख कार्यक्रम** | **पहिलो ५ वर्ष (२०८४)** | **दोस्रो ५ वर्ष (२०८९)** |
|---|---|---|
| नगर शिक्षा ऐन तथा नियमावली निर्माण | १ पटक | अद्यावधिक |
| सङ्गठन तथा व्यवस्थापन (O&M) सर्भे | १ पटक | १ पटक |
| प्रधानाध्यापकसँग कार्यसम्पादन करार | २८ पटक | २८ पटक |
| शैक्षिक अनुगमन तथा पृष्ठपोषण | १० पटक | १० पटक |
| सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाइ | ५ पटक | ५ पटक |
| वेवपेज विकास र अद्यावधिक | ५ पटक | ५ पटक |

### ४.६.२ अपेक्षित उपलब्धिहरू (Expected Outcomes)

यस योजनाको कार्यान्वयनबाट नगरपालिकामा निम्न नतिजाहरू प्राप्त हुने अपेक्षा गरिएको छ:

- **कानुनी आधार:** नगर शिक्षा ऐन तथा नियमावलीको पूर्ण कार्यान्वयन ।

- **नतिजामुखी प्रशासन:** कार्यसम्पादन करारमार्फत प्रधानाध्यापकहरू जिम्मेवार र जवाफदेही हुने।
- **पारदर्शिता:** शैक्षिक कार्यक्रमको प्रगति र विवरण वेवपेज मार्फत सार्वजनिक भई सरोकारवालाको पहुँच सुनिश्चित हुने।
- **सहभागितामूलक सुशासन:** अनुगमन समिति र विज्ञ समूहको सक्रिय परिचालनले शैक्षिक गुणस्तरमा सुधार आउने।
- **सबल सेवा प्रवाह:** कर्मचारीहरूको क्षमता विकास भई सेवाग्राहीले नतिजामुखी र छिटो-छरितो सेवा प्राप्त गर्ने।
- **लैङ्गिक समावेशिता:** प्रत्येक विद्यालयमा लैङ्गिक सम्पर्क विन्दुमार्फत बालबालिकाको सुरक्षा र परामर्श सेवा सुनिश्चित हुने।

**थप कार्यान्वयनका लागि सुझावहरू:**

- **डिजिटल सुशासन:** संस्थागत क्षमता वृद्धिका लागि पालिकाले 'शिक्षा व्यवस्थापन सूचना प्रणाली' (EMIS) लाई वडा र विद्यालय तहसम्म पूर्ण डिजिटलाइज्ड गर्नुपर्छ।
- **निरन्तर अनुगमन:** अनुगमन समितिलाई केवल 'निरीक्षण' मा मात्र नभई विद्यालयहरूलाई 'सहजीकरण र मेन्टरिङ' गर्ने भूमिकामा केन्द्रित गराउनु उपयुक्त हुन्छ।
- **सार्वजनिक परीक्षण:** वर्षको कम्तीमा एक पटक विद्यालय र नगरपालिकाको शैक्षिक उपलब्धिमाथि सार्वजनिक सुनुवाइ अनिवार्य गर्नाले सुशासनको स्तर बढ्नेछ।

# परिच्छेद पाँच
# लगानी र स्रोत व्यवस्थापन

## ५.१ परिचय र औचित्य

नगरपालिकाको समग्र विकासका लागि शिक्षा क्षेत्र मुख्य आधारका रूपमा रहेको हुन्छ । शिक्षामा गरिने लगानीको प्रतिफल प्रत्यक्ष रूपमा तत्काल विश्लेषण गर्न कठिनाइ हुने भएता पनि यसबाट हुने प्रारम्भिक असरहरू आँकलन गर्न सकिन्छ । यसबाट दिर्घकालसम्म पार्ने असर र अन्य क्षेत्रहरूमा पार्ने सकारात्मक प्रभावहरू निकै महत्वपूर्ण हुन्छन् । नगरपालिकाको दीगो आर्थिक विकास र समुन्नतिका लागि अत्यावश्यक जनशक्तिको आपूर्ति, सरोकारवालाहरूको सशक्तीकरण र विकास प्रक्रियामा सक्रिय सहभागिता, दीगो विकासका लक्ष्यहरूको प्राप्तिमा सहजीकरण जस्ता पक्षहरूमा शिक्षा क्षेत्रले खेल्ने भूमिका अहम् रहन्छ । यसका लागि शिक्षा क्षेत्रमा गरिने लगानी प्रमुख कारकको रूपमा रहेको कुरा अन्तर्राष्ट्रिय स्तरमा नै स्थापित भैसकेको छ । विभिन्न मुलुकहरूले शिक्षा क्षेत्रमा उच्च प्राथमिकतासहित लगानी गर्दै आइरहेको र यसबाट मुलुकको आर्थिक विकास र समृद्धि उच्चतहमा पुगेका प्रशस्त उदाहरणहरू छन् ।

नेपालको संविधानले पनि आधारभूत तथा माध्यमिक तहसम्मको शैक्षिक व्यवस्थापन स्थानीय तहको कार्यक्षेत्रमा निर्धारण गरेतापनि प्रदेश तथा संघले खेल्नुपर्ने भूमिका साझा अधिकारको सूचीमा राखेबाट नै पुष्टि हुन्छ । यसै सन्दर्भमा राष्ट्रिय बजेटमा शिक्षाको प्रतिशत लक्ष्य अनुसार विनियोजन हुन सकेको अवस्था छैन । यद्दपि स्थानीय तहको क्षेत्राधिकारमा रहेको यस क्षेत्रमा समेत शिक्षाको महत्वलाई मध्यनजर गर्दै सशर्त तथा समन्यायिक अनुदानको रूपमा वार्षिक रूपमा बजेट व्यवस्थापन हुँदै आएको छ । यस परिप्रेक्ष्यमा स्थानीय सरकारको शिक्षामा हुने लगानी स्वयम् नै अति महत्वपूर्ण रहेको छ ।

यस दशवर्षीय शिक्षा योजनाको सफल कार्यान्वयनका लागि नगरपालिकाले गर्ने लगानी अपेक्षित विकास लक्ष्य हासिल गर्न निर्णायक बन्न जान्छ । अन्तर्राष्ट्रिय सन्दर्भ केलाउँदा धेरैजसो विकासोन्मुख तथा विकासशील देशहरूले शिक्षा क्षेत्रमा कम्तीमा २० प्रतिशत लगानी गर्दै आएको देखिन्छ । सङ्घीय सरकारले पनि सोही प्रतिशत लगानी गर्न प्रतिबद्धता जाहेर गरेतापनि करीब १०-१७ प्रतिशत सम्म लगानी गर्दै आएको छ । यो लगानी मूलतः सबैका लागि गुणस्तरीय तथा समावेशी शिक्षाको पहुँच सुनिश्चित गर्न अपुग रहँदै आएको छ । यस परिप्रेक्ष्यमा नगरपालिकाले शिक्षा क्षेत्रमा गर्ने लगानी कम्तीमा पनि २० प्रतिशत हुन अत्यावश्यक रहेको छ । यसका औचित्यहरू देहायबमोजिम स्थापित भएका छन् ।

क) साक्षर नगरको अवधारणालाई निरन्तरता दिने,
ख) समावेशी शैक्षिक पहुँच तथा सहभागिता र उपलब्धि सुनिश्चित गर्ने,
ग) गुणस्तरीय शिक्षाका लागि शिक्षक प्रधानाध्यापक एवम् विद्यालय व्यवस्थापन समितिका पदाधिकारी र अभिभावकको क्षमता विकास गर्ने,

घ) शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई संस्थागत गर्न विद्यालयमा आधारित आइसिटी ल्याब, महानगर केन्द्रित डिजिटल अनुसन्धान स्रोतकेन्द्र स्थापना गर्ने जस्ता नविनतम कार्यक्रमहरू सञ्चालन गर्ने,

ङ) घुम्ती पुस्तकालय, घुम्ती शिक्षक, एक विद्यालय एक पुस्तकालय, एक विद्यालय एक स्वास्थ्य परिचारिका, सिक्दै कमाउँदै कार्यक्रम, ल्यावस्कूलको अवधारणा जस्ता प्रवर्तनात्मक एवम् गुणात्मक कार्यक्रमहरू कार्यान्वयन गर्ने,

शिक्षा क्षेत्रमा गरिने लगानी नगरपालिकाको दीर्घकालीन आर्थिक विकास, सुशासन र समृद्धिको आधारस्तम्भ हो । दिगो विकासका लक्ष्यहरू (SDG 4) प्राप्त गर्न र समावेशी गुणस्तरीय शिक्षा सुनिश्चित गर्न शिक्षा क्षेत्रमा पर्याप्त लगानी अपरिहार्य छ ।

- **२० प्रतिशतको लक्ष्य:** अन्तर्राष्ट्रिय अभ्यास र राष्ट्रिय आवश्यकतालाई मध्यनजर गर्दै देवचुली नगरपालिकाले आफ्नो कुल बजेटको कम्तीमा **२० प्रतिशत** हिस्सा शिक्षा क्षेत्रमा विनियोजन गर्ने लक्ष्य लिएको छ ।
- **लगानीका प्राथमिकताहरू:**
  - 'साक्षर नगर' अभियानको निरन्तरता ।
  - समावेशी शैक्षिक पहुँच र सिकाइ उपलब्धिमा सुधार ।
  - सूचना तथा सञ्चार प्रविधि (ICT) को संस्थागत प्रयोग (ICT ल्याब, डिजिटल अनुसन्धान केन्द्र) ।
  - प्रवर्तनात्मक कार्यक्रमहरू (घुम्ती पुस्तकालय, एक विद्यालय एक स्वास्थ्य परिचारिका, सिक्दै कमाउँदै कार्यक्रम) ।

### *५.२ लगानीको अवस्था (विगत ५ वर्ष)*

| **आर्थिक वर्ष (आ.व.)** | **सशर्त अनुदान (रु.)** | **नगरपालिकाको आन्तरिक लगानी (रु.)** |
|---|---|---|
| २०७८/७९ | २२१९५८००० | ३१८००००० |
| २०७९/८० | २२६८००००० | ३२१००००० |
| २०८०/८१ | २५२८८६००० | ३४०६४००० |
| २०८१/८२ | २६०१७०००० | ४७९२७००० |
| २०८२/८३ | २६१५००००० | ४९८२५९५३ |

### *५.३ उपक्षेत्रगत लगानीको १० वर्षे प्रक्षेपण (सशर्त सहित)*

यो तालिका नगरपालिकाको दीर्घकालीन वित्तीय योजनाको आधार हो:

| **उपक्षेत्र** | **वर्ष १-३ (कुल)** | **वर्ष ४-६ (कुल)** | **वर्ष ७-१० (कुल)** | **जम्मा (१० वर्ष)** |
|---|---|---|---|---|
| बालविकास (ECED) | ५००००००० | ८००००००० | १०००००००० | २३००००००० |
| आधारभूत शिक्षा | ४६०००००००० | ५१०००००००० | ५९००००००० | १५६०००००००० |
| माध्यमिक शिक्षा | १४००००००० | १९००००००० | २५००००००० | ५८००००००० |
| प्राविधिक तथा व्यावसायिक शिक्षा | २००००००० | ४००००००० | ५००००००० | ११००००००० |
| प्रविधि (ICT) र सामग्री | २५००००००० | ४००००००० | ६५००००००० | १३००००००० |
| **जम्मा** | ६८५०००००० | ८४००००००० | १०३५०००००० | २६१०००००००० |

### ५.४ *लगानी जुटाउने स्रोतहरू (Resource Mobilization Strategy)*

१. **आन्तरिक स्रोत:** नगरपालिकाको आन्तरिक आयको निश्चित प्रतिशत शिक्षा कोषमा अनिवार्य जम्मा गर्ने।

२. **सशर्त तथा समन्यायिक अनुदान:** संघ र प्रदेश सरकारबाट प्राप्त अनुदानको प्रभावकारी उपयोग।

३. **साझेदारी (PPP Model):** निजी क्षेत्र, सहकारी, र बैंकहरूसँग 'कर्पोरेट सामाजिक उत्तरदायित्व' (CSR) अन्तर्गत शैक्षिक सामग्री र पूर्वाधार निर्माणमा सहकार्य।

४. **वैदेशिक तथा विकास साझेदार:** गैर-सरकारी संस्था (NGOs) र दातृ निकायहरूसँग शिक्षा योजनामा आधारित कार्यक्रमगत साझेदारी।

**कार्यान्वयनका लागि विशेष सुझावहरू:**

- **शिक्षा कोष स्थापना:** 'नगर शिक्षा कोष' स्थापना गरी त्यसमा नगरपालिकाको बजेट, दाताको सहयोग र अन्य स्रोतहरू एकीकृत गर्नुहोस्।
- **नतिजामा आधारित बजेटिङः** कार्यक्रमहरूलाई 'आउटपुट' र 'आउटकम' सँग जोड्नुहोस्। उदाहरणका लागि, विद्यालयको भौतिक संरचनामा मात्र होइन, विद्यार्थीको सिकाइ स्तर वृद्धि (Learning Outcomes) मा आधारित कार्यक्रममा बढी बजेट केन्द्रित गर्नुहोस्।
- **बजेट ट्र्याकिङः** शिक्षामा भएको लगानीले कति विद्यार्थीलाई लाभान्वित गऱ्यो र त्यसको सामाजिक प्रतिफल (Social Return on Investment) के भयो भन्ने कुराको वार्षिक प्रतिवेदन सार्वजनिक गर्नुहोस्।

- **पारदर्शिता:** शिक्षामा भएको लगानीको विवरण विद्यालयको वेबसाइट र सूचना पाटीमा अनिवार्य रूपमा सार्वजनिक गर्ने व्यवस्था मिलाउनुहोस् ।

## परिच्छेद छ: योजना तर्जुमा, अनुगमन तथा मूल्याङ्कन र समन्वय

नगर पालिकाले तय गरेको दीर्घकालीन सोच, दूरदृष्टि तथा लक्ष्यका आधारमा विकास योजना तर्जुमा, अनुगमन, मूल्याङ्कन समन्वय र सहजीकरण गर्नुपर्छ । योजनालाई नतिजामुखी बनाउनु पर्छ । योजना तर्जुमा तथा कार्यान्वयन पक्षा दुवै लाई विशेष ध्यान दिनु पर्छ । योजनाले परिलक्षित गरेका उपलब्धि हासिल गर्न दिगो विकासका लक्ष्यहरू प्राप्तिका लागि पनि योजना तर्जुमा तथा कार्यान्वयन पक्षलाई मजबूद बनाउनु पर्छ । योजना तर्जुमा तथा कार्यान्वयन गर्दा संघ तथा प्रदेश बाट प्राप्त निर्देशन तथा मार्गदर्शा र स्थानीय तहले तय गरेका नीति तथा कार्यक्रमको प्राथमिकताहरूलाई समेत उचित ध्यान दिनु पर्छ । त्यसै गरी संघ तथा प्रदेश सँग पनि प्रभावकारी समन्वय स्थापित गरी योजना तर्जुमा तथा कार्यानवयन गर्नु पर्छ ।

